कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित र सञ्चालित
र
नेपाल सरकार, उद्योग विभागबाट ईजाजतपत्रप्राप्त

सर्वोत्तम सिमेन्ट लिमिटेड Sarbottam Cement Limited
रजिष्टर्ड कार्यालय (कर्पोरेट) : का.म.न.पा. वडा नं. ३२ तिनकुने, सुविधानगर, काठमाण्डौ, नेपाल
फोन नं.: ०१-४१११७०९/४१११९४२ फ्याक्स नं.: ०१-४१११५६७
इमेल : info@Sarbottamcement.com वेबसाइट : www.sarbottamcement.com

को विवरणपत्र

धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा (३०) तथा कम्पनी ऐन, २०६३ को दफा (२३) र बुक विल्डिङ्ग निर्देशिका, २०७७ को दफा (१४) अन्तर्गत प्रकाशित

कम्पनीको आफ्नो जारी पूँजी रु.४,६५,००,००,०००।- (अक्षरेपी चार अर्ब पैंसट्ठी करोड रुपैयाँ मात्र) को १२.९०३३ प्रतिशतले हुन आउने रु.६००,०००,०००।- (अक्षरेपी साठी करोड मात्र) बराबरको प्रति शेयर अंकित मूल्य रु.१००।- दरको ६,०००,००० (साठी लाख मात्र) कित्ता शेयरको ४० प्रतिशत अर्थात २,४००,००० (चौबीस लाख मात्र) कित्ता शेयर बुक विल्डिङ्ग निर्देशिका, २०७७ को दफा १३ बमोजिम बुक विल्डिङ्ग विधि मार्फत प्रथम चरणमा नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त तथा नेपाल स्टक एक्सचेञ्ज लि.मा दर्ता (नविकरण समेत) भएका योग्य संस्थागत लगानीकर्ता कम्पनीहरुलाई बोलकबोल प्रणाली मार्फत निष्काशन तथा बिक्री खुल्ला गरी बाँडफाँड गरिएकोमा प्रति शेयर रु.४०१।०० को दरमा उक्त २,४००,००० कित्ता शेयर सम्पूर्ण बिक्री भई कट अफ मूल्य रु.४०१।०० निर्धारण भएकोले सोही निर्देशिकाको दफा (१४) मा सर्वसाधारणलाई धितोपत्र जारी गर्दा कट अफ मुल्यमा १० प्रतिशत छुट दिई निष्कासन गर्नुपर्ने व्यवस्था उल्लेख भए अनुसार कायम हुन आउने प्रति शेयर मूल्य रु.३६०।९० को दरमा सार्वजनिक निष्कासन गरिने ३,६००,००० (छत्तीस लाख मात्र) कित्ता साधारण शेयरमध्ये कम्पनीको जारी पूँजीको २ प्रतिशत अर्थात ९३०,००० (नौ लाख तीस हजार मात्र) कित्ता शेयर **उद्योग प्रभावित क्षेत्र नवलपरासी जिल्लाको सुनवल नगरपालिका वडा नं. ३, ४, ५, ६, ११ र १३ (साविक सुनवल नगरपालिकाको वडा नं.३, वडा नं.४, वडा नं. ५, वडा नं. ६, साविक धुरकोट गा.वि.स.को वडा नं. ६ र साविक रामनगर गा.वि.स.को वडा नं. २, ४, ५, ६ र ७) तथा खानी उत्खनन् प्रभावित क्षेत्र पाल्पा जिल्लाको रैनादेवी छहरा गाउँपालिका वडा नं. १ र २ (साविक सिद्धेश्वर गा.वि.स. का वडा नं. १, २, ४, ६, ७, ८, ९ र साविक सोमादी गा.वि.स.को वडा नं. १ र २), रिब्दीकोट गाउँपालिकाको वडा नं. २, ३, ४ र ६ (साविक देउराली गा.वि.स. वडा नं. ३, ४, ५, ६ र ७, साविक खस्यौली गा.वि.स. वडा नं. २, ४, ५, ६ र ७, साविक भैरवस्थान गा.वि.स. वडा नं. ३, ४, ६ र ७ र साविक ठिमुरे गा.वि.स. का वडा नं. ३, ८ र ९), तिनाउ गाउँपालिकाको वडा नं. १, २ र ३ (साविक कचल गा.वि.स. का १ देखि ९ सम्मका सम्पूर्ण वडाहरु र साविक दोभान गा.वि.स. का वडा नं. १, २, ३, ४, ५, ६, ७ र ९), माथागढी गाउँपालिकाको वडा नं. ७ र ८ (साविक रहवास गा.वि.स. र साविक बहादुरपुर गा.वि.स.का सम्पूर्ण वडाहरु) र निस्दी गाउँपालिकाको वडा नं. ७ (साविक ज्यामिरे गा.वि.स.का सम्पूर्ण वडाहरु)** मा बसोबास गर्ने स्थानीय बासिन्दाहरुको लागि निष्काशन गरी बाँकि रहेको २,६७०,००० (छब्बीस लाख सत्तरी हजार मात्र) कित्ता साधारण शेयरको १० प्रतिशत अर्थात २६७,००० (दुई लाख सतसट्ठी हजार मात्र) कित्ता साधारण शेयर नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी वैदेशिक रोजगारीमा रहेका नेपाली नागरिकहरुका लागि, ५ प्रतिशत अर्थात १३३,५०० (एक लाख तेत्तीस हजार मात्र) कित्ता साधारण शेयर सामूहिक लगानी कोषको लागि र ५ प्रतिशत अर्थात १३३,५०० (एक लाख तेत्तीस हजार मात्र) कित्ता साधारण शेयर कम्पनीका कर्मचारीहरुका लागि निष्काशन गरी बाँकी रहने २,१३६,००० (एक्काइस लाख छत्तीस हजार मात्र) कित्ता साधारण शेयर अन्य सर्वसाधारणको लागि धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को अधिनमा रही यसै विवरणपत्र मार्फत सार्वजनिक निष्काशन गरिएको छ ।

कथंकदाचित उद्योग प्रभावित क्षेत्र तथा खानी उत्खनन् प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुको लागि छुट्याईएको शेयर तथा वैदशिक रोजगारीमा रहिरहेका नेपाली नागरिकहरुको लागि निष्काशन गरिएको शेयर सम्पूर्ण रुपमा बिक्री नभई बाँकी रहेमा बाँकि रहेको शेयर समेत सर्वसाधारणमा निष्काशन गरिने शेयरमा थप गरी सोही अनुपातमा सामूहिक लगानी कोष, कम्पनीका कर्मचारी तथा अन्य सर्वसाधारणलाई बाँडफाँड गरिनेछ ।

वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धी व्यवस्था :

उद्योग तथा खानी उत्खनन्बाट धुलो प्रदुषण र सुक्ष्म पदार्थद्वारा ग्याँसयुक्त प्रदुषण हुने खतरा भए तापनि सो को उचित व्यवस्थापनका लागि कम्पनीले उपयुक्त स्थानहरुमा वातावरण प्रदुषण न्यूनीकरण गर्ने उद्देश्यले Electrostatic Precipitator (ESP), Pulse Jet Bag FILTER, BAGHOUSES/CYCLONES समेत जडान गरेको छ भने ठोस फोहोर व्यवस्थापन आफ्नै उद्योग परिसर भित्र गर्ने भएकाले वरिपरिको क्षेत्रमा प्रतिकुल असर नपर्ने अनुमान गरिएको छ । कम्पनीले उक्त स्थानको आर्थिक तथा सामाजिक क्षेत्रमा प्रतिकुल असर नपर्ने गरी उद्योग तथा खानी उत्खनन् क्षेत्रको स्थान चयन गरेको हो ।

नेटवर्थ सम्बन्धी विवरण :

विवरण	वास्तविक				प्रक्षेपित		
	आ.व. २०७६/७७	आ.व. २०७७/७८	आ.व. २०७८/७९	आ.व. २०७९/८०	आ.व. २०८०/८१	आ.व. २०८१/८२	आ.व. २०८२/८३
प्रति शेयर नेटवर्थ (रु.)	२४५.२२	१६०.१३	१७१.७४	१८५.३६	२०७.२२	२०४.३३	१९९.८२
प्रति शेयर आम्दानी (रु.)	३९.२८	३२.३५	११.५५	५.२८	१७.८२	२२.११	२५.४९
जगेडा तथा कोष (रु. हजारमा)	२,८७५,३७४	२,४३५,२४८	२,९०५,४३२	३,४५६,९७५	४,९८५,८१५	४,८५१,५३९	४,६४१,६५०

नोट : आ.व.२०७४/०७५ देखि कम्पनीले नेपाल वित्तीय प्रतिवेदन मान (NFRS) अनुसार वित्तीय प्रतिवेदन प्रस्तुत गरेको हुँदा आम्दानी, लागत खर्च, ह्रासकट्टी तथा प्रशासनिक खर्चहरु NFRS को मापदण्ड अनुसार लेखाङ्कन गरिएको छ ।

आ.व. २०७९/०८० असार मसान्तको लेखापरिक्षण भएको वित्तीय विवरण प्रियांक एण्ड एशोसियट्स, चार्टर्ड एकाउन्टेन्ट्स, काठमाण्डौद्वारा प्रमाणित गरिएको हो ।

बुक विल्डिङ्ग निर्देशिका, २०७७ को दफा (१३) को उपदफा (१) बमोजिम बोलकबोल प्रणाली मार्फत आवेदन दिने योग्य संस्थागत लगानीकर्ताहरुलाई २४,००,०० (अक्षरेपी चौबीस लाख मात्र) कित्ता शेयर मिति २०८०/०८/११ गते नेपाल स्टक एक्सचेञ्ज लि.मा बाँडफाँड गर्दा कट अफ मुल्य रु.४०१।०० निर्धारण भएको र सोही निर्देशिकाको दफा (१४) मा भएको व्यवस्था बमोजिम कट अफ मुल्यमा १० प्रतिशत छुट दिंदा कायम हुन आउने प्रति शेयर मूल्य रु.३६०।९० का दरले दरखास्त साथ शत्प्रतिशत भुक्तानी माग गरिएको ।

लागत सम्बन्धी विवरण :

कम्पनीको आ.व.२०७९/०८० को लेखापरिक्षण सम्पन्न भएको वित्तीय विवरण अनुसार निर्माण अवधिको ब्याज सहित जम्मा लागत रु.१२,२२०,६७९,२०९।०० रहेको छ ।

लगानीमा हुने जोखिम सम्बन्धी उद्घोषण :

धितोपत्रमा गरिने लगानीमा जोखिम हुने भएकोले त्यस्तो जोखिमको मूल्याङ्कन गर्ने प्रमुख दायित्व लगानीकर्ता स्वयंको हुनेछ र धितोपत्रको निष्काशन मूल्यले सूचीकरण पश्चात् धितोपत्र बजारमा हुने कारोबार मूल्य जनाउने हुँदा यस विवरणपत्रको दफा ग (८) पेज नं. २८ मा उल्लेखित जोखिमहरु समेत अध्ययन गरेर मात्र लगानी सम्बन्धी निर्णय लिन सुझाव गरिन्छ ।

नियमन निकायको जवाफदेहीता नरहने उद्घोषण :

यस विवरणपत्रमा उल्लेखित धितोपत्र सार्वजनिक निष्काशनको लागि तयार गरिएको यस विवरणपत्रलाई धितोपत्र सम्बन्धी ऐन, २०६३ बमोजिम नेपाल धितोपत्र बोर्डले स्वीकृति प्रदान गरेको छ । यसरी बोर्डले स्वीकृति प्रदान गरेको कारणबाट कसैले पनि नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय वा सम्बद्ध अन्य नियमनकारी निकायले विवरणपत्रमा उल्लेखित कुराको सत्यता वा निष्काशनकर्ता वा कम्पनीको आर्थिक सक्षमता वा धितोपत्रको मूल्यको बारेमा कुनै प्रकारको प्रत्याभूति गरेको वा जिम्मेवारी लिएको मानिने छैन ।

निष्काशनकर्ता कम्पनीको रेटिङ्ग सम्बन्धी विवरण :

यस विवरणपत्र अनुसार निष्काशन गरिने साधारण शेयरको लागि धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ (तेश्रो संशोधन सहित) मा भएको व्यवस्था बमोजिम क्रेडिट रेटिङ्ग नियमावली, २०६८ को नियम ३ बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था ईक्रा नेपाल लि., डिल्लीबजार, काठमाण्डौबाट इस्युअर रेटिङ्ग गराई **"[ICRANP-IR] BBB (Pronounced ICRA NP Issuer Rating Triple B)"** प्रमाणपत्र प्राप्त गरेको छ । **"[CRANP-IR] BBB"** ले समयमा नै सुरक्षित रुपले वित्तीय दायित्व वहन गर्न मध्यम स्तरको क्षमता रहेको संस्था (Moderate degree of safety regarding timely servicing of financial obligations) भन्ने बुझिन्छ । ईक्रा नेपाल लि.ले **ICRANP-IR AAA** देखि **ICRANP-IR D** सम्मको रेटिङ्ग प्रदान गर्दछ । जसमा रेटिङ्ग **"ICRANP-IR AAA"** ले Highest degree of Safety Regarding Timely Servicing of Financial Obligation जनाउँछ भन्ने **"ICRANP-IR D"** ले Default or are Expected to be in default soon भन्ने जनाउँछ । **इस्युअर रेटिङ्ग प्रदान गरेको मिति : २०८०/०३/०६ (तदनुसार जुन २१, २०२३)** **बहाल रहने अवधि : २०८१/०३/०६ (तदनुसार जुन २०, २०२४)**

यस कम्पनीका संस्थापक तथा संस्थापक शेयरधनीहरुका एकाघरको सदस्य र सञ्चालकहरुले समेत यस सार्वजनिक निष्काशनमा आवेदन दिन पाउने छैनन् ।

यस विवरणपत्र मार्फत उद्योग तथा खानी उत्खनन् प्रभावित क्षेत्रका स्थानीय बासिन्दा, कम्पनीमा कार्यरत कर्मचारीहरुका लागि बिक्री वितरण गरेको शेयर सर्वसाधारणका लागि निष्काशन गरेको शेयर बाँडफाँड भएको मितिले ३ (तीन) वर्ष पूरा नभएसम्म अरु कसैलाई बिक्री गर्न वा हस्तान्तरण गर्न वा धितोबन्धक राख्न पाइने छैन ।

सामूहिक लगानी कोष नियमावली, २०६७ बमोजिम सामूहिक लगानी कोषले खरिद गरेको धितोपत्र संगठित संस्थाले सर्वसाधारणलाई सार्वजनिक निष्काशन गरी बाँडफाँड भएको मितिले ६ (छ) महिना पुरा नभएसम्म बिक्री वा हस्तान्तरण गर्न पाउने छैन ।

नेपाल धितोपत्र बोर्डबाट विवरणपत्र स्वीकृत भएको मिति : २०८०/०९/०३ **कम्पनी रजिष्ट्रारको कार्यालयमा विवरणपत्र दर्ता भएको मिति:** २०८०/०९/११

उद्योग तथा खानी उत्खनन् प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुका लागि	वैदेशिक रोजगारमा रहेका नेपालीहरुका लागि
निष्काशन खुल्ला हुने मिति : २०८०/०९/२५	निष्काशन खुल्ला हुने मिति : २०८०/०९/२५
निष्काशन बन्द हुने मिति (छिटोमा) : २०८०/१०/१० (बैंकिङ्ग समय पश्चात्)	निष्काशन बन्द हुने मिति : २०८०/१०/१० (बैंकिङ्ग समय पश्चात्)
निष्काशन बन्द हुने मिति (ढिलोमा) : २०८०/१०/२५ (बैंकिङ्ग समय पश्चात्)	

धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक :

Global IME Capital Limited
GROW WITH US
ग्लोबल आईएमई क्यापिटल लिमिटेड, नक्साल, काठमाण्डौ
फोन नं.:०१-५९७०१३८ Email: info@gicl.com.np,
Website:www.globalimecapital.com

सह-निष्काशन तथा बिक्री प्रबन्धकहरु :

NIMB ACE CAPITAL LIMITED
एनआइएमबि एस क्यापिटल लिमिटेड
लाजिम्पाट, काठमाण्डौ
फोन नं.: ०१-४५२५२८०
Email: info@nimbacecapital.com
Website:www.nimbacecapital.com

prabhu CAPITAL
(A Subsidiary of Prabhu Bank Limited)
प्रभु क्यापिटल लिमिटेड, कमलादी, काठमाण्डौ
फोन नं.: ०१- ४१६९१००, ५७०२००
Email:info@prabhucapital.com
Website: www. prabhucapital.com

ख.१. विवरणपत्रमा प्रयोग भएका प्राविधिक तथा अन्य शब्दावलीको परिभाषा :

(क) **"विवरणपत्र"** भन्नाले संगठित संस्थाले धितोपत्रको सार्वजनिक निष्काशन गर्नु अघि ऐनको दफा (३०) बमोजिम प्रकाशन गर्नुपर्ने विवरणपत्र सम्झनु पर्दछ ।

(ख) **"धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक"** भन्नाले ग्लोबल आइएमई क्यापिटल लिमिटेडलाई सम्झनु पर्दछ ।

(ग) **"धितोपत्र सह-निष्काशन तथा बिक्री प्रबन्धक"** भन्नाले एनआइएमबि एस क्यापिटल लिमिटेड र प्रभु क्यापिटल लिमिटेडलाई सम्झनु पर्दछ ।

(घ) **"बोर्ड"** भन्नाले नेपाल धितोपत्र बोर्डलाई सम्झनु पर्दछ ।

(ङ) **"नियमन निकाय"** भन्नाले नेपाल धितोपत्र बोर्ड र कम्पनी रजिष्ट्रारको कार्यालयलाई सम्झनु पर्दछ ।

(च) **"संगठित संस्था"** भन्नाले धितोपत्रको सार्वजनिक निष्काशन गर्न सक्ने गरी प्रचलित कानून बमोजिम स्थापना भएको संगठित संस्था सम्झनु पर्दछ ।

(छ) **"कम्पनी"** भन्नाले निष्काशनकर्ता कम्पनी सर्वोत्तम सिमेन्ट लिमिटेडलाई सम्झनु पर्दछ ।

(ज) **"कम्पनीका कर्मचारीहरु"** भन्नाले सर्वोत्तम सिमेन्ट लिमिटेडका पदाधिकारीहरु लगायतका कर्मचारीहरु सम्झनु पर्दछ ।

(झ) **"निष्काशन बैंक"** भन्नाले यस निष्काशनबाट संकलन हुन आएको रकमलाई जम्मा गर्नको लागि तोकिएको बैंकलाई सम्झनु पर्दछ ।

(ञ) **"संस्थापक"** भन्नाले सर्वोत्तम सिमेन्ट लिमिटेडका संस्थापकलाई सम्झनु पर्दछ ।

(ट) **"सञ्चालक"** भन्नाले सर्वोत्तम सिमेन्ट लिमिटेडको सञ्चालकलाई सम्झनु पर्दछ ।

(ठ) **"कार्यकारी प्रमुख"** भन्नाले सर्वोत्तम सिमेन्ट लिमिटेडको प्रमुख कार्यकारी अधिकृतलाई सम्झनु पर्दछ ।

(ड) **"व्यवस्थापन"** भन्नाले सर्वोत्तम सिमेन्ट लिमिटेडको व्यवस्थापनलाई सम्झनु पर्दछ ।

(ढ) **"बुक विल्डिङ्ग विधि"** भन्नाले धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७४ को नियम २५ (ग) तथा बुक विल्डिङ्ग निर्देशिका, २०७७ बमोजिम संगठित संस्थाले धितोपत्रको प्राथमिक सार्वजनिक निष्काशन गर्दा धितोपत्रको निष्काशन मूल्य निर्धारण गरिने विधि वा प्रक्रियालाई जनाउँछ ।

(ण) **"योग्य संस्थागत लगानीकर्ता"** भन्नाले धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम २५ (ग) को उपनियम (५) नेपाल धितोपत्र बोर्डबाट स्वीकृत प्राप्त संस्था सम्झनु पर्दछ ।

(त) **"कट अफ मूल्य"** भन्नाले योग्य संस्थागत लगानीकर्ताहरुलाई बोलकबोल प्रणाली मार्फत निष्काशित सम्पूर्ण धितोपत्र बिक्री भई कायम भएको मुल्य रु. ४०१।०० लाई जनाउँछ ।

(थ) **"वित्तीय विवरण"** भन्नाले कम्पनीको वासलात, आय-व्यय विवरण, नगद प्रवाह विवरणलाई सम्झनु पर्दछ ।

(द) **"खुद सम्पत्ति (नेटवर्थ)"** भन्नाले संगठित संस्थाको शेयरको चुक्ता पूँजी तथा जगेडा कोषहरु (सम्पत्तिको पूनर्मूल्याङ्कनबाट सृजित कोष बाहेक) को कुल जोडमा सञ्चित नोक्सानीको कुल रकम र अपलेखन गर्न बाँकी स्थगन र विविध खर्चहरु तथा ख्याति घटाई बाँकी रहन जाने रकम सम्झनु पर्छ ।

(ध) **"प्रति शेयर नेटवर्थ"** भन्नाले कम्पनीको वासलातमा रहेको शेयर पूँजी, शेयर प्रिमियम तथा जगेडा कोष लगायतका कुनै पनि प्रकारको सञ्चित कोषको कुल जोडलाई जम्मा साधारण शेयर संख्याले भाग गर्दा आउने भाग फललाई जनाउँदछ ।

(ण) **"प्रति शेयर आम्दानी"** भन्नाले कम्पनीको खुद नाफालाई जम्मा कायम साधारण शेयर संख्याले भाग गर्दा आउने भागफललाई जनाउदँछ ।

ख.२ विवरणपत्र तथा दरखास्त फारम प्राप्त गर्ने र बुझाउने स्थान : विवरणपत्र प्राप्त गर्न सक्ने स्थान

क्र.सं.	विवरणपत्र प्राप्त गर्न सकिने स्थान	वेबसाइट
१.	**निष्काशनकर्ता कम्पनी :** सर्वोत्तम सिमेन्ट लि., सुविधानगर, तीनकुने, काठमाण्डौ ।	www.sarbottamcement.com
२.	**निष्काशन तथा बिक्री प्रबन्धक :** ग्लोबल आइएमई क्यापिटल लि.,नक्साल, काठमाण्डौ ।	www.globalimecapital.com
३.	**सह-निष्काशन तथा बिक्री प्रबन्धक** : एनआइएमबि एस क्यापिटल लि., लाजिम्पाट, काठमाण्डौ ।	www.nimbacecapital.com
४.	**सह-निष्काशन तथा बिक्री प्रबन्धक :** प्रभु क्यापिटल लि., कमलादी, काठमाण्डौ ।	www.prabhucapital.com
५.	**विवरणपत्र स्वीकृत गर्ने निकाय :** नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुर ।	www.sebon.gov.np

उद्योग तथा खानी उत्खनन प्रभावित क्षेत्रका बासिन्दाहरुका लागि दरखास्त फाराम प्राप्त गर्ने र बुझाउने सम्बन्धी व्यवस्था :

उद्योग तथा खानी उत्खनन् प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुको लागि देहाय बमोजिमका संकलन केन्द्रहरुबाट भौतिक रुपमा दरखास्त फाराम लिने व्यवस्था गरिएको छ :

क्र.सं.	उद्योग प्रभावित क्षेत्रका बासिन्दाको लागि नवलपरासी जिल्ला (बर्दघाट सुस्ता पश्चिम) का संकलन केन्द्रहरुको नाम तथा ठेगाना	क्र.सं.	खानी उत्खनन् प्रभावित क्षेत्रका बासिन्दाको लागि पाल्पा जिल्लाका संकलन केन्द्रहरुको नाम तथा ठेगाना
१.	ग्लोबल आइएमई बैंक लि., भुमही शाखा	१.	ग्लोबल आइएमई बैंक लि., छहरा शाखा
२.	लक्ष्मी सन्राइज बैंक लि., सुनवल शाखा	२.	ग्लोबल आइएमई बैंक लि., तानसेन शाखा
३.	साइन रेसुङ्गा डेभलपमेन्ट बैंक लि., सुनवल शाखा	३.	नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लि., माथागढी शाखा
४.	गरिमा विकास बैंक लि., सुनवल शाखा	४.	लक्ष्मी सन्राइज बैंक लि., दोभान शाखा
५.	मुक्तिनाथ विकास बैंक लि., भुमही शाखा	५.	लक्ष्मी सन्राइज बैंक लि., निस्दी शाखा
		६.	कृषि विकास बैंक लि., पालुङ्ग मैनादी शाखा

उद्योग तथा खानी उत्खनन् प्रभावित क्षेत्रका स्थानीय बासिन्दाले शेयर खरिद आवेदन प्राप्त गर्नका लागि दरखास्त फाराम वापत रु.२।- (दुई रुपैयाँ मात्र) शुल्क बुझाउनु पर्नेछ ।

वैदेशिक रोजगारीमा रहेका नेपालीहरु तथा अन्य सर्वसाधारणका लागि दरखास्त फाराम प्राप्त गर्ने र बुझाउने स्थान :

नेपाल धितोपत्र बोर्डबाट स्वीकृति प्राप्त गरेका सम्पूर्ण आस्वा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरु र तिनका तोकिएका शाखा कार्यालयहरु तथा सिडिएस एण्ड क्लियरिङ्ग लि. द्वारा सञ्चालित सफ्टवेयर "मेरो शेयर" अनलाइन प्रयोग गरी सि-आस्वा (C-ASBA) प्रणाली मार्फत आवेदन दिन सकिनेछ ।

ग.१.धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको उद्घोषण :

हामीलाई निष्काशनकर्ता कम्पनी सर्वोत्तम सिमेन्ट लिमिटेड तथा यसका संस्थापक/सञ्चालकहरुले उपलब्ध गराएको विवरण तथा जानकारीहरुको आधारमा यस कम्पनीको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययनबाट हामी सन्तुष्ट हुनुको साथै विवरणपत्रमा लेखिएका आर्थिक विवरणहरु र अन्य जानकारी तथ्यगत, पूर्ण र सही देखिएकोले लगानीकर्ताहरुलाई लगानी सम्बन्धी निर्णय लिन मद्दत पुग्ने कुरा प्रति विश्वस्त भई हामीले यो विवरणपत्र स्वीकृतिका लागि नेपाल धितोपत्र बोर्डमा "धितोपत्र सम्बन्धी ऐन, २०६३" तथा "धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३" अनुरुपको योग्यता पुगेको प्रतिबद्धतापत्र (Due Diligence Certificate) प्रस्तुत गरेका छौं ।

ग.२.संगठित संस्थाको उद्घोषण :

(क) सञ्चालकको जिम्मेवारी तथा जवाफदेहीता सम्बन्धी उद्घोषण :

यो विवरणपत्र हामीले पुनरावलोकन गरी अनुमोदन गरेको हुनाले यस विवरणपत्रमा उल्लेख गरिएका विवरण तथा जानकारीका साथै निष्काशन तथा बिक्री प्रबन्धकलाई दिएको वित्तीय विवरण, अन्य विवरण, जानकारी तथा कागजातहरुको सत्यता र शुद्धताप्रति र धितोपत्र दर्ता तथा निष्काशन अनुमति प्रयोजनका लागि नेपाल धितोपत्र बोर्डमा पेश गरिएको विवरणपत्र र सो सँग सम्बन्धित अन्य विवरण तथा जानकारीको शुद्धता तथा सत्यता प्रति यस विवरणपत्रमा हस्ताक्षर गर्ने हामी सञ्चालकहरु व्यक्तिगत वा सामूहिक रुपमा जवाफदेहीता बहन गर्दछौं र धितोपत्र निष्काशनका लागि तोकिएका शर्त तथा आवश्यकताहरुको सम्बन्धमा आवश्यक जानकारी लिई हामी यो उद्घोषण गर्दछौं कि तोकिएका शर्त तथा आवश्यकताहरु सबै पालना गरेका छौं र लगानीकर्ताहरुलाई लगानी सम्बन्धी उचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाएका छैनौं ।

(ख) संगठित संस्थाको जवाफदेहिता सम्बन्धी उद्घोषण :

यस सर्वोत्तम सिमेन्ट लिमिटेडले प्रकाशित गरेको विवरणपत्र, सार्वजनिक प्रस्ताव, विज्ञापन वा अन्य कुनै सूचनामा उल्लेख भएका विवरण बाहेक संगठित संस्थाको बारेमा प्रकाशित अन्य कुनै सूचना वा जानकारीको जवाफदेहिता संगठित संस्थामा नरहने र त्यस्तो सूचना, जानकारी वा विवरणको आधारमा लगानी गरेमा सो को जोखिम लगानीकर्ता स्वयंले बहन गर्नुपर्नेछ ।

(ग) नियमन निकायको नियमन व्यवस्थाको पालना सम्बन्धी उद्घोषण :

प्रचलित कानून अनुसार आफ्नो उद्योग/व्यवसाय/सेवासँग सम्बन्धित नियमन निकाय (जस्तै कम्पनी रजिष्ट्रारको कार्यालय आदि) को सार्वजनिक निष्काशन तथा अन्य नियमन व्यवस्था तथा निर्देशनहरुको पालना गरेको कुराको उद्घोषण गर्दछौं । साथै सार्वजनिक निष्काशन प्रयोजनको लागि तयार गरिएको विवरणपत्र र सो मा उल्लेखित सम्झौता वा अन्य विवरणहरु नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालयमा पेश गरेका छौं । साथै कम्पनी रजिष्ट्रारको कार्यालयमा आ.व. २०७८/०७९ सम्मको विवरणहरु पेश गरी उक्त कार्यालयको पत्र संख्या: ७९/८०, चलानी नं. ५७४१२ मिति २०७९/१०/२६ गतेको पत्र अनुसार आ.व.२०७८/०७९ सम्मको लागि कम्पनी अद्यावधिक रहेको छ ।

(घ) संस्थापक, सञ्चालक तथा कार्यकारी प्रमुख सम्बन्धी उद्घोषण :

(१) यस संगठित संस्थाको संस्थापक, सञ्चालक वा कार्यकारी प्रमुख कर्जा सूचना केन्द्रको कालो सूचीमा रहेका छैनन् ।

(२) यस संगठित संस्थाको सञ्चालक वा कार्यकारी प्रमुख कालो सूचीमा रहेको अन्य संगठित संस्थामा सञ्चालक वा कार्यकारी प्रमुख रहेका छैनन् ।

(३) सार्वजनिक निष्काशन मार्फत सर्वसाधारणबाट पूँजी संकलन गरी बेपत्ता भएका वा सञ्चालनमा नरहेका वा लगानीकर्ताहरुको हित विपरीत हुने कार्य गरेको संगठित संस्थाको सञ्चालक वा कार्यकारी प्रमुख यस कम्पनीको सञ्चालक वा कार्यकारी प्रमुख छैनन् ।

(४) धितोपत्र सम्बन्धी कानून विपरीत कार्य गरेको कारण धितोपत्र बजार वा धितोपत्र व्यवसायीको अनुमतिपत्र खारेज भएको दश वर्ष पूरा नभएको संगठित संस्थाको सञ्चालक वा कार्यकारी प्रमुख यस कम्पनीको सञ्चालक वा कार्यकारी प्रमुख छैनन् ।

(५) यस संगठित संस्थाको सञ्चालक वा कार्यकारी प्रमुख धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा १०८ बमोजिम सञ्चालक वा कार्यकारी प्रमुख अयोग्य रहेका छैनन् ।

ग.३. संगठित संस्था सम्बन्धी जानकारी :

ग.३. क. संगठित संस्थाको पृष्ठभूमि :

(क) संस्थाको नाम : सर्वोत्तम सिमेन्ट लिमिटेड (Sarbottam Cement Limited)

(ख) संस्था कुन ऐन अन्तर्गत स्थापित भएको सो कुरा : कम्पनी ऐन, २०६३ अन्तर्गत स्थापित ।

(ग) संस्थाको रजिष्टर्ड ठेगाना : यस कम्पनीको रजिष्टर्ड कार्यालय (कर्पोरेट कार्यालय) काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिका वडा नं. ३२, तिनकुने, सुविधानगरमा रहेको छ । आवश्यकता अनुसार स्वीकृति लिई कम्पनीको रजिष्टर्ड कार्यालय स्थानान्तरण गर्न र नेपाल भित्र वा विदेशमा समेत शाखा कार्यालय खोल्न सकिने छ ।

(घ) कारोबार गर्ने मुख्य स्थान : यस कम्पनीको कारोबार गर्ने मुख्य स्थान कम्पनीको रजिष्टर्ड (कर्पोरेट) कार्यालय काठमाण्डौ जिल्ला, काठमाण्डौं महानगरपालिका वडा नं. ३२, तिनकुने, सुविधानगरमा रहेको छ । यस कम्पनीको उद्योग नवलपरासी जिल्ला, सुनवल न.पा. वडा नं. ११, जोडेनी र चुनढुङ्गा खानी उत्खनन् सम्बन्धी उद्योग पाल्पा जिल्लाको तिनाउ गा.पा. वडा नं. १ (साविक कचल गा.वि.स.को वडा नं. ३) र निस्दी गाउँपालिका वडा नं. ७ (साविक ज्यामिरे गा.वि.स.) एवं गुल्मी/पाल्पा जिल्लाको साविक दौधा/सिद्धेश्वर गा.वि.स. सुनापानीमा रहेको छ ।

(ङ) संगठित संस्थाको स्थापनाकाल देखि हालसम्मको संक्षिप्त इतिहास र संगठित संस्थाको मुख्य उद्देश्यहरु :

<u>कम्पनीको स्थापनाकालदेखि हालसम्मको संक्षिप्त इतिहास देहाय बमोजिम रहेको छ :</u>

(१) यस कम्पनी शुरुमा मिति २०६७/०६/२० गते प्रा.लि.को रुपमा कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भएकोमा मिति २०७६/०४/३० गते नेपाल सरकार, कम्पनी रजिष्ट्रारको कार्यालयको पत्रानुसार मिति २०७६/०४/२९ गतेदेखि प्रा.लि. बाट पब्लिक लिमिटेडमा परिणत भई सर्वोत्तम सिमेन्ट लिमिटेड (लि.नं.२२१४८३) मा अभिलेख भई कारोबार सञ्चालन गर्दै आएको छ ।

(२) सिमेन्ट उत्पादन गर्ने उद्देश्य उल्लेख भई ठूला उद्योगको रुपमा यस कम्पनीले मिति २०६८/०८/२८ गते उद्योग विभागबाट उद्योग दर्ता प्रमाणपत्र (उद्योग दर्ता नं. १४१९/११९/०६८/६९) प्राप्त गरेको छ । यस कम्पनीको प्यान रजिष्ट्रेशन नं. ३०४५६९९३७ रहेको छ ।

(३) कम्पनीले पाल्पा जिल्लाको तिनाउ गाउँपालिका वडा नं. १ अन्तर्गत रिङसिङ सामुदायिक वनको ४.८९६ हेक्टर वन क्षेत्र चुनढुङ्गा उत्खननका लागि उपयोग गर्न नेपाल सरकार, मन्त्रिपरिषदको निर्णयबाट मिति २०७१/०७/१० गते अनुमति प्राप्त गरेको तथा भोगाधिकार अनुमति प्राप्त गरेको मितिबाट २७ वर्षसम्म अनुमति बहाल रहेको छ ।

(४) कम्पनीले पाल्पा जिल्लाको तिनाउ गाउँपालिका वडा नं. १ मा ११.९४ वर्ग कि.मि. क्षेत्र खानी तथा भुगर्भ विभागबाट मिति २०६९/०५/०६ गतेदेखि मिति २०९९/०५/०५ गतेसम्म ३० वर्षको लागि मिति २०६९/०५/०६ मा चुनढुङ्गा खानी उत्खनन् कार्यको लागि अनुमति पत्र (नं.११/०६९/०७०) प्राप्त गरेको छ ।

(५) कम्पनीले पाल्पा जिल्लाको तिनाउ गाउँपालिका वडा नं. १ मा रहेको ४.५२ वर्ग कि.मि. क्षेत्र खानी तथा भुगर्भ विभागको (न.९५/०६८/०६९) मिति २०६८/१०/०६ गतेको पत्रबाट अनुमति प्राप्त गरेको र सो क्षेत्रमा रहेको खानीबाट चुनढुङ्गा उत्खनन योजना (माइनिङ स्किम) को लागि उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, खानी तथा भूगर्भ विभागको पत्र संख्या २०७७/७८/१०२२, चलानी नं. १३७१ मिति २०७७/०९/०६ गतेको पत्रबाट स्वीकृति प्राप्त गरे पश्चात् प्रारम्भिक वातावरणीय परिक्षण सम्पन्न भई अनुमति (अनुमति पत्र नं.१०१/०७८/७९) प्राप्त गरिसकेको छ । त्यसैगरी खानी तथा भूगर्भ विभागको पत्रसंख्या २०७८/७९/२३१७ चलानी नं. ४६४८ मिति २०७९/०१/२५ गतेको पत्रबाट चुनढुङ्गा खानी उत्खननको लागि ५ हेक्टर जमिन वन क्षेत्रमा पर्ने भएकोले सो को भोगाधिकारको लागि उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयमा सिफारीसका लागि लेखि पठाएको र हालसम्म पनि स्वीकृतिको प्रक्रियामा रहिरहेको छ ।

(६) कम्पनीले खानी तथा भूर्गभ विभागबाट गुल्मी/पाल्पा जिल्लाको साविक दौधा/सिद्धेश्वर गा.वि.स.सुनपानी अन्तर्गत ९ वर्ग कि.मी. क्षेत्रफलमा चुनढुङ्गा उत्खनन कार्यको लागि अनुमति पत्र नं. ४/०७३/७४ बाट मिति २०७३/११/०४ मा २० वर्षको लागि अनुमति प्राप्त गरेको छ । त्यसैगरी खानी तथा भुगर्भ विभागको पत्र संख्याः ०७६/७७/७४३ चलानी नं.१०११ मिति २०७६/०८/११ गतेको पत्र मार्फत पाल्पा जिल्लाको निस्दी गाउँपालिका अन्तर्गत ५.९२५ वर्ग कि.मी. क्षेत्रफलमा मिति २०७६/०७/०८ गतेदेखि ३० वर्ष सम्मका लागि ठूलास्तरको चुनढुङ्गा उत्खनन कार्यका लागि अनुमति प्राप्त गरेको छ । साथै धादिङ्ग जिल्ला बेनिघाट रोराङ गाउँपालिका स्थित कान्द्राङ्गगढीमा चुनढुङ्गा उत्खनन् कार्यका लागि कम्पनी र खानी तथा भुगर्भ विभाग बीच मिति २०७८ साल पुष १४ गते बीच सम्झौता भएको छ ।

(७) कम्पनीले उद्योग विभागको मिति २०७३/०७/१० गतेको पत्रबाट मिति २०७१/११/०१ गतेदेखि लागु हुने गरी व्यवसायिक उत्पादन गरेको पत्र प्राप्त गरेको छ ।

(८) पाल्पा जिल्ला, तिनाउ गाउँपालिका वडा नं १ (साविक कचल गा.वि.स. वडा नं. ३) को चुनढुङ्गा उत्खननको क्षमता वृद्धिको लागि तयार गरिएको संशोधन सहितको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन (IEE), उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, खानी तथा भूगर्भ विभागबाट मिति २०७६/०३/१२ गते स्वीकृत प्राप्त गरेको छ ।

(९) सहायक कम्पनीहरु सर्वोत्तम होल्डिङ्गस प्रा.लि. र सर्वोत्तम इन्भेष्टमेन्ट प्रा.लि. मा यस कम्पनीको शतप्रतिशत शेयर स्वामित्व रहेको छ । त्यसैगरी सर्वोत्तम होल्डिङ्गस प्रा.लि.को सहायक कम्पनीहरु सिद्धेश्वर मिनेरल्स प्रा.लि. र ज्यामिरे मिनेरल्स प्रा. लि. मा सर्वोत्तम होल्डिङ्गस प्रा.लि.को शतप्रतिशत शेयर स्वामित्व रहेको छ ।

कम्पनीको वित्तीय परिसूचक :

कम्पनीको नेट प्रिजेन्ट भ्यालु {Net Present Value (NPV)}, इन्टर्नल रेट अफ रिर्टन {Internal Rate of Return (IRR)}, Pay Back Period र Discounted Pay Back Period को गणनाको संक्षिप्त विवरण तथा आधार देहाय अनुसार रहेको छ :

विवरण	आयोजनाको लगानी रकम (रु.)
आ.व.२०७९/८० को शुरुको लागत	(१२,७९५,४६०,२६३)
आयोजनाको ह्रासकट्टी (आ.व.२०७९/०८० सम्म)	४,५९१,८८५,१७८
जगेडा (आ.व.२०७९/०८० सम्म)	३,४५०,०२६,५५५
जम्मा	**(४,७५३,५४८,५३०)**

वर्ष	आयकर पश्चात्को मुनाफा	ह्रासकट्टी/ परिशोधन	वित्तीय खर्च	खुद नगद प्रवाह	साधारण नगद प्रवाह	डिस्काउन्टिङ्ग फ्याक्टर (९%)	डिस्काउन्टेड नगद प्रवाह	डिस्काउन्टिङ्ग सञ्चित नगद प्रवाह ९% का दरले
-				(४,७५३,५४८,५३०)	(४,७५३,५४८,५३०)	१.००	(४,७५३,५४८,५३०)	(४,७५३,५४८,५३०)
१	२०७,५७३,४८७	२५१,१८९,५१५	४०९,०९८,३०१	८६७,८६१,३०४	(३,८८५,६८७,२२६)	०.९२	७९६,२०३,०३१	(३,९५७,३४५,४९९)
२	८२८,४२८,२१७	३३१,५९१,२३०	१८८,५१७,७२६	१,३४८,५३७,१७३	(२,५३७,१५०,०५३)	०.८४	१,१३५,०३६,७५९	(२,८२२,३०८,७४०)
३	१,०२८,२२४,११०	३२४,३८७,९२१	७०,२९९,९०९	१,४२२,९११,९४१	(१,११४,२३८,११२)	०.७७	१,०९८,७४९,०९४	(१,७२३,५५९,६४६)
४	१,१८५,११०,७४५	३०७,९४६,७२५	७०,०९४,७०३	१,५६३,१५२,१७३	४४८,९१४,०६०	०.७१	१,१०७,३७६,४०८	(६१६,१८३,२३८)
५	१,१८५,११०,७४५	३०७,९४६,७२५	७०,०९४,७०३	१,५६३,१५२,१७३	२,०१२,०६६,२३३	०.६५	१,०१५,९४१,६५९	३९९,७५८,४२१
६	१,१८५,११०,७४५	३०७,९४६,७२५	७०,०९४,७०३	१,५६३,१५२,१७३	३,५७५,२१८,४०६	०.६०	९३२,०५६,५६८	१,३३१,८१४,९८८
७	१,१८५,११०,७४५	३०७,९४६,७२५	७०,०९४,७०३	१,५६३,१५२,१७३	५,१३८,३७०,५७८	०.५५	८५५,०९७,७६८	२,१८६,९१२,७५६
८	१,१८५,११०,७४५	३०७,९४६,७२५	७०,०९४,७०३	१,५६३,१५२,१७३	६,७०१,५२२,७५१	०.५०	७८४,४९३,३६५	२,९७१,४०६,१२२
९	१,१८५,११०,७४५	३०७,९४६,७२५	७०,०९४,७०३	१,५६३,१५२,१७३	८,२६४,६७४,९२४	०.४६	७१९,७१८,६८४	३,६९१,१२४,८०६
१०	१,१८५,११०,७४५	३०७,९४६,७२५	७०,०९४,७०३	१,५६३,१५२,१७३	९,८२७,८२७,०९६	०.४२	६६०,२९२,३७१	४,३५१,४१७,१७६
११	१,१८५,११०,७४५	३०७,९४६,७२५	७०,०९४,७०३	१,५६३,१५२,१७३	११,३९०,९७९,२६९	०.३९	६०५,७७२,८१७	४,९५७,१८९,९९३
१२	१,१८५,११०,७४५	३०७,९४६,७२५	७०,०९४,७०३	१,५६३,१५२,१७३	१२,९५४,१३१,४४२	०.३६	५५५,७५४,८७८	५,५१२,९४४,८७१
१३	१,१८५,११०,७४५	३०७,९४६,७२५	७०,०९४,७०३	१,५६३,१५२,१७३	१४,५१७,२८३,६१४	०.३३	५०९,८६६,८६१	६,०२२,८११,७३२
१४	१,१८५,११०,७४५	३०७,९४६,७२५	७०,०९४,७०३	१,५६३,१५२,१७३	१६,०८०,४३५,७८७	०.३०	४६७,७६७,७६२	६,४९०,५७९,४९४
१५	१,१८५,११०,७४५	३०७,९४६,७२५	७०,०९४,७०३	१,५६३,१५२,१७३	१७,६४३,५८७,९६०	०.२७	४२९,१४४,७३६	६,९१९,७२४,२३०
१६	१,१८५,११०,७४५	३०७,९४६,७२५	७०,०९४,७०३	१,५६३,१५२,१७३	१९,२०६,७४०,१३२	०.२५	३९३,७१०,७६७	७,३१३,४३४,९९६
१७	१,१८५,११०,७४५	३०७,९४६,७२५	७०,०९४,७०३	१,५६३,१५२,१७३	२०,७६९,८९२,३०५	०.२३	३६१,२०२,५३८	७,६७४,६३७,५३५
१८	१,१८५,११०,७४५	३०७,९४६,७२५	७०,०९४,७०३	१,५६३,१५२,१७३	२२,३३३,०४४,४७८	०.२१	३३१,३७८,४७६	८,००६,०१६,०१०
१९	१,१८५,११०,७४५	३०७,९४६,७२५	७०,०९४,७०३	१,५६३,१५२,१७३	२३,८९६,१९६,६५०	०.१९	३०४,०१६,९५०	८,३१०,०३२,९६०
२०	१,१८५,११०,७४५	३०७,९४६,७२५	७०,०९४,७०३	१,५६३,१५२,१७३	२५,४५९,३४८,८२३	०.१८	२७८,९१४,६३३	८,५८८,९४७,५९३

डिस्काउन्ट रेट (Discount Rate):	९% (नेपाल राष्ट्र बैंकबाट जारी भएको Citizen Saving Bond, 2082 को कुपन रेट ९% लाई डिस्काउन्ट रेटको आधार लिइएको छ ।)
नेट प्रिजेन्ट भ्यालु (Net Present Value) :	रु. २५,४५९,३४८,८२३
इन्टर्नल रेट अफ रिर्टन (Internal Rate of Return) :	२८.२६%
साधारण लगानी फिर्ता हुने अवधि	३ वर्ष ९ महिना
डिस्काउन्टमा लगानी फिर्ता हुने अवधि	४ वर्ष ७ महिना

(१०) कम्पनीले उद्योग विभागबाट पूँजी तथा क्षमता वृद्धि सम्बन्धमा मिति २०७७/०३/२३ गते पूँजी तथा क्षमता वृद्धि गर्ने अनुमति प्राप्त गरेको छ । संशोधित क्षमता अनुसार कम्पनीको उत्पादन क्षमता ३,००० टिपिडि तथा विद्युत शक्ति १८,००० के.भी.ए. रहेको छ ।

(११) कम्पनीको क्षमता अभिवृद्धि सम्बन्धी संशोधित वातावरणीय परिक्षण प्रतिवेदन मिति २०७७/०३/२२ गतेको निर्णयानुसार उद्योग विभागबाट स्वीकृति प्राप्त गरेको छ ।

(१२) उद्योगको संक्षिप्त प्राविधिक विवरणहरु निम्नानुसार रहेको छ :

उद्योग रहेको स्थल : नवलपरासी जिल्ला, सुनवल नगरपालिका वडा नं. ११, जोडेनी ।

उद्योगको किसिम : उत्पादनमूलक

उत्पादन शुरु भएको मिति : वि.सं.२०७१/११/०१

उद्योगको कूल लागत : रु. १२,२२,०६,७९,२०९/-
(आ.व.२०७९/०८० आषाढ मसान्तको लेखापरिक्षित वित्तीय विवरण)

उद्योग उत्पादन अनुमति प्राप्त मिति : वि.सं. २०६८/०८/२८

उद्योगको उत्पादन क्षमता : प्रति दिन ३,००० टन क्लिंकर र ३,००० टन सिमेन्ट (प्रति बोरा ५० के.जी.को दरले ६० हजार बोरा) ।

उद्योगले प्रयोगमा ल्याएको प्रविधि : VRM Technology (Denmark)

कम्पनीको प्रबन्धपत्रको दफा ४ अनुसार कम्पनीको मुख्य उद्देश्यहरु देहाय बमोजिम रहेका छन् :

क) सबै किसिमका गुणस्तरीय सिमेन्ट उत्पादन गरी स्वदेश तथा विदेशमा समेत बिक्री वितरण गर्ने गराउने ।

ख) सिमेन्ट तथा सिमेन्ट उद्योगलाई चाहिने कच्चा पदार्थ सम्बन्धी खानीको अध्ययन अन्वेषण, अनुसन्धान, उत्खनन् कार्य गर्ने गराउने ।

ग) उपरोक्त उद्देश्य बमोजिमका सबै किसिमका परामर्श सेवा प्रदान गर्नुका साथै सिमेन्ट उद्योगलाई आवश्यक कच्चा पदार्थहरु जस्तैः क्लिंकर, जिप्सम, चुनढुङ्गा, रातोमाटो, फलामेधाउ, बक्साइट आदि स्वयं उत्पादन गरी वा विदेशबाट आयात गरी बिक्री वितरण समेत गर्ने गराउने ।

घ) उपरोक्त उत्पादित वस्तुहरुको बिक्री वितरण गर्ने, सेल्स डिपो खोल्ने, एजेन्ट, डिष्ट्रिब्युटर, डिलरसिप नियुक्ति गर्ने ।

ङ) चुन तथा चुन सम्बन्धी सबै किसिमका सामानहरु उत्पादन तथा बिक्री वितरण गर्ने गराउर्ने ।

च) सबै किसिमका सिमेन्ट ब्लेण्डिङ्ग तथा बिक्री वितरण गर्ने गराउने ।

छ) यस उद्योग सम्बन्धी सम्पूर्ण किसिमका प्याकिङ्ग मेटेरियलहरु उत्पादन तथा बिक्री वितरण गर्ने गराउने ।

ज) सम्बन्धित निकायबाट स्वीकृति लिनुपर्नेमा सो लिई उपरोक्त उद्योगलाई सबै किसिमको खानीबाट चाहिने कच्चा पदार्थ निकाल्ने, स्वयं प्रयोग गर्ने तथा बिक्री वितरण गर्ने ।

झ) समान उद्देश्य भएका अन्य कम्पनीलाई लिजमा लिई सञ्चालन गर्ने ।

ञ) अन्य कम्पनीमा लगानी गर्ने ।

ट) रेडिमिक्स कंक्रिट उत्पादन तथा बिक्री वितरण गर्ने ।

ठ) नेपालभित्र खनिज कार्य गर्ने गराउने ।

ड) प्रचलित कानूनको अधिनमा रही धातु, अधातु खनिज वस्तुहरुको सम्भाव्यता अध्ययन गरी खानी पत्ता लगाई खानी उत्खनन् गर्ने इजाजत प्राप्त गरी, उद्योग स्थापना गरी खनिज जन्य वस्तुहरु उत्पादन गर्ने तथा आवश्यक प्रशोधन गर्ने तथा बिक्री वितरण गर्ने गराउने ।

ढ) नेपाल सरकार तथा सम्बन्धित निकायको स्वीकृति लिई सरकारी, अर्ध सरकारी तथा नीजि स्तरबाट आह्वान गरिने सिमेन्ट आपूर्ति सम्बन्धी ठेक्कापट्टा, बोलकबोलमा सहभागी भई प्रचलित ऐन कानूनको अधिनमा रही निर्माण तथा मर्मत सम्बन्धी ठेक्का पट्टाको कार्य गर्ने गराउने ।

ण) कम्पनीलाई आवश्यक पर्ने निर्माण सामाग्रीहरु ईट्टा, ढुङ्गा, रोडा, सिमेन्ट, बालुवा, टायल, मार्वल, स्टिल वायर, ग्रिल, शटर, झ्याल, चौकोश, जस्तापाता, फलामे डण्डी, रंगरोगनका सामाग्रीहरु, मेशिन, औजार, उपकरणहरु, यन्त्रहरु, ऐना, सिसा वा जडान गर्ने, मर्मत सम्भार गर्ने तथा बिक्री वितरण गर्ने तथा गराउने ।

संगठित संस्थाले आफ्नो उद्देश्य अनुरुपको काम कारवाही अगाडि बढाउने सन्दर्भमा हालसम्म भए/गरेका सम्झौताहरुको सम्झौता मिति, सम्झौता गर्ने निकाय/संस्था, सम्झौताको संक्षिप्त विषय वस्तु तथा सम्झौता बहाल रहने अवधि खुल्ने विवरण :

क्र.सं.	सम्झौता मिति	सम्झौता गर्ने निकाय/संस्था	सम्झौताको विषयवस्तु	सम्झौता बहाल रहने अवधि
१.	२०७३/१२/२५	नेपाल सरकार, वन विभाग	कच्चा पदार्थ भण्डारण र धर्मकाँटा कक्ष एवं विद्युत सबस्टेशन कक्ष लगायत निर्माणको लागि नवलपरासी जिल्ला रामनगर गा.वि.स.वडा नं. ५ को जोडेनीमा रहेको ७ बिघा ९ कट्ठा जमिन भोगाधिकार ।	३० वर्षसम्म
२.	२०७६/०१/०२	M/S FLSMIDTH A/S, Denmark	नयाँ ग्रान्डिङ्ग प्लान्टको स्थापना का लागि आपूर्ति सम्झौता	सम्झौता अनुरुप काम कारवाही भैरहेको ।
३.	२०७६/०१/१२	FLSMIDTH A/S	Supply Machinery & Equipment for 200 tpd opc	हाल कायम रहेको
४.	२०७८/०४/०१	पश्चिमाञ्चल एडभर्टाइजिङ्ग, बुटवल	भैरहवा क्षेत्रमा होर्डिङ्बोर्डका लागि सम्झौता	हाल कायम रहेको
५.	२०७८/०४/०५	निम्बल इन्फोसिस प्रा.लि.	HRM जडानको सम्झौता	निरन्तर कायम रहने ।
६.	२०७९/०४/०१	तपस्या क्रिएशन प्रा.लि., अनामनगर	ब्राण्ड प्रोमोसन र एडभर्टाइजिङ्ग सम्बन्धी सम्झौता	हाल कायम रहेको
७.	२०७८/०४/०१	आउटडोर मार्ट, थापाथली	सिन्धुलीको खुर्कोट र सेल्फी डाँडामा कम्पनीको उत्पादनको होर्डिङबोर्ड राखी प्रचार-प्रसार गर्ने सम्बन्धी ।	हाल कायम रहेको
८.	२०७८/०९/१४	खानी तथा भुगर्भ विभाग	धादिङ्ग जिल्लाको रोराङ्ग गा.पा. स्थित कान्द्राङगढी क्षेत्रमा चुनढुङ्गा भण्डारणको उत्खनन् कार्य ।	प्रत्येक आ.व.मा नविकरण हुने ।

९.	२०७९/०४/०१	युनिभर्सल एडभर्टाईजिङ्ग प्रा.लि.	Billboard Advertising at Birjung Buspark and Bhairawaha Airport	२०८१ आषाढ ३० सम्म कायम रहेको
१०.	२०७९/०३/१७	नेपाल विद्युत प्राधिकरण	ग्रिड कनेक्शन सम्झौतापत्र	सम्झौता भएको मितिदेखि एक वर्षसम्म
११.	२०७९/०४/०६	प्राईम कमर्शियल बैंक लि.	सहवित्तीयकरण सम्झौता	हाल कायम रहेको

संगठित संस्थाले विभिन्न नियमन निकायबाट हालसम्म प्राप्त गरेको स्वीकृति/अनुमति/इजाजत, स्वीकृति/अनुमति/इजाजतको संक्षिप्त विषय वस्तु, ईजाजत प्राप्त मिति तथा सो बहाल रहने अवधि विवरण :

क्र.सं.	स्वीकृति/अनुमति/इजाजत पत्र प्रदान गर्ने निकाय/संस्था	स्वीकृति/अनुमति/इजाजतको संक्षिप्त विषय वस्तु	ईजाजत प्राप्त मिति (वि.सं.)	बहाल रहने अवधि
१.	कम्पनी रजिष्ट्रारको कार्यालय	प्रा.लि.को रुपमा कम्पनी दर्ता	२०६७/०६/२०	-
२.	आन्तरिक राजश्व कार्यालय	स्थायी लेखा नं.दर्ता	२०६७/०८/०५	-
३.	उद्योग विभाग	उद्योग सञ्चालन	२०६८/०८/२८	
४.	खानी तथा भुगर्भ विभाग	खानीको चुनढुङ्गा उत्खनन् कार्य (पाल्पा जिल्लाको तिनाउ गा.पा.वडा नं.१ मा)	२०६८/१०/०६	-
५.	खानी तथा भुगर्भ विभाग	चुनढुङ्गा उत्खनन् कार्य (पाल्पा जिल्लाको साविक कचल गा.वि.स.मा)	२०६९/०५/०६	३० वर्ष
६.	वन तथा भू-संरक्षण मन्त्रालय	चुनढुङ्गा उत्खनन्का लागि वन क्षेत्र भोगाधिकार (पाल्पा जिल्लाको तिनाउ गा.पा. वडा नं. १ अन्तर्गत रिङसिङ सामुदायिक वन)	२०७१/०७/१०	२७ वर्ष
७.	उद्योग विभाग	सिमेन्टमा SHREE SHAKTI (शब्द) लेख्ने प्रयोजनका लागि ट्रेडमार्क दर्ता	२०७२/०८/०९	२०८६/०८/०८
८.	उद्योग विभाग	सिमेन्टमा SAURABH (शब्द) लेख्ने प्रयोजनका लागि ट्रेडमार्क दर्ता	२०७२/०८/०९	२०८६/०८/०८
९.	उद्योग विभाग	सिमेन्टमा N.CEM (शब्द) लेख्ने प्रयोजनका लागि ट्रेडमार्क दर्ता	२०७२/०८/०९	२०८६/०८/०८
१०.	उद्योग विभाग	सिमेन्टमा GREEN SARBOTTAM CEMENT (शब्द) लेख्ने प्रयोजनका लागि ट्रेडमार्क दर्ता	२०७२/०८/०९	२०८६/०८/०८
११.	उद्योग विभाग	सिमेन्टमा WESTERN CEMENT (शब्द) लेख्ने प्रयोजनका लागि ट्रेडमार्क दर्ता	२०७२/०८/०९	२०८६/०८/०८
१२.	उद्योग विभाग	सिमेन्टमा VRM CEMENT (शब्द) लेख्ने प्रयोजनका लागि ट्रेडमार्क दर्ता	२०७२/०८/०९	२०८६/०८/०८
१३.	उद्योग विभाग	सिमेन्टमा GREEN VRM (शब्द) लेख्ने प्रयोजनका लागि ट्रेडमार्क दर्ता	२०७२/०८/०९	२०८६/०८/०८
१४.	ठुला करदाता कार्यालय	कम्पुटर बिजक प्रमाणपत्र	२०७३/०९/०७	-
१५.	खानी तथा भुगर्भ विभाग	चुनढुङ्गा उत्खनन	२०७३/११/०४	२० वर्ष
१६.	भन्सार विभाग	Exime Code Certificate	२०७४/०३/२५	२०८४/०३/३२
१७.	नेपाल गुणस्तर तथा नापतौल विभाग	गुणस्तर प्रमाणपत्र चिन्ह (SAURAV GREEN SARBOTTAM)	२०७५/०९/२०	वार्षिक रुपमा नविकरण भैरहने
१८.	काठमाण्डौ महानगरपालिका	व्यवसाय दर्ता प्रमाणपत्र	२०७६/०४/१०	वार्षिक रुपमा नविकरण भैरहने
१९.	कम्पनी रजिष्ट्रारको कार्यालय	पब्लिक लिमिटेडको रुपमा कम्पनी परिणत	२०७६/०४/२९	-
२०.	खानी तथा भुगर्भ विभाग	चुनढुङ्गा उत्खनन कार्य (पाल्पा जिल्लाको निस्दी गा.पा. साविक ज्यामिरे गा.वि.स मा)	२०७६/०७/०८	२१०६/०७/०७
२१.	नेपाल गुणस्तर तथा नापतौल विभाग	गुणस्तर प्रमाणपत्र चिन्ह (GREEN SARBOTTAM CEMENT)	२०७६/१०/०५	वार्षिक रुपमा नविकरण भैरहने
२२.	खानी तथा भुगर्भ विभाग	खानीको चुनढुङ्गा उत्खनन् कार्य (पाल्पा जिल्लाको तिनाउ गा.पा.वडा नं. १ मा)	२०७७/०९/०६	वार्षिक रुपमा नविकरण भैरहने

२३.	खानी तथा भुगर्भ विभाग	खानीको चुनढुङ्गा उत्खनन कार्य (धादिङ्ग जिल्लाको बेनीघाट रोराङ गा.पा. अन्तर्गत कान्द्राङ्गढीमा)	२०७८/०९/३०	२१०८/०९/२९
२४.	खानी तथा भुगर्भ विभाग	खानीको चुनढुङ्गा उत्खनन कार्य (पाल्पा जिल्लाको तिनाउ गा.पा. साविक कयल गा.वि.स.मा)	२०७८/११/०९	२१०८/११/०८
२५.	उद्योग विभाग	SAURAV GREEN SARBOTTAM PREMIUM PPC CEMENT (and Logo) प्रयोजनका लागि ट्रेडमार्क दर्ता (शुभश्री जगदम्बा सिमेन्ट मिल्स प्रा.लि. लाई सर्वोत्तम ब्राण्ड प्रयोग गर्न स्वीकृति)	२०७९/०५/३०	वार्षिक रुपमा नविकरण भैरहने
२६.	उद्योग विभाग	JAGADAMBA ULTRA PREMIUM OPC CEMENT (and Logo) र JAGADAMBA CEMENT (and Logo) प्रयोजनका लागि ट्रेडमार्क दर्ता (शुभश्री जगदम्बा सिमेन्ट मिल्स प्रा.लि. लाई सर्वोत्तम ब्राण्ड प्रयोग गर्न स्वीकृति)	२०७९/०५/३०	वार्षिक रुपमा नविकरण भैरहने
२७.	नेपाल गुणस्तर तथा नापतौल विभाग	ब्राण्ड थप सम्बन्धमा (JAGADAMBA ULTRA OPC CEMENT र JAGADAMBA CEMENT)	२०७९/०७/२४	वार्षिक रुपमा नविकरण भैरहने

संगठित संस्थाको प्रबन्धपत्र नियमावलीमा हालसम्म भएको संशोधन, सम्बन्धित दफा, संशोधनको विषय, संशोधन स्वीकृत भएको सञ्चालक समिनितिको निर्णय नं. र मिति, संशोधन स्वीकृत गर्ने साधारणसभाको मिति र उक्त संशोधन नियमन निकाय वा कम्पनी रजिष्ट्रारको कार्यालयमा अभिलेख भएको मिति समेत खुल्न विवरण :

(क) प्रबन्धपत्र तर्फ

क्र. सं.	संशोधन भएको सम्बन्धित दफा	संशोधनको विषय	सञ्चालक समितिको निर्णय नं./मिति (वि.सं.)	संशोधन स्वीकृत गर्ने साधारणसभा/विशेष साधारणसभाको मिति (वि.सं.)	कम्पनी रजिष्ट्रारको कार्यालयमा अभिलेख भएको मिति (वि.सं.)
१.	प्रबन्धपत्र सम्पूर्ण रुपमा पूर्नलेखन ।	प्रा.लि. बाट पब्लिक लि. कम्पनीको रुपमा परिणत भएकोले प्रबन्धपत्र सम्पूर्ण रुपमा पूनर्लेखन गरिएको	२०७६/०३/२८	२०७६/०४/१४	२०७६/०४/३०
२.	दफा ६(ख)	अधिकृत तथा जारी पूँजी वृद्धि	२०७६/०४/०५	२०७६/०४/२१	२०७६/०४/२२
३.	दफा ६ (ख), (ग), (घ) (ङ), (च), (छ) र (ज)	जारी तथा चुक्ता पूँजी वृद्धि, शेयर संरचना स्वामित्व परिवर्तन, हकप्रद शेयर निष्काशन तथा हक हस्तान्तरण सम्बन्धी व्यवस्था	२०७७/०८/०४	मिति २०७७/०८/२३ मा सम्पन्न भएको विशेष साधारणसभाको निर्णय अनुसार	२०७७/११/१४
४.	दफा ६ (क), (ख), (ग), (घ) र (ङ)	अधिकृत, जारी तथा चुक्ता पूँजी वृद्धि तथा शेयर संरचना परिवर्तन सम्बन्धी	निर्णय नं १, २, ३, र ४/ मिति २०७८/०२/२५ मा बसेको सञ्चालक समितिको निर्णय अनुसार	मिति २०७८/०३/१० मा सम्पन्न भएको विशेष साधारण सभाको निर्णय अनुसार	२०७८/०३/३०

नोटः कम्पनी प्रा.लि.बाट पब्लिक कम्पनीमा परिणत भए पछिको विवरण उल्लेख गरिएको ।

(ख) नियमावलीतर्फ

क्र.सं.	संशोधन भएको सम्बन्धित नियम	संशोधनको विषय	सञ्चालक समितिको निर्णय नं./मिति (वि.सं.)	संशोधन स्वीकृत गर्ने साधारणसभा/विशेष साधारण सभाको मिति (वि.सं.)	कम्पनी रजिष्ट्रारको कार्यालयमा अभिलेख भएको मिति (वि.सं.)
१.	नियमावली सम्पूर्ण रुपमा पूनर्लेखन	प्रा.लि. बाट पब्लिक लि. कम्पनीको रुपमा परिणत भएकोले नियमावली सम्पूर्ण रुपमा पूर्नलेखन गरिएको ।	२०७६/०३/२८	२०७६/०४/१४	२०७६/०४/३०

नोटः कम्पनी प्रा.लि.बाट पब्लिक कम्पनीमा परिणत भए पछिको विवरण उल्लेख गरिएको ।

वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धी व्यवस्था :

कम्पनीको उद्योग नवलपरासी जिल्ला, सुनवल न.पा. वडा नं. ११, जोडेनी र चुनढुङ्गा खानी उत्खनन सम्बन्धी उद्योग पाल्पा जिल्लाको तिनाउ गा.पा.वडा नं. १ (साविक कचल गा.वि.स. को वडा नं ३) र निस्दी गा.पा. वडा नं. ७ (साविक ज्यामिरे गा.वि.स.) एवं गुल्मी/पाल्पा जिल्लाको साविक दौधा/सिद्धेश्वर गा.वि.स. सुनापानीमा रहेको छ ।

उद्योगबाट धुलो प्रदुषण र सुक्ष्म पदार्थद्वारा ग्याँसयुक्त प्रदुषण हुने खतरा भए तापनि सो को उचित व्यवस्थापनका लागि कम्पनीले उपयुक्त स्थानहरुमा वातावरण प्रदुषण न्यूनीकरण गर्ने उद्देश्यले Electrostatic Precipitator (ESP), Pulse Jet Bag FILTER, BAGHOUSES र CYCLONES समेत जडान गरेको छ भने ठोस फोहोर व्यवस्थापन आफ्नै उद्योग परिसर भित्र गर्ने भएकाले वरिपरीको क्षेत्रमा प्रतिकुल असर नपर्ने अनुमान गरिएको छ । त्यस्तै कम्पनीले त्यस स्थानको आर्थिक सामाजिक क्षेत्रमा प्रतिकुल असर नपर्ने गरी उद्योगको स्थान चयन गरेको हो ।

यस कम्पनीको उद्योग क्षेत्रभित्र बसोबास गर्ने स्थानीय बासिन्दाहरु तथा सम्बन्धित निकायहरुबाट हालसम्म पनि उक्त क्षेत्रमा उद्योग स्थापना गरेकोमा कुनै नकारात्मक टिप्पणीहरु प्राप्त नभएको तथा यस उद्योगको स्थापनामा कुनै आपत्ति जनाइएको पाइएको छैन ।

यस परियोजनाले मानव स्वास्थ्य, खेतियोग्य जमिन, वन जंगल, वनस्पति र वन्यजन्तु, जमिन, वायुमण्डलमा ध्वनी प्रदुषणमा प्रतिकुल असर नगर्ने र सामाजिक सास्कृतिक तथा धार्मिक मान्यताहरु, प्राकृतिक वासस्थान तथा जलश्रोतमा पनि कुनै असर नगर्ने देखिन्छ भने स्थानीय बासिन्दाको आयआर्जनमा वृद्धि हुने देखिन्छ । साथै वायु प्रदुषण तथा ध्वनी प्रदुषण न्युनिकरणका साथै कामदारहरुको व्यवसायिक स्वास्थ्य र सुरक्षामा उच्च प्राथमिकता दिइने छ । यस परियोजनाको स्थापनाले संस्थापक, स्थानिय बासिन्दाहरु तथा समग्रमा राष्ट्रलाई नै फाइदा हुने देखिन्छ ।

समग्रमा वातारणीय मुल्याङ्कनले प्रस्तावित सिमेन्ट ग्राइन्डिङ उपकरण स्थापना गरे पश्चात् पनि रोकथाम तथा उपचारात्मक उपायहरु अपनाएमा वातावरण, जनस्वास्थ्य, सामाजिक, साँस्कृतिक तथा धार्मिक मान्यताहरुमा उल्लेखनीय नकारात्मक प्रभाव नपर्ने देखिएको हुँदा उक्त क्षेत्रमा क्लिंकर, सिमेन्ट प्लान्ट तथा थप सिमेन्ट, ग्राइन्डिङ्ग प्लान्ट र क्यप्टिभ पावर प्लान्ट स्थापना गर्नका लागि उपयुक्त स्थान रहेको देखिन्छ । साथै, उक्त थप परियोजनाका लागि समेत वातावरण प्रदुषण न्यूनीकरण गर्ने उद्देश्यले Electrostatic Precipitator (ESP), Pulse Jet, Bag FILTER, BAGHOUSES र CYCLONES जडान गरिने लक्ष्य राखिएको छ ।

(च) कम्पनीको कुनै सहायक कम्पनी भएमा सो सहायक कम्पनीको नाम, इतिहास र त्यसका मुख्य उद्देश्यहरुका साथै त्यसमा भएको लगानीको अंश (प्रतिशतमा) हाल सम्म :

(१) सहायक कम्पनीको नाम :

(क) सर्वोत्तम होल्डिङ्गस प्रा.लि.

(ख) सर्वोत्तम इन्भेष्टमेन्ट प्रा.लि.

सहायक कम्पनी सर्वोत्तम होल्डिङ्गस प्रा.लि.को सहायक कम्पनीको नाम :

(अ) सिद्धेश्वर मिनेरल्स प्रा. लि.

(आ) ज्यामिरे मिनेरल्स प्रा. लि.

(२) सहायक कम्पनीको इतिहास र मुख्य उद्देश्य :

(क) सर्वोत्तम होल्डिङ्गस प्रा.लि.

नाम र ठेगाना	सर्वोत्तम होल्डिङ्गस प्रा.लि., का.म.न.पा.२९, सुविधानगर, काठमाण्डौ ।
स्थापना मिति	मिति २०७७/०८/१५
कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता र मिति	दर्ता नं २४९०६६/०७७/०७८ र मिति २०७७/०८/१९
स्थायी लेखा नं.	६०९८६८०५६
शेयर संरचना तथा स्वामित्व	मुख्य कम्पनी सर्वोत्तम सिमेन्ट लि.को शत प्रतिशत शेयर स्वामित्व रहेको र

	सिद्धेश्वर मिनरल्स प्रा.लि.र ज्यामिरे मिनरल्स प्रा.लि मा लगानी रहेको ।
मुख्य उद्देश्य	१.स्वीकृति लिन पर्नेमा स्वीकृति लिई देशको पूर्वाधार विकास कार्यमा आवश्यक पर्ने सिमेन्टको मागलाई मध्यनजर गरी अत्याधिक मेशिन र प्रविधि जडित सिमेन्ट कारखानाको स्थापना गरी क्लिंकर तथा विभिन्न ग्रेड एवं प्रकारका सिमेन्टको उत्पादन गरी स्वदेशमा बिक्री वितरण गर्नुका साथै विदेशमा समेत निकासी गरी विदेशी मुद्रा आर्जन गर्ने । २.सिमेन्टसँग सम्बन्धित चुनढुङ्गा लगायतका आवश्यक सबै खनिज पदार्थहरुको खोजतलास, अन्वेषण एवं उत्खनन् तथा विकास गरी प्रशोधन समेतका कार्यहरु गर्ने, गराउने । ३.खनिज जन्य पदार्थ, क्लिंकर तथा सिमेन्ट लगायतका निमार्ण सामाग्रीहरुको सप्लाइसँग सम्बन्धित टेन्डर एवं ठेक्का पट्टामा भाग लिने, कोटेशन वा ठेक्का बमोजिम आपूर्ति कार्य गर्ने, गराउने, ठेक्का सम्झौतानुसारका कार्यहरु गर्ने, गराउने । ४.प्रचलित कानूनको अधिनमा रही सिमेन्ट उत्पादन गर्ने, आवश्यक पर्ने खनिजजन्य कच्चा पदार्थहरु जस्तै चुनढुङ्गा, बालुवा, स्लेट, पत्थर, कोइला, तामा, जिंक, कोवाल्ट, खनिज तेल, फलामे धाउ, पाइराइट, जिप्सम आदिको खोजलतास, अन्वेषण गर्ने, उत्खनन् गरी प्रशोधन गर्ने, खरिद वा आयात गरी उद्योगलाई बढि हुन जाने सामानहरु निकासी एवं बिक्री वितरण लगायतका कार्यहरु गर्ने । ५कम्पनीको कार्य विस्तार गर्दै जादा सिमेन्टसँग सम्बन्धित अन्य कच्चा पदार्थ, सहायक कच्चा पदार्थ, प्याकिङ्ग मेटेरियल्स लगायतका अन्य वस्तुहरुको उत्पादन र बिक्री वितरण गरी मुनाफा आर्जन गर्ने । ६.विदेशी नागरिक एवं संघ सस्था, कम्पनीसँगको सहायक र संयुक्त लगानी, संयुक्त उपक्रम (Joint Venture) मा नेपालको विकासका लागि आवश्यक उद्योग व्यवसाय सञ्चालन गर्ने सम्बन्धी कार्यहरु गर्ने । विभिन्न प्रकारका उद्योग एवं कम्पनीहरुमा शेयरमा लगानी गरी उक्त उद्योग व्यवसायहरुको व्यवस्थापन सम्बन्धी कार्यहरु गर्ने, गराउने । ७.स्वदेशी वा विदेशी व्यक्ति वा संघ संस्थासँग सम्पर्क विस्तार गरी स्वदेशमा लगानी भित्राउने । उद्योग व्यवसाय सञ्चालन गरी देशलाई औद्योगिक विकासमा सहयोग पुग्ने कार्यहरु गर्ने ।
कार्य तथा सञ्चालनको पछिल्लो अवस्था	यस कम्पनीले सिद्धेश्वर मिनरल्स प्रा.लि. र ज्यामिरे मिनरल्स प्रा.लि. मा शतप्रतिशत लगानी गरेको हुँदा उक्त दुवै कम्पनीहरुबाट चुन ढुङ्गाको उत्खनन तथा बिक्री वितरण कार्य भैरहेको ।

(ख) सर्वोत्तम इन्भेष्टमेन्ट प्रा. लि.

नाम र ठेगाना	सर्वोत्तम होल्डिङ्गस प्रा.लि., का.म.न.पा.२९, सुविधानगर, काठमाण्डौ ।
स्थापना मिति	मिति २०७७/०९/०१
कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता र मिति	दर्ता नं. २५१०३६/०७७/७८ र मिति २०७७/०९/०९
स्थायी लेखा नं.	६०९८८७४२२
शेयर संरचना र शेयर स्वामित्व	मूख्य कम्पनी सर्वोत्तम सिमेन्ट लि.को शत प्रतिशत शेयर स्वामित्व रहेको ।
मुख्य उद्देश्य	१.संघीय नेपालमा हाल सञ्चालनमा रहेका तथा सञ्चालन हुने दुरसञ्चार, सूचना प्रविधि, जलविद्युत, उद्योग, पर्यटन उद्योग, एग्रिकल्चर उद्योग, भौतिक पूर्वाधार निर्माण, बैंकिङ्ग, वित्तीय संस्था, बीमा, शिक्षा तथा मेडिकल क्षेत्र तथा सो सँग सम्बन्धित क्षेत्रका कम्पनीहरुको शेयर तथा डिबेञ्चरमा लगानी गर्ने । २.नेपालभरी सञ्चालनमा रहेका तथा सञ्चालन हुने कुनै पनि पब्लिक तथा प्राइभेट कम्पनीहरुको शेयर तथा डिबेन्चरमा लगानी गर्ने साथै सहकार्य र सामुहिक भावनाको कदर गर्दै लगानी मैत्री वातावरण बनाउनको लागि आवश्यक पहल गर्ने । ३.संघीय नेपालमा हाल सञ्चालनमा रहेका तथा सञ्चालन हुने कुनै पनि पब्लिक तथा प्राइभेट कम्पनीहरुको Mutual Fund, Security, IPO तथा Secondary Market को शेयर तथा डिवेञ्चरमा लगानी गर्ने साथै नेपाल

	सरकार तथा मातहतका निकायले निष्काशन गर्ने Bond, Treasury Bill मा लगानी गर्ने । ४.सम्बन्धित निकायको अनुमति लिनुपर्ने भए अनुमति लिई धितोपत्र बजारसँग सम्बन्धित कारोबार गर्ने, स्टक एक्सचेन्ज, स्टक दलालसँग सम्बन्धित कार्य गर्ने, स्टक खरिद बिक्री गर्ने तथा वित्तीय बजार तथा धितोपत्र बजारको सुपरिवेक्षण वा मध्यस्थतासँग सम्बन्धित कार्य गर्ने साथै सो सँग सम्बन्धित सहायक कार्य गर्न गराउने । ५.आफ्नो लगानी भएका कम्पनी तथा संस्थाको सञ्चालन तथा व्यवस्थापनसँग सम्बन्धित सम्पूर्ण कार्य गर्ने गराउने । ६.आफ्नो उद्देश्यसँग प्रत्यक्ष सरोकार राख्ने कार्यका लागि सरकारी, गैरसरकारी, विदेशी, व्यवसायिक प्रतिष्ठान, कम्पनी, कुटनैतिक नियोग, उद्योग प्रतिष्ठान, कल कारखाना, विद्यालय, वित्तीय संघ संस्थाहरु वा व्यक्तिहरुसँग बोलपत्रद्वारा भाग लिई, सूचीकृत भई वा सोझै वार्ताद्वारा आवश्यक कार्य गर्ने गराउने । ७.आफ्नो व्यवसायिक उद्देश्यका लागि नेपालभरी आफ्नो व्यवसायिक प्रतिनिधी नियुक्त गर्ने । ८.कम्पनीको उद्देश्यसँग मिल्ने अन्य कम्पनी वा फर्मको संयुक्त वा सब एजेन्ट भई कार्य गर्ने गराउने । ९.आफ्नो व्यवसायको लागि आवश्यक पर्ने विभिन्न किसिमका यन्त्र, औजार, उपकरण लगायतका सामाग्रीहरु विदेशबाट आयात गर्ने गराउने ।
कार्य र सञ्चालनको पछिल्लो अवस्था	लगानीका सम्भाव्य क्षेत्रहरु पहिचान गरी अध्ययन गर्ने क्रममा रहेको ।

<u>सहायक कम्पनी सर्वोत्तम होल्डिङ्गस प्रा.लि.को सहायक कम्पनीहरु</u> :

(अ) सिद्धेश्वर मिनेरल्स प्रा. लि.

नाम र ठेगाना	सिद्धेश्वर मिनेरल्स प्रा.लि., का.म.न.पा.२९, सुविधानगर, काठमाण्डौ ।
स्थापना मिति	मिति २०७३/०७/२९
कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता र मिति	दर्ता नं १५८३५८ र मिति २०७३/०७/२९
स्थायी लेखा नं.	६०४३५०३९०
शेयर संरचना तथा स्वामित्व	सहायक कम्पनी सर्वोत्तम होल्डिङ्गस प्रा.लि को शतप्रतिशत शेयर स्वामित्व रहेको ।
मुख्य उद्देश्य	१.स्वीकृति लिन पर्नेमा स्वीकृति लिई देशको पूर्वाधार विकास कार्यमा आवश्यक पर्ने सिमेन्टको मागलाई मध्यनजर गरी अत्याधिक मेशिन र प्रविधि जडित सिमेन्ट कारखानाको स्थापना गरी क्लिंकर तथा विभिन्न ग्रेड एवं प्रकारका सिमेन्टको उत्पादन गरी स्वदेशमा बिक्री वितरण गर्नुका साथै विदेशमा समेत निकासी गरी विदेशी मुद्रा आर्जन गर्ने । २.सिमेन्टसँग सम्बन्धित चुनढुङ्गा लगायतका आवश्यक सबै खनिज पदार्थहरुको खोजतलास, अन्वेषण एवं उत्खनन् तथा विकास गरी प्रशोधन समेतका कार्यहरु गर्ने, गराउने । ३.खनिज जन्य पदार्थ, क्लिंकर तथा सिमेन्ट लगायतका निमार्ण सामाग्रीहरुको सप्लाइसँग सम्बन्धित टेन्डर एवं ठेक्का पट्टामा भाग लिने, कोटेशन वा ठेक्का बमोजिम आपूर्ति कार्य गर्ने, गराउने, ठेक्का सम्झौतानुसारका कार्यहरु गर्ने, गराउने । ४.प्रचलित कानुनको अधिनमा रही सिमेन्ट उत्पादन गर्ने, आवश्यक पर्ने खनिजजन्य कच्चा पदार्थहरु जस्तै चुनढुङ्गा, बालुवा, स्लेट, पत्थर, कोइला, तामा, जिंक, कोवाल्ट, खनिज तेल, फलामे धाउ, पाइराइट, जिप्सम आदिको खोजलतास, अन्वेषण गर्ने, उत्खनन् गरी प्रशोधन गर्ने, खरिद वा आयात गरी उद्योगलाई बढि हुन जाने सामानहरु निकासी एवं बिक्री वितरण लगायतका कार्यहरु गर्ने । ५.कम्पनीको कार्य विस्तार गर्दै जादा सिमेन्टसँग सम्बन्धित अन्य कच्चा पदार्थ, सहायक कच्चा पदार्थ, प्याकिङ्ग मेटेरियल्स लगायतका अन्य वस्तुहरुको

	उत्पादन र बिक्री वितरण गरी मुनाफा आर्जन गर्ने । ६.विदेशी नागरिक एवं संघ सस्था, कम्पनीसँगको सहायक र संयुक्त लगानी, संयुक्त उपक्रम (Joint Venture) मा नेपालको विकासका लागि आवश्यक उद्योग व्यवसाय सञ्चालन गर्ने सम्बन्धी कार्यहरु गर्ने । विभिन्न प्रकारका उद्योग एवं कम्पनीहरुमा शेयरमा लगानी गरी उक्त उद्योग व्यवसायहरुको व्यवस्थापन सम्बन्धी कार्यहरु गर्ने, गराउने । ७.स्वदेशी वा विदेशी व्यक्ति वा संघ संस्थासँग सम्पर्क विस्तार गरी स्वदेशमा लगानी भित्राउने । उद्योग व्यवसाय सञ्चालन गरी देशलाई औद्योगिक विकासमा सहयोग पुग्ने कार्यहरु गर्ने ।
कार्य तथा सञ्चालनको पछिल्लो अवस्था	चुनढुङ्गाको उत्खनन् तथा बिक्री वितरण कार्य भैरहेको ।

(आ) ज्यामिरे मिनेरल्स प्रा. लि.

नाम र ठेगाना	ज्यामिरे मिनेरल्स प्रा.लि., का.म.न.पा.२९, सुविधानगर, काठमाण्डौ ।
स्थापना मिति	मिति २०७९/०१/२१
कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता र मिति	दर्ता नं. २९०३९९ र मिति २०७९/०१/२१
स्थायी लेखा नं.	६१०२८०५६४
शेयर संरचना तथा स्वामित्व	सहायक कम्पनी सर्वोत्तम होल्डिङ्गस प्रा.लि को शतप्रतिशत शेयर स्वामित्व रहेको
मुख्य उद्देश्य	१.स्वीकृति लिन पर्नेमा स्वीकृति लिई देशको पूर्वाधार विकास कार्यमा आवश्यक पर्ने सिमेन्टको मागलाई मध्यनजर गरी अत्याधिक मेशिन र प्रविधि जडित सिमेन्ट कारखानाको स्थापना गरी क्लिंकर तथा विभिन्न ग्रेड एवं प्रकारका सिमेन्टको उत्पादन गरी स्वदेशमा बिक्री वितरण गर्नुका साथै विदेशमा समेत निकासी गरी विदेशी मुद्रा आर्जन गर्ने । २.सिमेन्टसँग सम्बन्धित चुनढुङ्गा लगायतका आवश्यक सबै खनिज पदार्थहरुको खोजतलास, अन्वेषण एवं उत्खनन् तथा विकास गरी प्रशोधन समेतका कार्यहरु गर्ने, गराउने । ३.खनिज जन्य पदार्थ, क्लिंकर तथा सिमेन्ट लगायतका निमार्ण सामाग्रीहरुको सप्लाइसँग सम्बन्धित टेन्डर एवं ठेक्का पट्टामा भाग लिने, कोटेशन वा ठेक्का बमोजिम आपूर्ति कार्य गर्ने, गराउने, ठेक्का सम्झौतानुसारका कार्यहरु गर्ने, गराउने । ४.प्रचलित कानुनको अधिनमा रही सिमेन्ट उत्पादन गर्ने, आवश्यक पर्ने खनिजजन्य कच्चा पदार्थहरु जस्तै चुनढुङ्गा, बालुवा, स्लेट, पत्थर, कोइला, तामा, जिंक, कोवाल्ट, खनिज तेल, फलामे धाउ, पाइराइट, जिप्सम आदिको खोजलतास, अन्वेषण गर्ने, उत्खनन् गरी प्रशोधन गर्ने, खरिद वा आयात गरी उद्योगलाई बढि हुन जाने सामानहरु निकासी एवं बिक्री वितरण लगायतका कार्यहरु गर्ने । .५कम्पनीको कार्य विस्तार गर्दै जादा सिमेन्टसँग सम्बन्धित अन्य कच्चा पदार्थ, सहायक कच्चा पदार्थ, प्याकिङ्ग मेटेरियल्स लगायतका अन्य वस्तुहरुको उत्पादन र बिक्री वितरण गरी मुनाफा आर्जन गर्ने । ६.विदेशी नागरिक एवं संघ सस्था, कम्पनीसँगको सहायक र संयुक्त लगानी, संयुक्त उपक्रम (Joint Venture) मा नेपालको विकासका लागि आवश्यक उद्योग व्यवसाय सञ्चालन गर्ने सम्बन्धी कार्यहरु गर्ने । विभिन्न प्रकारका उद्योग एवं कम्पनीहरुमा शेयरमा लगानी गरी उक्त उद्योग व्यवसायहरुको व्यवस्थापन सम्बन्धी कार्यहरु गर्ने, गराउने । ७.स्वदेशी वा विदेशी व्यक्ति वा संघ संस्थासँग सम्पर्क विस्तार गरी स्वदेशमा लगानी भित्राउने । उद्योग व्यवसाय सञ्चालन गरी देशलाई औद्योगिक विकासमा सहयोग पुग्ने कार्यहरु गर्ने ।
कार्य तथा सञ्चालनको पछिल्लो अवस्था	चुनढुङ्गाको उत्खनन् तथा बिक्री वितरण कार्य भैरहेको ।

(छ) **देहायका कुराहरु समेत उल्लेख गर्नु पर्ने (लागु हुने हदसम्म) :**

(१) **संगठित संस्थाले उत्पादन गर्ने वस्तु वा प्रदान गर्ने सेवाहरु** : चुनढुङ्गा उत्खनन र प्रशोधन गरी अत्याधुनिक प्रविधि जडित प्लाण्ट एण्ड मेशिनरीबाट उच्च गुणस्तरको क्लिंकर तथा विभिन्न ग्रेडका सिमेन्ट उत्पादन तथा बिक्री वितरण गर्ने ।

(२) **प्रयोग भएको वा गरिने प्रविधि** : कम्पनीले डेनमार्कको टेक्नोलोजीबाट बनेको उच्चस्तरीय उत्पादन प्रविधिहरु जडित आधुनिक Rotary Kiln र VRM (Danish) ग्रान्डिङ्ग उपकरण प्रयोगमा ल्याएको छ । साथै, कम्पनीले वायु प्रदुषण नियन्त्रणका लागि ब्याग फिल्टर र ब्याग हाउस जस्तो आधुनिक उपकरणहरुलाई प्रयोगमा ल्याएको छ ।

(३) **कुनै ब्राण्डनेम, प्रतिलिपि अधिकार, ट्रेडमार्क, इजाजतपत्र, प्राविधिक सहयोग सम्झौता र कम्पनीसँग सम्बन्धित बौद्धिक सम्पत्ति हक अधिकार** : कम्पनीले उत्पादन गर्ने सिमेन्टको ब्राण्डनेम ग्रिन सर्वोत्तम सिमेन्ट ओ.पि.सि. र सौरभ ग्रिन सर्वोत्तम सिमेन्ट पि.पि.सि.रहेको छ । उक्त ब्राण्डनेम बाहेक सर्वोत्तम सिमेन्टले ग्रिन सर्वोत्तम पि.एस.सि. सिमेन्ट, सौरभ, श्री शक्ति, भि.आर.एम. सिमेन्ट, N.CEM, Western Cement, Green VRM लगायतका ट्रेडमार्कहरुको पेटेन्ट र डिजाइन ट्रेडमार्क ऐन, २०२२ को दफा १८ बमोजिम उद्योग विभागबाट ट्रेडमार्क चिन्ह दर्ता प्रमाण पत्र प्राप्त गरेको छ, जसको ट्रेडमार्क रजिष्ट्रेशन प्रमाण पत्र नं. क्रमशः ०४७१८२, ३९७२३, ३९७२२, ३९७२५, ३९७२६, ३९७२४, ३९७२७ र ३९७३२ रहेका छन् ।

उक्त ट्रेडमार्क चिन्ह लगायत कम्पनीले प्राप्त गरेका अन्य प्रमाण पत्रहरु कम्पनीको औद्योगिक सम्पत्ति तथा बौद्धिक सम्पत्तिको हक कम्पनीमा सुरक्षित रहेका छन । उपरोक्त ट्रेडमाक मध्ये कम्पनीले ग्रिन सर्वोत्तम सिमेन्ट ओ.पि.सि. (४३ ग्रेड/५३ ग्रेड) र सौरभ ग्रिन सर्वोत्तम पि.पि.सि.को नामको प्रमाणपत्र नं. ६२३ र ४८२ मार्फत नेपाल गुणस्तर तथा नापतौल विभागबाट नेपाल गुणस्तर प्रमाण चिन्ह समेत प्राप्त गरेको छ ।

साथै, सर्वोत्तम सिमेन्टको ब्रान्डनेम ग्रिन सर्वोत्तम सिमेन्ट ओ. पि. सि.मा शुभ श्री जगदम्बा सिमेन्ट मिल्स प्रा.लि.ले उत्पादन गर्ने गरी दुबै पक्ष बीच सम्झौता सम्पन्न भई उद्योग विभाग र नेपाल गुणस्तर तथा नापतौल विभागबाट स्वीकृत प्राप्त भएको छ ।

त्यसैगरी उत्पादित वस्तुको गुणस्तर निर्धारण गर्ने भारतको सरकारी निकाय Bureau of Indian Standard (BIS) बाट कम्पनीबाट उत्पादित सिमेन्टलाई सन् २०२३ जनवरी ११ र सन् २०२३ जुलाई २५ मा प्राप्त स्वीकृति पत्रहरु मार्फत गुणस्तरको सर्टिफिकेट प्राप्त भई उद्योगबाट उत्पादित सिमेन्ट तथा क्लिंकरको भारतमा निर्यात शुरु गरिसकिएको छ ।

(४) **संगठित संस्थाले ओगटेको बजार क्षेत्र :** कम्पनीले उत्पादित वस्तु बिक्री वितरणका लागि उपयुक्त वितरण प्रणाली अपनाएको छ । कम्पनीले ओगटेको प्रमुख बजार क्षेत्र नेपालभरी नै रहेको छ । साथै, निकट भविष्यमा नेपाल बाहिर भारत लगायत अन्य देशहरुमा समेत निकासी गर्ने योजना रहेको छ ।

यस उद्योगबाट उत्पादित सिमेन्टको राष्ट्रिय/स्थानीय बजारमा निम्नानुसार हिस्सा रहेको छ :

सिमेन्टको वार्षिक उत्पादन क्षमता (मेट्रिक टन मा)	आ.व. ०७९/८० को सिमेन्ट बिक्री (टन मा)	आफ्नै चुनढुङ्गा खानी भए/नभएको
९,९०,०००	४,८५,८०२.४९	भएको

(५) **नयाँ उत्पादन तथा सेवा सम्बन्धी योजनाः** हाल कम्पनीले ओ.पि.सि. (४३ ग्रेड/५३ ग्रेड) र पि.पि.सि. सिमेन्टमा प्राथमिकता दिएको भएता पनि आगामी दिनमा आउन सक्ने बजारको मागलाई ध्यानमा राखी पि.एस.सि.,स्लाग सिमेन्ट लगायतका अन्य विभिन्न ब्राण्ड र ग्रेडका सिमेन्ट उत्पादन गरी बजारको आवश्यकतालाई परिपूर्ति गर्ने योजना राखेको छ । कम्पनीले उत्पादन विविधिकरण गर्न सक्ने गरी संरचना बनाएको छ ।

(६) **उत्पादन तथा सेवाको प्रमुख बजार र त्यसको माग र बिक्री वितरणको तरिका** : कम्पनीको उद्योग रहेको जिल्ला नवलपरासी र अन्य जिल्ला तथा स्थानहरु क्रमशः कपिलवस्तु, बुटवल, मकवानपुर, काठमाण्डौ, ललितपुर, भक्तपुर, काभ्रे, सिन्धुपाल्चोक, बारा, पर्सा, दोलखा, चितवन, धादिङ, रौतहट, सर्लाही, सिन्धुली, पोखरा, तनहुँ, गोरखा, स्याङ्गजा, पर्वत, लमजुङ्ग, म्याग्दी, बाग्लुङ्ग, नेपालगञ्ज, धनगढी समेतका क्षेत्रहरुमा उत्पादित सिमेन्ट बिक्री वितरणको लागि कम्पनीले दुई (२) प्रकारका वितरण प्रणाली अवलम्बन गरेको छ । जसमा डिलर वितरण प्रणाली मार्फत होलसेलर, रिटेलर हुँदै ग्राहकसम्म पुरयाउने र अर्को प्रणाली अनुसार उद्योगबाट सोझै ठुला ठुला परियोजना तथा आयोजनाहरुमा सिधै आपूर्ति गर्ने व्यवस्था गरी बिक्री वितरण गर्ने गरिएको छ । साथै बजार प्रर्वद्धनका कार्यहरु समेत सञ्चालन गरिएको छ ।

साथै, सर्वोत्तम सिमेन्टको ब्रान्डनेम "ग्रिन सर्वोत्तम सिमेन्ट ओ.पि.सि." मा शुभ श्री जगदम्बा सिमेन्ट मिल्स प्रा.लि. ले उत्पादन गरी कम्पनीको वीरगञ्ज युनिटबाट पूर्वी तराईका जिल्लाहरुमा बिक्री वितरण शुरु भैसेकेको छ ।

(७) **उत्पादन/सञ्चालन क्षमता र सो को उपभोग स्थिति :** आ.व. २०७४/७५ मा क्लिकर ४,६४,२२२.५६ मेट्रिक टन तथा सिमेन्ट २,९७,२०१.३० मेट्रिक टन उत्पादन गरी बिक्री वितरण गरेको छ भने आ.व. २०७५/०७६ मा क्लिंकर ६,३३,०७०.२४ मेट्रिक टन तथा सिमेन्ट २,९९,७६९.१८ मेट्रिक टन उत्पादन गरी बिक्री वितरण गरेको छ । साथै, आ.व.२०७६/०७७ मा क्लिंकर ८,१९,७५३.७८ मेट्रिक टन तथा सिमेन्ट २,९६,३१२.६५ मेट्रिक टन उत्पादन गरी बिक्री वितरण गरेको छ र आ.व.२०७७/०७८ मा क्लिंकर ९,९७,२७६.०९ मेट्रिक टन तथा सिमेन्ट

५,६०,१४१.५८ मेट्रिक टन उत्पादन गरी बिक्री वितरण गरेको छ । त्यसैगरी आ.व. २०७८/०७९ मा क्लिंकर ८,१४,२४९.९९ मेट्रिक टन तथा सिमेन्ट ६,७४,१८९.६१ मेट्रिक टन उत्पादन गरी बिक्री वितरण गरेको छ र आ.व. २०७९/०८० मा क्लिंकर ५,३६,३२८ मेट्रिक टन तथा सिमेन्ट ४,९३,१९१.२८ मेट्रिक टन उत्पादन गरी बिक्री वितरण गरेको छ । यस कम्पनीको क्लिंकर उत्पादन क्षमता वार्षिक ९,९०,००० मेट्रिक टन (३,००० टिपिडी) र सिमेन्ट उत्पादन क्षमता वार्षिक ९,९०,००० मेट्रिक टन (३,००० टिपिडी) रहेको छ ।

(८) **कच्चा पदार्थको श्रोत, किसिम र उपलब्धता :**

(क) कम्पनीले पाल्पा जिल्लाको तिनाउ गाउँपालिका वडा नं.१ मा ११.९४ वर्ग कि.मी. क्षेत्र खानी तथा भुगर्भ विभागबाट मिति २०६९/०५/०६ गतेदेखि मिति २०९९/०५/०५ सम्म ३० वर्षसम्म अनुमति बहाल रहने गरी मिति २०६९/०५/०६ मा चुनढुङ्गा खानी उत्खनन कार्यको लागि अनुमति पत्र नं. (११।०६९।०७०) प्राप्त गरेको छ ।

(ख) कम्पनीले पाल्पा जिल्लाको तिनाउ गाउँपालिका वडा नं. १ अन्तर्गत रिङसिङ सामुदायिक वनको ४.८९६ हेक्टर वन क्षेत्र चुनढुङ्गा उत्खननका लागि उपयोग गर्न नेपाल सरकार, मन्त्रिपरिषदको निर्णयबाट मिति २०७१/०७/१० गते अनुमति प्राप्त गरेको तथा भोगाधिकार अनुमति प्राप्त गरेको मितिबाट २७ वर्षसम्म अनुमति बहाल रहेको छ ।

(ग) कम्पनीले पाल्पा जिल्लाको तिनाउ गाउँपालिका वडा नं. १ मा रहेको ४.५२ वर्ग कि.मि. क्षेत्र, खानी तथा भुगर्भ विभागबाट (न. ९५।०६८।०६९) मिति २०६८/१०/०६ गतेको पत्रबाट अनुमति प्राप्त गरेको र सो खानीको चुनढुङ्गा उत्खनन् योजना (माइनिङ स्किम) को लागि उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, खानी तथा भूगर्भ विभागको पत्र संख्या : ०७७/७८/१०३३, चलानी नं. १३७१ मिति २०७७/०९/०६ गतेको पत्रबाट स्वीकृति प्राप्त गरे पश्चात् प्रारम्भिक वातावरणीय परिक्षण सम्पन्न भै अनुमति (अनुमति पत्र नं.१०१/०७८/७९) प्राप्त गरिसकेको छ । त्यसैगरी खानी तथा भुगर्भ विभागले पत्रसंख्या: ०७८/७९/२३१७ चलानी नं. ४६४८ मिति २०७९/०१/२५ गतेको पत्रबाट चुनढुंगा खानी उत्खननको लागि ५ हेक्टर क्षेत्र बन क्षेत्रमा पर्ने भएकोले सो को भोगाधिकारको लागि उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयमा सिफारीसका लागि लेखि पठाएको छ ।

(घ) त्यसैगरी खानी तथा भुगर्भ विभागको पत्र संख्या: ०७६/७७/७४३ चलानी नं.१०११ मिति २०७६/०८/११ गतेको पत्र मार्फत पाल्पा जिल्लाको निस्दी गा.पा. अन्तर्गत ५.९२५ वर्ग कि.मी. क्षेत्रफलमा मिति २०७६/०७/०८ देखि ३० वर्षसम्मका लागि ठूला स्तरको चुनढुङ्गा उत्खनन् कार्यका लागि अनुमति प्राप्त गरेको छ । साथै धादिङ्ग जिल्ला बेनिघाट रोराङ गाउँपालिका स्थित कान्द्राङ्गढी चुनढुङ्गा उत्खनन् कार्यका लागि कम्पनी र खानी तथा भुगर्भ विभाग बीच मिति २०७८ साल पुष १४ गते सम्झौता भएको छ ।

साथै, अन्य कच्चा पदार्थहरु जस्तै कोइला, जिप्सम आईरनओर, प्याकिङ्ग मेटेरियल्स लगायतका कच्चा पदार्थहरु आयात तथा स्थानीय बजारबाट खरिद गरी प्रयोग गर्दै आईरहेको छ ।

(९) **गुणस्तर नियन्त्रणको लागि गरिएको व्यवस्था**: अत्याधुनिक भि.आर.एम.प्रविधियुक्त प्लान्ट एण्ड मेशिनरी जडित उद्योगको निर्माण, चुनढुङ्गा संकलनको लागि पर्याप्त क्षेत्रफल सहितको चुनढुङ्गा राख्न सक्ने क्षमतायुक्त भण्डारण व्यवस्था, वातावरणीय वायु प्रदुषण नियन्त्रणका लागि ब्याग फिल्टर र ब्याग हाउस निर्माण तथा नेपाल गुणस्तर चिन्ह आइएसओ प्रमाण पत्र १४००१:२०१५ र आइएसओ प्रमाण पत्र ९००१:२०१५ को मान्यता प्राप्त गरेको छ । उद्योगमा २४ सै घण्टा आफ्नै अत्याधुनिक ल्याबबाट हरेक घण्टामा उत्पादन परिक्षण गर्ने गरिएको छ । चुनढुङ्गाको गुणस्तर परिक्षणको लागि स्वचालित उपकरणहरु उद्योग मै जडीत छन् । साथै उत्पादित सिमेन्टको हरेक ब्याच सरकारी तथा अन्य निजी ल्याबहरुमा समेत नियमित गुणस्तर परिक्षण गर्ने गरिनुका साथै सिमेन्टको Compressive Strength परिक्षण गर्ने उच्च प्रविधियुक्त मेशिनरी जडित टेक्निकल ल्याबबाट सिमेन्टको ज्ञान भएका अनुभवी ईन्जिनियर, प्राविधिक मार्फत निर्माणस्थलमा गई उत्पादित सिमेन्टको गुणस्तरको जानकारी गराउने व्यवस्था मिलाइएको छ । कम्पनीले उत्पादन गरेको सिमेन्ट उच्च गुणस्तरको रहेको छ । साथै, कम्पनीमा रहेको अत्याधुनिक प्रविधियुक्त XRF मेशिनले कच्चा पदार्थको गुणस्तरियताको परिक्षण गर्ने र परिक्षण पश्चात् मात्र कच्चा पदार्थ प्रयोगमा ल्याइने गरिएको छ ।

(१०) **अनुसन्धान तथा विकास** : कम्पनीले पाल्पा जिल्लाको तिनाउ गाउँपालिका वडा नं. १ मा रहेको ४.५२ वर्ग कि.मि. क्षेत्र, खानी तथा भुगर्भ विभागबाट (नं. ९५।०६८।०६९) मिति २०६८/१०/०६ गतेको पत्रबाट अनुमति प्राप्त गरेको र सो खानीको चुनढुङ्गा उत्खनन् योजना (माइनिङ स्किम) को लागि उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, खानी तथा भूगर्भ विभागको पत्र संख्या २०७७/७८/१०२२, चलानी नं. १३७१ मिति २०७७/०९/०६ गतेको पत्रबाट स्वीकृति प्राप्त गरे पश्चात् प्रारम्भिक वातावरणीय परिक्षण सम्पन्न भै अनुमति (अनुमति पत्र नं.१०१/०७८/७९) प्राप्त गरिसकेको छ । त्यसैगरी खानी तथा भूगर्भ विभागले पत्रसंख्या २०७८/७९/२३१७ चलानी नं. ४६४८ मिति २०७९/०१/२५ गतेको पत्रबाट चुनढुङ्गा खानी उत्खननको लागि ५ हेक्टर क्षेत्र बन क्षेत्रमा पर्ने भएकोले सो को

भोगाधिकारको लागि उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयमा सिफारीसका लागि लेखि पठाएको छ । साथै, धादिङ्ग जिल्ला बेनिघाट रोराङ गाउँपालिका स्थित कान्द्राङ्गढी चुनढुङ्गा भण्डारको उत्खनन् कार्यका लागि कम्पनी र खानी तथा भुगर्भ विभाग बीच मिति २०७८ साल पुष १४ गते सम्झौता भएको छ ।

(११) **विगत १२ महिनाको अवधिमा संस्थाको सञ्चालनमा असर पर्ने गरी भएको वाधा, व्यवधान** : विगत १२ महिनाको अवधिमा कम्पनीको सञ्चालनमा असर पर्ने गरी कुनै वाधा व्यवधान नरहेको ।

(१२) **मजदुर संगठनसँगको सम्बन्ध र विगतमा कुनै औद्योगिक विवाद भएको भए, सो सम्बन्धी विवरण :** सो नभएको ।

(१३) **बजार, प्रतिस्पर्धा र अन्य समान उद्योगहरु बीच संगठित संस्थाको स्थिति** : कम्पनीले उत्पादन गरेको सिमेन्टको बजार हिस्सा अत्यन्त उत्साहजनक रहेको छ । उद्योगले उत्पादन गर्ने क्लिंकर तथा सिमेन्टले स्थानिय बजारमा अग्रस्थान ओगट्न सफल भएको छ । नेपालमा स्थापित अन्य उद्योगहरुले पनि यस कम्पनीलाई मुख्य कम्पनी र मुख्य ब्राण्डका रुपमा हेर्ने गरेका छन् । अब सञ्चालनमा आउने उद्योगहरुबाट अवलम्बन गरिने बजार विस्तारका योजनाहरुलाई चनाखो रुपमा हेरी आगामी दिनमा बजारमा आफ्नो स्थिति लिडिङ्ग ब्राण्डका रुपमा स्थापित रहने विश्वास कम्पनीले लिएको छ ।

यस कम्पनी र अन्य समान उद्योगहरु बीच हालसम्म भएको तुलनात्मक स्थितिलाई तथ्याङ्क सहित देहाय बमोजिम प्रस्तुत गरिएको छ :

क्र.सं.	कम्पनीको नाम	सिमेन्टको वार्षिक उत्पादन क्षमता (मेट्रिक टनमा)	आ.व. ०७९/८० को सिमेन्ट बिक्री (मेट्रिक टनमा)	आफ्नै चुनढुङ्गा खानी भए/नभएको
क)	सर्वोत्तम सिमेन्ट लि.	९,९०,०००	४,८५,८०२.४९	भएको

(१४) **प्रमुख ग्राहकहरुको विवरण (जस्तै-संस्थाको कूल वार्षिक कारोबारमा १०% वा सो भन्दा बढीले योगदान गर्ने वा व्यवसायको लागि कम्पनी कुनै प्रमुख ग्राहकसँग निर्भर छ भने तत्सम्बन्धी विवरण)** : सो नभएको ।

(१५) **प्रमुख सप्लायर्सहरुको विवरण (जस्तै-संस्थाको कूल कारोबारमा १०% वा सो भन्दा बढीले योगदान गर्ने सप्लायर्स वा व्यवसायको लागि संगठित संस्था कुनै प्रमुख सप्लायर्ससँग निर्भर छ भने तत्सम्बन्धी विवरण)** : सो नभएको ।

ग.३. ख. सम्पत्तिको विवरण :

(क)संगठित संस्थाको उपकरण (प्लान्ट) तथा अन्य सम्पत्ति रहेको स्थान र उपकरण तथा सम्पत्तिको अवस्था : नवलपरासी जिल्लामा अवस्थित सर्वोत्तम सिमेन्ट लिमिटेडको नाममा सृजना भै सकेको चल अचल सम्पत्तिको २०८० आषाढ मसान्तसम्मको विवरण निम्नानुसार उल्लेख गरिएको छ:

सम्पत्ति तथा उपकरण (रु. हजारमा)

समूह	जग्गा	जग्गा तथा बाटो विकास	भवन	कम्प्यूटर तथा एसेसरिज	सवारी साधन	फर्निचर एण्ड फिक्स्चर	प्लान्ट तथा मेसिनरी	कार्यालय उपकरण	हेभि ईक्विप्मेन्ट्स	खानी विकास	अन्य सम्पत्ति	जम्मा
ग्रस ब्लक												
२०७७ श्रावण ०१	६५,९५२	७९,९०९	२,६२४,६५२	११,१४४	४४,९३८	५७,५८२	६,४२६,५९८	१५,०२१	१८०,६०९	५३,५५९	८,०३९	९,५६८,००३
यस वर्षमा थप खरिद	१७५,६२७	५,८००	३०८,०८७	३,८५४	५,६२०	२,४१८	१,२१६,३९७	३,२३७	४३,१६९	५९,७१६	४,८९९	१,८२८,८२४
अधिग्रहण	१७५,६२७	५,८००	१३,१२६	३,८५४	५,६२०	२,४१८	१३२,३१८	३,२३७	४३,१६९	५९,७१६	४,८९९	**४४९,७८४**
पूँजिकृत	-	-	२९४,९६०	-	-	-	१,०८४,०७९	-	-	-	-	**१,३७९,०४०**
यस वर्षमा बिक्री	-	-	-	(११६)	(२,७४८)	-	-	-	-	-	-	(२,८६४)
समायोजन/पून मूल्याङ्कन	-	-	-		-	-	-	-	-	-	-	-
२०७८ आषाढ मसान्तको ब्यालेन्स	२४१,५७९	८५,७०९	२,९३२,७३८	१४,८८२	४७,८१०	६०,००१	७,६४२,९९५	१८,२५७	२२३,७७८	११३,२७५	१२,९३८	११,३९३,९६३
यस वर्षमा थप खरिद	-	-	३९७,०६०	२,२५६	४,३३१	३,०७३	१६८,९२१	४,३०२	८०,६३९	३९,२५३	२०८	७००,०४२
अधिग्रहण	-	-	३३,७३१	२,२५६	४,३३१	३,०७३	२३,४०४	४,३०२	८०,६३९	३९,२५३	२०८	**१९१,१९७**
पूँजिकृत	-	-	३६३,३२८	-	-		१४५,५१७	-	-	-	-	**५०८,८४६**
यस वर्षमा बिक्री	-	-	-	-	-		(३,५७७)	-	(६,८७९)	-	-	**(१०,४५६)**
समायोजन/पून मूल्याङ्कन	-	-	-	-	-		-	-	-	-	-	-
२०७९ आषाढ मसान्तको यस वर्षमा थप खरिद	६५,९५२	८५,७०९	३,३१६,२४२	१६,९९३	४७,४२५	६३,०७४	७,८०८,३३९	२२,५५९	२७७,५८७	१५०,८२६	८,०३९	११,८६२,७४६
यस वर्षमा थप खरिद	३३६,८५४।२	-	-	४१८।९	-	३५।४	-	६,८१२।५	७,२७१।२	१५।२	-	३५१,४०७।४

अधिग्रहण	-	-	-	४१८।९	-	३५।४	-	६,८१२।५	७,२७१।२	१५।२	-	१४,५५३।२
पूँजिकृत												
यस वर्षमा बिक्री												
समायोजन/पून मूल्याङ्कन	३३,६८५४।२											३३६,८५४।२
२०८० आषाढ मसान्तको यस	**४०२,८०६।३**	**८५,७०९।१**	**३,३१६,२४२।५**	**१७,४१२।०**	**४७,४२५।३**	**६३,१०९।०**	**७,८०८,३३९।१**	**२९,३७२।०**	**२८४,८५७।९**	**१५०,८४१।४**	**८,०३९।०**	**१२,२१४,१५३।७**
ह्रासकट्टी तथा हानी												**-**
२०७७ श्रावण ०१	-	-	४८५,६१०	७,६९८	१८,६२०	३४,४१७	२,४५२,१६८	११,८०६	८६,४८५	२,१८९	५,६२५	३,०९८,९९३
यस वर्षको ह्रासकट्टी	-	-	८७,५०७	२,४२७	७,३५५	७,४५९	४३७,५३१	१,०३३	२३,१०६	३,४३१	१,१५५	**५६९,८४९**
यस वर्षको हानी	-	-	-	-	-	-	-	-	-			**-**
बिक्री	-	-	-	(२)	(२५२)	-	-	-	-			(२५४)
समायोजन	-	-	-	-	-	-	-	-	-			-
२०७८ आषाढ मसान्तको ब्यालेन्स	-	-	५७३,११७	१०,१२३	२५,७२३	४१,८७६	२,८८९,७००	१२,८३९	१०९,५९०	५,६२०	६,७८०	३,६७५,३६७
यस वर्षको ह्रासकट्टी	-	-	९८,०९९	२,८१०	८,३४०	७,९२५	५१८,१०१	१,८५७	२८,६८५	६,३७९	१,७३७	६७३,९३२
यस वर्षको हानी	-	-	-	-	-	-	-	-	-	-	-	-
बिक्री	-	-	-	-	-	-	(२,५६८)	-	(६,००२)	-	-	(८,५७०)
समायोजन	-	-	-	-	-	-	-	-	-	-	-	-
२०७९ आषाढ मसान्तको ब्यालेन्स	-	-	६७१,२१६	१२,९३३	३४,०६२	४९,८०१	३,४०५,२३२	१४,६९५	१३२,२७४	११,९९९	८,५१६	४,३४०,७२९
यस वर्षको ह्रासकट्टी	-	-	५,०२२५	३,१२१	४,७६६	१०१०	१६३,०७३	२,९११	१९,०५६	५,४१३	८००	२५०,३७५
यस वर्षको हानी												
बिक्री												
समायोजन												
२०८० आषाढ मसान्तको ब्यालेन्स	-	-	**७२१,४३०**	**१५,९८८**	**३७,९७७**	**५०,८११**	**३,५६८,३०५**	**१७,६०९**	**१४८,२१७**	**१७१०२**	**७,८८८**	**४,५८५,३२४**
कार्यगत पूँजी-२०७८/०३/३१	-	-	३२१,७३१	-	-	-	७४,४४४	-	-	-	-	३९६,१७५
कार्यगत पूँजी-२०७९/०३/३१	-	-	-	-	-	-	-	-	-	-	-	-
कार्यगत पूँजी-२०८०/०३/३१			**५१,३८२**				**५२२,२५३**					**५७३,६३५**
कुल बुक भ्यालु												
२०७८ आषाढ मसान्त	२४१,५७९	८५,७०९	२,६८१,३५२	४,७५९	२२,०८७	१८,१२५	४,८२७,७४०	५,४१९	११४,१८८	१०७,६५५	६,१५८	८,११४,७७०
२०७९ आषाढ मसान्त	२४१,५७९	८५,७०९	२,६५८,५८२	४,२०४	१८,०७८	१३,२७३	४,४०३,१०७	७,८६४	१६५,२६४	१४०,५२९	४,६३०	७,७४२,८२१
२०८० आषाढ मसान्त	**४०२,८०६**	**८५७,०९**	**२,६४६,१९५**	**१,४२४**	**९,४४८**	**१२,२९८**	**४,७६२,२८७**	**११७६६**	**१३६,६४१**	**१३३,७३९**	**१५२**	**८२०,२४६५**

(ख) बुँदा नं.(१) मा उल्लेखित सम्पत्ति संगठित संस्थाको आफ्नै सम्पत्ति हो या लिजमा लिएको, लिजमा लिएको भए लिजको अवधि मिति समेत उल्लेख गर्नुपर्ने : कम्पनीको आफ्नै सम्पत्ति रहेको ।

परियोजना निर्माण तथा सञ्चालनका लागि खरिद गरिएको जग्गाहरुको विवरण :

क्र.सं.	विवरण	कित्ता नं.	क्षेत्रफल	जग्गाधनी
१.	सुनवल न.पा. ११, नवलपरासी	१४५	०-४-०-०	
२	सुनवल न.पा. ११, नवलपरासी	१३६	०-६-१०-०	
३	सुनवल न.पा. ११, नवलपरासी	१३९	०-०-१५-०	
४	सुनवल न.पा. ११, नवलपरासी	१४२	०-२-१०-०	
५	सुनवल न.पा. ११, नवलपरासी	१४०	०-०-१५-०	
६	सुनवल न.पा. ११, नवलपरासी	१४३	०-२-२-२	
७	सुनवल न.पा. ११, नवलपरासी	२८	०-१०-०-०	
८	सुनवल न.पा. ११, नवलपरासी	१००	०-४-१०-०	
९	सुनवल न.पा. ११, नवलपरासी	३७	०-३-०-०	

१०	सुनवल न.पा. ११, नवलपरासी	५७	०-७-०-०	
११	सुनवल न.पा. ११, नवलपरासी	१३५	०-७-०-०	
१२	सुनवल न.पा. ११, नवलपरासी	१११	०-२-१०-०	
१३	सुनवल न.पा. ११, नवलपरासी	५३	०-८-१०-०	सर्वोत्तम सिमेन्ट लि.
१४	सुनवल न.पा. ११, नवलपरासी	१४९	०-४-३-०	
१५	सुनवल न.पा. ११, नवलपरासी	८९	०-९-१७-२	
१६	सुनवल न.पा. ११, नवलपरासी	११७	०-०-७-०	
१७	सुनवल न.पा. ११, नवलपरासी	१३०	०-०-१०-०	
१८	सुनवल न.पा. ११, नवलपरासी	१३२	०-०-१०-०	
१९	सुनवल न.पा. ११, नवलपरासी	१३४	०-०-१०-०	
२०	सुनवल न.पा. ११, नवलपरासी	१२८	०-१-०-०	
२१	सुनवल न.पा. ११, नवलपरासी	१४४	०-१-०-०	
२२	सुनवल न.पा. ११, नवलपरासी	८२	०-१२-०-०	
२३	सुनवल न.पा. ११, नवलपरासी	४१	०-८-०-०	
२४	सुनवल न.पा. ११, नवलपरासी	१५१	०-२-०-०	
२५	सुनवल न.पा. ११, नवलपरासी	१५०	०-२-०-०	
२६	सुनवल न.पा. ११, नवलपरासी	५९	०-८-०-०	
२७	सुनवल न.पा. ११, नवलपरासी	११३	०-२-९-०	
२८	सुनवल न.पा. ११, नवलपरासी	१०३	०-३-०-०	
२९	सुनवल न.पा. ११, नवलपरासी	१५२	०-२-०-०	
३०	सुनवल न.पा. ११, नवलपरासी	१५३	०-२-०-०	
३१	सुनवल न.पा. ११, नवलपरासी	७४	०-५-०-०	
३२	सुनवल न.पा. ११, नवलपरासी	९९	०-७-०-०	
३३	सुनवल न.पा. ११, नवलपरासी	६६	०-१०-०-०	
३४	सुनवल न.पा. ११, नवलपरासी	९७	०-१-०-०	
३५	सुनवल न.पा. ११, नवलपरासी	३८	०-२-०-०	
३६	सुनवल न.पा. ११, नवलपरासी	१३७	०-६-१०-०	
३७	सुनवल न.पा. ११, नवलपरासी	५५	०-११-७-०	सर्वोत्तम सिमेन्ट लि.
३८	सुनवल न.पा. ११, नवलपरासी	९८	०-८-१७-२	
३९	सुनवल न.पा. ११, नवलपरासी	७०	०-४-०-०	
४०	सुनवल न.पा. ११, नवलपरासी	९१	०-३-१६-०	
४१	सुनवल न.पा. ११, नवलपरासी	९३	०-१-४-०	
४२	सुनवल न.पा. ११, नवलपरासी	१२९	०-०-१०-०	
४३	सुनवल न.पा. ११, नवलपरासी	१३१	०-०-१०-०	
४४	सुनवल न.पा. ११, नवलपरासी	१३३	०-०-१०-०	
४५	सुनवल न.पा. ११, नवलपरासी	१५५	०-१-०-०	
४६	सुनवल न.पा. ११, नवलपरासी	१४७	०-२-१०-०	
४७	सुनवल न.पा. ११, नवलपरासी	१२०	०-०-१६-३	
४८	सुनवल न.पा. ११, नवलपरासी	५८	०-१०-०-०	
४९	सुनवल न.पा. ११, नवलपरासी	३९	०-५-०-०	
५०	सुनवल न.पा. ११, नवलपरासी	२७	०-९-१५-०	
५१	सुनवल न.पा. ११, नवलपरासी	४६	०-८-०-०	
५२	सुनवल न.पा. ११, नवलपरासी	७३	०-१-१०-०	
५३	सुनवल न.पा. ११, नवलपरासी	८०	०-३-६-०	
	जम्मा		**११-३-४-५**	

(ग) यदि सम्पत्ति संगठित संस्थाको स्वामित्वमा रहेको भएमा उक्त सम्पत्ति माथि कुनै लियन वा मोर्टगेज भए सो सम्बन्धी विवरणः

शुरुमा मिति २०६९/१०/१८ (तदनुसार जनवरी ३१, २०१३) मा लिड बैंक प्राईम कमर्शियल बैंक लि. तथा सहवित्तीयकरण बैंकहरु क्रमशः नेपाल बैंक लि., नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि., राष्ट्रिय वाणिज्य बैंक लि. र प्रभु बैंक लि. बीच भएको ऋण सम्झौता बमोजिम उक्त बैंकहरुबाट परियोजना निर्माण तथा संचालनका लागि कर्जा लिएकोमा हाल रु.४,०५,९५,४०,७६०/- (अक्षरेपी चार अर्ब

पाँच करोड पन्चानब्बे लाख चालिस हजार सात सय साठी रुपैयाँ मात्र) कर्जा लगानीमा रहिरहेको र उक्त कर्जा र सो को ब्याज तथा अन्य दस्तुर समेत खाम्ने गरी सुरक्षण वापत कम्पनीको नाममा हाल रहेको र आयोजनाको चल अचल सम्पत्ति कम्पनीको नाममा रहेको नवलपरासी जिल्ला सुनवल स्थित परियोजनाको नाममा रहको ११-३-४-५ क्षेत्रफल जग्गा उक्त बैंकहरुको नाममा दृष्टिबन्धकको लिखत रजिष्ट्रेशन पारित गरिएको छ ।

(घ) **विवरणपत्र बोर्डमा पेश गरिएको मितिमा संगठित संस्थाको सम्पत्तिको कितावी मूल्य र बजार मूल्य बीच फरक भएमा सो को विवरण :** नवलपरासी जिल्ला सुनवल स्थित कम्पनीको नाममा रहको ११-३-४-५ क्षेत्रफल बराबरको जग्गाको परल मुल्य रु.६५,९५२,०८८/- रहेकोमा सो जग्गाको पूर्नमूल्याङ्कन पश्चात् बुक भ्यालु रु.४०२,८०६,२७५।- कायम भएको तथा अन्य सम्पत्तिहरुको मुल्य परलमोलमा नै राखिएको र पुनर्मूल्याङ्कन गरिएको छैन ।

(ङ) **सम्पत्तिको मूल्याङ्कन गरिएको तरीका सम्बन्धी विवरण :** कम्पनीको सम्पूर्ण सम्पत्तिहरु ऐतिहासिक लागत मुल्यमा ह्रासकट्टी गरी मुल्याङ्कन गरिएको ।

ग.३.ग. भावी योजना तथा रणनीति :

(क) व्यवसाय/सेवाको वृद्धिका लागि संस्थाको भावी योजना र त्यस्तो योजनाको प्राप्तिका लागि चालिने समयवद्ध रणनीति :

उत्पादन विविधिकरण गर्ने, उद्योगसँग सम्बन्धित खानीहरुको अनुसन्धान तथा विकास गर्ने, थप खानी क्षेत्रहरुको अनुमति लिई चुनढुङ्गा र आइरनओरको व्यवस्थापन दीर्घकालिन रुपमा प्रबन्ध गर्ने, उद्योगको क्षमता विस्तार गर्ने तथा उपयुक्त अन्य स्थानमा शाखा उद्योग खोली सञ्चालन गर्ने योजना कम्पनीको रहेको छ । साथै, अन्य योजनाहरु देहाय अनुसार रहेका छन् ।

(१) कम्पनीको मुख्य उद्देश्य नेपालको सिमेन्ट उद्योग विकासमा एक अग्रणी कम्पनीको रुपमा स्थापित गर्नु रहेको छ ।
(२) कम्पनीको प्लान्ट तथा उत्पादन क्षमतालाई वृद्धि गर्ने तथा सोही अनुसार बजार विस्तार गर्ने ।
(३) गुणस्तरीय उत्पादनलाई प्राथमिकतामा राखी देश विकास, पुर्ननिर्माण तथा भौतिक पुर्वाधार निर्माणमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने ।
(४) सिमेन्टसँग सम्बन्धित खनिज पदार्थहरुको अन्वेषण तथा विकास र उत्खनन् कार्य गर्ने ।
(५) अन्य सिमेन्ट उत्पादकहरुलाई परामर्श सेवा तथा ईक्वीपमेण्ट उपलब्ध गराउने ।

उक्त योजनाहरु प्राप्तीका लागि हालसम्म कम्पनीले देहाय बमोजिमका कार्यहरु गरेको छ :

(१) कम्पनीले आफ्नो उत्पादनहरुमा गुणस्तरियता कायम गरी निर्माण जगतको विश्वास जित्नुको साथै उल्लेख्य रुपमा सर्वोत्तम सिमेन्टको ब्राण्डसँग कार्य गरिरहेको छ । बजार विस्तारलाई उच्च महत्व दिई बिक्री पछिको प्राविधिक सेवाका लागि विशेषज्ञ ईन्जिनियरहरुको टोली निर्माणस्थलमा नै पुगी निःशुल्क रुपमा सेवा प्रदान गर्ने कार्य विगत वर्षहरुदेखि सञ्चालन गर्ने एक मात्र सिमेन्ट उत्पादक कम्पनीको रुपमा रहेको छ ।
(२) दैनिक १,१९० मे. टन सिमेन्ट र १,२०० मे. टन क्लिंकरबाट उत्पादन शुरु गरेको उद्योगले आफ्नो उत्पादन क्षमता विस्तार गर्दै लगी हाल दैनिक ३,००० मे. टन सिमेन्ट र ३,००० मे. टन क्लिंकर उत्पादन तथा विक्री वितरण गरिरहेको छ ।
(३) नवलपरासी, चितवन, पाल्पा, धादिङ र ललितपुर लगायतका जिल्लाहरुमा सम्भावित चुनढुङ्गा खानीस्थलहरुको थप पहिचानका लागि प्राथामिक चरणका कार्यहरु गरिरहेको छ ।
(४) कम्पनीले भविष्यमा लगानीका सम्भाव्यताहरु अध्ययन गरी नाफामूलक आयोजनाहरु पहिचान गर्ने तथा त्यस्ता आयोजनाहरुमा लगानी गरी व्यापार विस्तार गर्न सक्नेछ ।
(५) कम्पनीको प्रक्षेपित गरिएको समयवद्ध रणनीतिहरु देहाय बमोजिम रहेको छ :-

क्र.सं.	विवरण	आ.व. २०८०/८१	आ.व. २०८१/८२	आ.व. २०८२/८३
१. क्षमता उपयोग				
	(क) सिमेन्ट उत्पादन	७५%	८०%	८५%
	(ख) क्लिंकर उत्पादन	८२%	८६%	९०%
२. क्षमता विस्तार				
	(क) ग्राण्डिङ्ग एकाइको प्राप्ती	कोशी प्रदेशमा एक (१) इकाई प्राप्ती गर्ने ।	सुदूर पश्चिम प्रदेशमा एक (१) इकाई प्राप्ती गर्ने ।	
	(ख) चुनढुङ्गा खानी अन्वेषण र ईजाजतपत्र	१ वटा नयाँ चुनढुङ्गा खानीको ईजाजतपत्र लिने ।	आवश्यक खोज तथा अन्वेषण गरी नयाँ चुनढुङ्गा खानीको ईजाजतपत्र लिने ।	
	(ग) नयाँ लगानी	सिमेन्टको खाली बोरा, सिमेन्टको बोर्ड र RMC प्लान्ट स्थापना गर्ने ।		
३. निर्यात				
	(क) कूल बिक्री मध्ये निर्यातबाट प्राप्त हुने हिस्सा	१०%	१५%	२०%

	(ख) सिमेन्टको लागि भारतीय ब्राण्डसँगको सहकार्य ।	भारतीय सिमेन्ट ब्राण्ड कम्पनीहरुसँग सहकार्य गरी आवश्यकता अनुसार ब्राण्ड थप गर्ने योजना रहेको ।

(ख) प्रतिस्पर्धा, विद्यमान आर्थिक स्थिति र समान किसिमको उद्योगको स्थितिको आधारमा कम्पनीको व्यवसायको भविष्यः
देशमा माग बमोजिम सिमेन्ट उत्पादन गर्नु आफैमा सराहनिय काम भएको र सिमेन्ट उत्पादन सँगै माग पनि निर्धारण हुने र सोही अनुसार ग्राहक समेत पहिचान भई बजारमा सहजै बिक्री वितरण हुने अवस्था रहेको हुँदा यस क्षेत्रमा अन्य समान किसिमका उद्योगसँग प्रतिस्पर्धा रहेता पनि माग बमोजिमको गुणस्तरीय सिमेन्टको आपूर्ति हुन नसकेको अवस्थामा यस कम्पनीले उत्पादन गर्ने सिमेन्ट उच्च गुणस्तरको भएको र बिक्री पछिको निःशुल्क प्राविधिक सल्लाह, परियोजना अनुसारको विश्वस्तरका विभिन्न ग्रेड र गुणस्तरका कारण यस कम्पनीले आफूलाई बजारमा सवल उद्योगको रुपमा स्थापित गराउन सफल भएको छ । यस कम्पनीले गुणस्तरलाई प्राथमिकता दिई उत्पादन गर्ने हुनाले समेत यस कम्पनीबाट उत्पादित सिमेन्टले बजारमा आफूलाई स्थापित गराउन सम्भव भएको हो । त्यसैगरी कम्पनीले विभिन्न बैंकहरुबाट लिएको दीर्घकालिन दायित्वका ऋणमध्ये २०८० आषाढ मसान्तसम्म झण्डै ९५.१८ प्रतिशत भन्दा बढी ऋण चुक्ता गरिसकेको सन्दर्भमा भर्खरै स्थापना भएका एवं पहिले देखि नै सञ्चालनमा रहिरहेका सिमेन्ट इन्डष्ट्रिजहरुको तुलनामा कम्पनी आफ्नो व्यवसाय विस्तार एवं विविधिकरणका लागि हिजोका दिनभन्दा थप सबल र सक्षम भएर आएको छ ।

नेपाली बजारमा स्वदेशी उद्योगहरुबाट उत्पादित सिमेन्ट उपलब्ध भएता पनि भारत लगायतका देशहरुबाट सिमेन्ट तथा क्लिंकर आयात भईरहेको अवस्था विद्यमान नै छ । विदेशबाट आयातित सिमेन्टको परिमाणलाई प्रतिस्थापन गर्न सके उक्त बजार हिस्सा स्वतः नेपाली उद्योगहरुले प्राप्त गर्नेछन् ।

ग.३.घ. सञ्चालक समितिको संरचना र प्रतिनिधित्व सम्बन्धी व्यवस्था :

कम्पनीको नियमावलीको नियम (२७) मा भएको व्यवस्था अनुसार ७ (सात) जना सञ्चालक सदस्य रहेको सञ्चालक समिति गठन हुने व्यवस्था रहेको छ । जस अनुसार सञ्चालक समिति देहाय बमोजिम रहेको छ :

संस्थापक शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व हुने सञ्चालक	५ जना
सर्वसाधारण शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व हुने सञ्चालक	१ जना
स्वतन्त्र व्यवसायिक सञ्चालक	१ जना
जम्मा	**७ जना**

नोटः कम्पनीले बुक विल्डिङ्ग विधि मार्फत योग्य संस्थागत लगानीकर्ता, उद्योग प्रभावित क्षेत्रका स्थानीय बासिन्दा, वैदेशिक रोजगारीमा रहिरहेका नेपाली नागरिक तथा सर्वसाधारण लगायतमा धितोपत्र निष्काशन गरी बाँडफाँड गरे पश्चात् कायम हुने शेयरधनीहरु समेतको उपस्थितिमा सम्पन्न हुने साधारणसभा पश्चात् सञ्चालक समितिको संरचना नियमावलीको नियम २७ मा भएको व्यवस्था अनुसार हुनेछ । हाललाई स्वतन्त्र व्यवसायिक सञ्चालकको पद रिक्त रहेको छ ।

कम्पनीको नियमावलीको नियम (२७) मा भएको व्यवस्था अनुसार सञ्चालक हुनको लागि कम्तीमा १०० (एक सय) कित्ता शेयर आफ्नो नाममा खरिद गरेको हुनुपर्नेछ, तर नेपाल सरकार वा कम्पनीको प्रतिनिधित्व गर्ने सञ्चालक र स्वतन्त्र व्यवसायिक सञ्चालकको हकमा उपरोक्त व्यवस्था लागु हुने छैन भन्ने उल्लेख भएको छ ।

ग.४ पूँजी संरचना सम्बन्धी जानकारी :

(क) अधिकृत, जारी तथा चुक्ता पूँजी र संस्थाको स्थापना पश्चात् सो मा परिवर्तन भएको भए तत्सम्बन्धी विवरण :

अधिकृत पूँजी : कम्पनीको अधिकृत पूँजी रु.५,०००,०००,०००।- (अक्षरेपी पाँच अर्ब रुपैंया) रहेको छ । उक्त पूँजीलाई प्रति शेयर अंकित मूल्य रु.१००।- का दरले ५०,०००,००० (पाँच करोड) थान शेयरमा विभाजन गरिएको छ ।

जारी पूँजी : कम्पनीको जारी पूँजी रु.४,६५०,०००,०००।- (अक्षरेपी चार अर्ब पैंसट्ठी करोड रुपैयाँ) रहेको छ । उक्त पूँजीलाई प्रति शेयर अंकित मूल्य रु.१००।- का दरले ४६,५००,००० (चार करोड पैंसट्ठी लाख) थान शेयरमा विभाजन गरिएको छ ।

चुक्ता पूँजी : कम्पनीको चुक्ता पूँजी रु.४,०५०,०००,०००।- (अक्षरेपी चार अर्ब पाँच करोड रुपैयाँ) रहेको छ । उक्त पूँजीलाई प्रति शेयर अंकित मूल्य रु.१००।- का दरले ४०,५००,००० (चार करोड पाँच लाख) थान शेयरमा विभाजन गरिएको छ । योग्य संस्थागत लगानीकर्तालाई छुट्टाइएको २,४००,००० कित्ता शेयर बाँडफाँड गरे पश्चात् कम्पनीको चुक्ता पूँजी रु.४,२९०,०००,०००।- (अक्षरेपी चार अर्ब उनान्तीस करोड रुपैयाँ) पुगेको र सर्वसाधारण (उद्योग तथा खानी उत्खनन् प्रभावित क्षेत्रका स्थानिय बासिन्दाहरु समेत) लाई छुट्टाइएको ३,६००,००० कित्ता शेयर निष्काशन गरी बाँडफाँड गरे पश्चात् कम्पनीको चुक्ता पूँजी रु.४,६५०,०००,०००।- (अक्षरेपी चार अर्ब पैंसट्ठी करोड) हुनेछ ।

संस्थाको स्थापना पश्चात् अधिकृत, जारी तथा चुक्ता पूँजीमा परिवर्तन सम्बन्धी विवरण :

आ.व.	अधिकृत पूँजी (रु.)	जारी पूँजी (रु.)	चुक्ता पूँजी (रु.)	कैफियत
२०७७/०७८	५,०००,०००,०००।००	४,६५०,०००,०००।००	४,०५०,०००,०००।००	कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७८/०३/३० गतेको पत्रानुसार ।
२०७६/०७७	४,०००,०००,०००।००	२,२५०,०००,०००।००	१,९८०,०००,०००।००	कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७७/१०/०६ गतेको पत्रानुसार ।
२०७५/०७६	४,०००,०००,०००।००	२,२५०,०००,०००।००	१,९८०,०००,०००।००	कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७६/०४/२२ गतेको पत्रानुसार ।
२०७४/०७५	४,०००,०००,०००।००	१,९८०,०००,०००।००	१,९८०,०००,०००।००	कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७५/०८/०६ गतेको पत्रानुसार ।

नोट : मिति २०७७/०८/२३ मा सम्पन्न कम्पनीको विशेष साधारणसभाको निर्णय अनुसार हकप्रद शेयर निष्काशन जारी गरी मिति २०७७/१०/०६ मा कम्पनी रजिष्ट्रार कार्यालयबाट चुक्ता पूँजीमा संशोधन गरी सोही बमोजिम कायम गरिएको र आ.व.२०७७/०७८ मा हकप्रद शेयर वापत रु.१,४२०,०००,०००।- प्राप्त भई कम्पनीको तत्काल चुक्ता पूँजी रु.३,४००,०००,०००।- पुगेको, साथै मिति २०७८/०३/१० मा सम्पन्न विशेष साधारणसभाको निर्णय अनुसार रु.६५०,०००,०००।- बराबरको बोनश शेयर प्रदान गरी आ.व. २०७७/०७८ मा चुक्ता पूँजी रु.४,०५०,०००,०००।- कायम भएको ।

(ख) **निष्काशन पछिका चुक्ता पूँजी (समूहकृत गरिएको अवस्थामा सोही अनुरुप) :** कम्पनीको प्रबन्धपत्रको दफा (६) मा उल्लेख भए अनुसार सर्वसाधारणहरुमा साधारण शेयर निष्काशन गरी बाँडफाँड गरे पश्चात् हुने कम्पनीको चुक्ता पूँजीको संरचना देहाय बमोजिम रहेको छ :

क्र. सं.	शेयरधनी	शेयर संख्या	चुक्ता रकम (रु.)	पूँजी संरचना (प्रतिशतमा)	भुक्तानी प्रतिशत
१.	संस्थापक शेयरधनी	४०,५००,०००	४,०५०,०००,०००।००	८७.०९६७%	शतप्रतिशत
२.	सर्वसाधारण समूह (कर्मचारीहरु सहित)	२,६७०,०००	२६७,०००,०००।००	५.७४२०%	सार्वजनिक निष्काशन पश्चात् चुक्ता हुने ।
३.	योग्य संस्थागत लगानीकर्ता	२,४००,०००	२४०,०००,०००।००	५.१६१३%	शतप्रतिशत भुक्तानी भैसकेको ।
४	स्थानीय बासिन्दाहरु (उद्योग तथा चुनढुङ्गा खानी उत्खनन् प्रभावित क्षेत्र)	९३०,०००	९,३०००,०००.००	२%	सार्वजनिक निष्काशन पश्चात् चुक्ता हुने ।
जम्मा		**४६,५००,०००**	**४,६५०,०००,०००.००**	**१००%**	

(ग) शेयर प्रिमियम खाता (निष्काशन पूर्व र निष्काशन पश्चात्) : शेयर प्रिमियम खाताको व्यवस्था देहाय बमोजिम रहेको :

शेयर प्रिमियम खाता (निष्काशन पूर्व) :

बुक विल्डिङ्ग निर्देशिका, २०७७ को दफा (१३) बमोजिम बुक विल्डिङ्ग विधि अन्तर्गत प्रथम चरणमा योग्य संस्थागत लगानीकर्ताहरुलाई २४,००,००० कित्ता शेयर बोलकबोल प्रणाली मार्फत निष्काशन गरी बाँडफाँड गर्दा रु.४०१।०० मा उक्त सम्पूर्ण शेयर बिक्री भई कट अफ मूल्य रु.४०१।०० निर्धारण भएको र सोही निर्देशिकाको दफा (१४) मा भएको व्यवस्था बमोजिम सर्वसाधारणलाई धितोपत्र जारी गर्दा कट अफ मुल्यमा १० प्रतिशत छुट दिई निष्कासन गर्दा कायम हुन आउने प्रति शेयर मूल्य रु.३६०।९० को दरमा सर्वसाधारणमा निष्कासन गरिने ३,६००,००० (छत्तीस लाख मात्र) कित्ता साधारण शेयर निष्काशन गर्दा शेयर प्रिमियम वापत देहाय अनुसारको रकम प्राप्त हुने देखिन्छ ।

क्र.सं	विवरण	निष्काशित शेयर संख्या	शेयर प्रिमियम वापत प्राप्त हुने रकम (प्रति कित्ता) (रु.)	प्राप्त हुने रकम (रु.)	कैफियत
१.	योग्य संस्थागत लगानीकर्ता	२,४००,०००	३०१।००	७२२,४००,०००।००	रकम प्राप्त भैसकेको
२.	सर्वसाधारण (उद्योग प्रभावित क्षेत्रका बासिन्दा, वैदेशिक रोजगारीमा रहेका नेपाली नागरिक, कम्पनीका कर्मचारी तथा सामूहिक लगानी कोष समेत)	३,६००,०००	२६०।९०	९३९,२४०,०००।००	निष्काशन पश्चात् प्राप्त हुने
जम्मा				**१,६६१,६४०,०००।००**	

घ) कम्पनीको जारी पूँजी मध्येको ८७.०९६७% अर्थात ४०,५००,००० (चार करोड पाँच लाख) थान शेयर संस्थापक समूहमा र १२.९०३३% अर्थात ६,०००,००० (साठी लाख) थान शेयर सर्वसाधारणका लागि छुट्याईएको छ ।

ग.५. संस्थापक/सम्बन्धी जानकारी :

ग.५.क. संस्थापक/सञ्चालकको पृष्ठभूमी :

(क) आधारभूत शेयरधनीहरु तथा सञ्चालकहरुको नाम, पद, उमेर, राष्ट्रियता, ठेगाना, शेयर स्वामित्व, शैक्षिक योग्यता, अनुभव, र प्रस्तावित व्यापार/व्यवसायमा अनुभव :

आधारभूत शेयरधनीको विवरण :

क्र.सं.	नाम र ठेगाना	पद	उमेर	राष्ट्रियता	शेयर स्वामित्व/प्रतिशत	शैक्षिक योग्यता	प्रस्तावित व्यापार/व्यवसाय	अन्य कार्य अनुभव
१	श्री बिष्णु प्रसाद न्यौपाने रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं. १९	अध्यक्ष	५८	नेपाली	११,७३४,२७९ (२८.९७%)	सिभिल इन्जिनियर (बि.ई.)	–जगदम्बा सिमेन्ट ईण्डष्ट्रिज प्रा. लि. को पूर्व अध्यक्ष । –शुभ श्री जगदम्बा सिमेन्ट मिल्स प्रा. लि.को पूर्व अध्यक्ष ।	–तत्कालिन कमर्ज एण्ड ट्रष्ट बैंक लि. को पूर्व सञ्चालक । –शुभ श्री जगदम्बा सिमेन्ट मिल्स प्रा. लि. को पूर्व अध्यक्ष । –विगत दुई दशकदेखि सौरभ ग्रुप अन्तर्गतका विभिन्न उद्योग, व्यापार व्यवसायहरुमा आवद्ध रही सञ्चालक तथा व्यवस्थापकिय तहको कार्य अनुभव । –जगदम्बा स्पिनिङ्ग मिल्स प्रा. लि. को वर्तमान अध्यक्ष । –सौरभ चिया उद्योग प्रा. लि.को वर्तमान अध्यक्ष । –सौरभ फोटो इन्टरनेसनलको प्रोपाइटर ।
२	श्री मिना कुमारी अग्रवाल का.जि.का.म. न.पा. वडा नं. २५	शेयरधनी	५१	नेपाली	९,२०४,२२० (२२.७३%)	प्रमाणपत्र तह	–सर्वोत्तम् सिमेन्ट लि. को पूर्व सञ्चालक ।	–इन्टिग्रिटी मोबिलिटी सोलुसन प्रा.लि. को सञ्चालक । –आइएमएस एग्रो प्रा. लि.को सञ्चालक । –आइएमएस डेभलपर प्रा. लि.को सञ्चालक । –आइएमएस वर्ल्ड प्रा. लि.को सञ्चालक । –हेरिटेज इन्टरनेशनल प्रा. लि. को सञ्चालक । –सलोनी ट्रेड कन्सर्न प्रा. लि.को सञ्चालकको रुपमा आवद्ध रही विभिन्न उद्योग व्यापार क्षेत्रमा २० वर्षभन्दा बढीको कार्यानुभव एव. विभिन्न उद्योग, व्यापार, व्यवसाय समेतको अनुभव ।
३	श्री दुर्गा प्रसाद न्यौपाने रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं. ९	शेयरधनी	६१	नेपाली	३,९०३,४८५ (९.६४%)	प्रमाणपत्र तह	–जगदम्बा सिमेन्ट ई.प्रा. को पूर्व सञ्चालक । –शुभ श्री जगदम्बा सिमेन्ट मिल्स प्रा. लि.का पूर्व सञ्चालक । –सर्वोत्तम सिमेन्ट लि. को पूर्व सञ्चालक ।	–जगदम्बा सेन्थेटिक्स प्रा. लि.का वर्तमान अध्यक्ष । –डि पि एन इन्टरप्राइजेजको प्रोपाइटर । –विगत दुई दशकदेखि सौरभ ग्रुप अन्तर्गतका विभिन्न उद्योग, व्यापार व्यवसायहरुमा आवद्ध रही सञ्चालक तथा व्यवस्थापकिय कार्यको अनुभव । –सिद्धेश्वर मिनरल्स प्रा.लि.का वर्तमान अध्यक्ष ।
४	श्री टिकाराम न्यौपाने रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं. ९	सञ्चालक	५५	नेपाली	३,९०३,४८५ (९.६४%)	एस.एल.सी.	–जगदम्बा सिमेन्ट ई.प्रा. लि.को पूर्व अध्यक्ष । –शुभ श्री जगदम्बा सिमेन्ट मिल्स प्रा. लि.को पूर्व अध्यक्ष ।	–लक्ष्मी स्टिल्स प्रा.लि.मा हाल अध्यक्ष । –विगत दुई दशकदेखि सौरभ ग्रुपको अन्तर्गतका विभिन्न उद्योग, व्यापार व्यवसायहरुमा आवद्ध रही सञ्चालक तथा व्यवस्थापकिय कार्यको अनुभव ।

								–सर्वोत्तम मिनरल्स प्रा.लि. का वर्तमान अध्यक्ष ।
५	श्री तेञ्जिङ्ग लाक्देन तामाङ का.जि.का.म.न.पा. वडा नं. १७	सञ्चालक	४५	नेपाली	२,७०८,१४० (६.६९%)	एम.बि.ए.	–सर्वोत्तम सिमेन्ट लि. को सञ्चालकको रुपमा आवद्ध रही विभिन्न उद्योग व्यापार क्षेत्रमा १० वर्षभन्दा बढीको कार्य अनुभव ।	–नेटिभ होटेल प्रा. लि.को सञ्चालक ।
६	श्री नेहा अग्रवाल का.जि.का.म.न.पा. वडा नं. १	शेयरधनी	३१	नेपाली	२,७३७,९१९ (६.७६%)	एम.बि.ए	–	–एभरेष्ट फमास्युटिकल प्रा.लि. को पूर्व अध्यक्ष । –एभरेष्ट प्यारेन्टरल्स प्रा. लि. को पूर्व अध्यक्ष । –विगत दुई दशकदेखि सौरभ ग्रुप अन्तर्गतका विभिन्न उद्योग, व्यापार व्यवसायहरुमा आवद्ध रही सञ्चालक तथा व्यवस्थापकिय कार्यको अनुभव । –लक्ष्मी स्टिल्स प्रा.लि. मा हाल सञ्चालक ।
७	श्री कुन्ती देबी न्यौपाने रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं. ९	शेयरधनी	७९	नेपाली	१,९६८,४१९ (४.८६%)	साधारण लेखपढ	–	–सौरभ ग्रुपमा स्थापना कालदेखि हालसम्म करिब दुई दशक संरक्षकको रुपमा आवद्ध रहनुभएको ।
८	श्री शिखा अग्रवाल बारा जिल्ला, कलैया न.पा. वडा नं. ५	शेयरधनी	२९	नेपाली	२,७६१,७४२ (६.८२%)	एम.बि.ए.	–	–लाइफ स्टाइल कन्सर्न प्रा. लि. को सञ्चालक । –जिन भवानी इन्टरप्राइजेजको प्रोप्राइटरको रुपमा आवद्ध रही व्यापार क्षेत्रमा ५ वर्षभन्दा बढीको कार्यानुभव ।

सञ्चालकहरुको विवरण

क्र.सं.	नाम र ठेगाना	पद	उमेर	राष्ट्रियता	शेयर स्वामित्व/प्रतिशत	शैक्षिक योग्यता	प्रस्तावित व्यापार/व्यवसाय	अन्य कार्य अनुभव
१	श्री बिष्णु प्रसाद न्यौपाने (संस्थापक समूह) रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं. १९	अध्यक्ष	५८	नेपाली	११,७३४,२७९ (२८.९७%)	सिभिल इन्जिनियर (बि.ई.)	–जगदम्बा सिमेन्ट ईण्डष्ट्रिज प्रा. लि. को पूर्व अध्यक्ष । –शुभ श्री जगदम्बा सिमेन्ट मिल्स प्रा. लि.को पूर्व अध्यक्ष ।	–तत्कालिन कमर्ज एण्ड ट्रष्ट बैंक लि. को पूर्व सञ्चालक । –शुभ श्री जगदम्बा सिमेन्ट मिल्स प्रा. लि. को पूर्व अध्यक्ष । –विगत दुई दशकदेखि सौरभ ग्रुप अन्तर्गतका विभिन्न उद्योग, व्यापार व्यवसायहरुमा आवद्ध रही सञ्चालक तथा व्यवस्थापकिय तहको कार्य अनुभव । –जगदम्बा स्पिनिङ्ग मिल्स प्रा. लि. को वर्तमान अध्यक्ष । –सौरभ चिया उद्योग प्रा. लि.को वर्तमान अध्यक्ष । –सौरभ फोटो इन्टरनेसनलको प्रोपाइटर ।
२	श्री बिमल कुमार सावरथिया प्रतिनिधित्व- (कृष्ण ईन्टरनेशल प्रा.लि.का तर्फबाट)	सञ्चालक	५४	भारतिय	५९,५५९/ १.२८ %	५९,५५९ (१.२८ %)	–सर्वोत्तम् सिमेन्ट लि. को पूर्व प्रतिनिधि सञ्चालक समेत रहनु भएको ।	कृष्ण ईन्टरनेशल प्रा. लि. कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता. नं. ८२८४३/०६७/०६८ अन्तर्गत मिति २०६८ बैशाख १९ गते दर्ता भएको कम्पनी हो । यस कम्पनीको मुख्य उद्देश्य स्वदेश तथा विदेशमा उत्पादित कम्प्युटर, इलेकट्रोनिकल लगायतका

	का.जि.का.म. न.पा. वडा नं.२९, डिल्लीबजार							सामानहरुको होलसेल तथा रिटेल व्यापार गर्ने रहेको छ ।
३	श्री टिकाराम न्यौपाने (संस्थापक समूह) रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं. ९	सञ्चालक	५५	नेपाली	३,९०३,४८५ (९.६४%)	एस.एल.सी.	–जगदम्बा सिमेन्ट ई.प्रा. लि.को पूर्व अध्यक्ष । –शुभ श्री जगदम्बा सिमेन्ट मिल्स प्रा. लि.को पूर्व अध्यक्ष ।	–लक्ष्मी स्टिल्स प्रा.लि.मा हाल अध्यक्ष –विगत दुई दशकदेखि सौरभ ग्रुपको अन्तर्गतका विभिन्न उद्योग, व्यापार व्यवसायहरुमा आवद्ध रही सञ्चालक तथा व्यवस्थापकिय कार्यको अनुभव । –सर्वोत्तम मिनरल्स प्रा.लि. का वर्तमान अध्यक्ष ।
४	श्री दिवस न्यौपाने (संस्थापक समूह) का.जि.का.म. न.पा. वडा नं. ११	सञ्चालक	३०	नेपाली	५,९५६ (०.०१४७%)	स्नातक (कमर्स)	–सर्वोत्तम सिमेन्ट लि. को सञ्चालक ।	–सर्वोत्तम सिमेन्ट लि. मा सन् २०१० देखि समग्र रुपमा उद्योगको सुपरिवेक्षकको रुपमा कार्यरत ।
५	श्री तेञ्जिङ्ग लाक्देन तामाङ (संस्थापक समूह) का.जि.का.म. न.पा. वडा नं. १७	सञ्चालक	४५	नेपाली	२,७०८,१४० (६.६९%)	एम.बि.ए.	–सर्वोत्तम सिमेन्ट लि. को सञ्चालकको रुपमा आवद्ध रही विभिन्न उद्योग व्यापार क्षेत्रमा १० वर्षभन्दा बढीको कार्य अनुभव ।	–नेटिभ होटेल प्रा. लि.को सञ्चालक।

नोटः यस विवरणपत्र मार्फत सार्वजनिक निष्काशन गरी शेयर बाँडफाँड गरे पश्चात् सर्वसाधारण समेतको उपस्थितिमा सम्पन्न हुने पहिलो साधारणसभाबाट कम्पनीले नियमावलीमा भएको व्यवस्था बमोजिम स्वतन्त्र सञ्चालक तथा महिला सञ्चालक नियुक्त गर्नेछ ।

(ख) संस्थापकहरु कुनै कम्पनी/संस्था भएमा त्यस्तो कम्पनी/संस्थाको नाम तथा ठेगाना सहितको संक्षिप्त विवरण (Profile) र उक्त कम्पनी/संस्थाका सञ्चालकहरुको नाम, ठेगाना, (प्राकृतिक व्यक्ति नखुलेसम्म) :

क्र. सं.	शेयरधनीको नाम, ठेगाना	कम्पनीको संक्षिप्त परिचय	सञ्चालकको नाम र ठेगाना
१.	कृष्ण ईन्टरनेशल प्रा.लि. का.म.न.पा. वडा नं. २८, कमलादी, काठमाण्डौ ।	यस कम्पनी नेपाल सरकार, कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०६८ बैशाख १९ गते दर्ता भई सोही मितिदेखि आफ्नो कारोबार सञ्चालन गर्दै आएको छ । यस कम्पनीले विविध विद्युतिय सामानहरुको कारोवार गर्नुको साथै मर्मत सम्बन्धी विविध सेवा सञ्चालन गर्दै आएको छ । साथै, यस संस्थाले सर्वोत्तम सिमेन्ट लि.को ५९,५५९ कित्ता अर्थात ०.१५% शेयर धारण गरेको छ ।	मिना कुमारी अग्रवाल-अध्यक्ष, डिल्लीबजार २९, काठमाडौं ।
२.	एस.जि. होल्डिङ्ग प्रा. लि. का.म.न.पा.वडा नं. ११, थापाथली, काठमाण्डौं ।	यस कम्पनी नेपाल सरकार, कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०७७ पौष ५ गते दर्ता भई सोही मितिदेखि नै कोष व्यवस्थापन, वित्तीय बजार प्रशासन, वित्तीय सेवा गतिविधिका साथै अन्य कार्यहरु गरी वित्तीय क्षेत्रमा योगदान पुऱ्याउँदै आएको छ । साथै, यस संस्थाले सर्वोत्तम सिमेन्ट लि.को ६५,५१५ कित्ता अर्थात ०.१६% शेयर धारण गरेको छ ।	मेघा अग्रवाल-अध्यक्ष, वीरगञ्ज ७ पर्सा
३.	शर्मा एण्ड कम्पनी प्रा. लि. नागार्जुन न.पा. वडा नं. ४, सितापाइला, काठमाण्डौ ।	यस कम्पनी नेपाल सरकार, उद्योग वाणिज्य मन्त्रालयमा मिति २०३७ भाद्र ३ गते दर्ता भएको नेपालको एक प्रतिष्ठित निर्माण कम्पनी हो । आर.के शर्मा द्वारा सन् १९२३ मा एकल स्वामित्वमा एस. एण्ड सि. को रुपमा संस्थापना भई वि.सं. २०३७ सालमा नीजि कम्पनीको रुपमा परिवर्तन भएको हो । शुरुवाती समय देखि नै कम्पनी एक प्रमुख भरपर्दो निर्माण व्यवसायी कम्पनीको रुपमा विस्तार भई यस कम्पनीले विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कम्पनीलाई निर्माण सम्बन्धी परामर्श सेवा पुऱ्याउँदै आएको छ । साथै, यस संस्थाले सर्वोत्तम सिमेन्ट लि.को ५९,५५९ कित्ता अर्थात	राधाकृष्ण शर्मा-अध्यक्ष, ताहाचल १३, काठमाण्डौ । रेवती देवी शर्मा - सदस्य, ताहाचल १३, काठमाण्डौ । रमेश शर्मा - सदस्य, ताहाचल १३, काठमाण्डौ ।

		०.१५% शेयर धारण गरेको छ ।	
४.	रसुवा कन्स्ट्रक्शन कम्पनी प्रा. लि. टोखा न.पा.वडा नं. ८, धापासी, काठमाण्डौ ।	यस कम्पनी नेपाल सरकार, कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०५४ बैशाख १६ गते दर्ता भई सोही मितिदेखि ठेक्कापट्टा सम्बन्धी कार्य गदै आएको छ । यो कम्पनी नेपालमा तीन दशकदेखि निर्माण क्षेत्रमा अनुभव बटुलेको प्रख्यात एवं प्रतिष्ठित "क" वर्गको कन्स्ट्रक्सन कम्पनी हो । यस कम्पनीको विशेष कार्य क्षेत्रहरु सडक निर्माण, भवन निर्माण, हाइड्रोपावर निमार्ण इत्यादि हो । राष्ट्रको भौतिक पूर्वाधार निमार्णमा यस कम्पनीले योगदान पुऱ्याउँदै आएको छ । साथै, यस संस्थाले सर्वोत्तम सिमेन्ट लि.को ५९,५५९ कित्ता अर्थात ०.१५% शेयर धारण गरेको छ ।	राजेन्द्रराज आचार्य -अध्यक्ष, काठमाण्डौ मोहन आचार्य -उपाध्यक्ष, काठमाण्डौं ।
५.	हाथवे इन्भेष्टमेन्ट नेपाल लि. लैनचौर, काठमाण्डौ ।	यस कम्पनी नेपाल सरकार, कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०६५ चैत १४ गते दर्ता भई सोही मितिदेखि आफ्नो कारोबार सञ्चालन गर्दै आएको छ । नेपालका ख्याती प्राप्त युवा व्यवसायी, उद्यमी, चार्टर्ड एकाउन्टेन्ट लगायतक अन्य प्रवुद्ध व्यक्तिहरुको समूहद्वारा संस्थापित र सञ्चालित यस कम्पनीले नेपालको पूँजी बजार र लगानीका अन्य क्षेत्रहरुमा लगानी गरी आफुलाई एक सफल कम्पनीको रुपमा उभ्याउन सफल भएको छ । यस कम्पनीले पूँजी बजारको अतिरिक्त जलविद्युत, रियल इस्टेट, आर्थिक पर्यटन र स्वः पूँजीको क्षेत्रमा आफ्नो लगानीलाई विस्तार र विविधिकरण गरी मुलुकको आर्थिक विकासमा योगदान पुर्याउँदै आएको छ । साथै यस संस्थाले सर्वोत्तम सिमेन्ट लि.को ११९,११८ कित्ता अर्थात ०.२९% शेयर धारण गरेको छ ।	योगेश्वर शर्मा ढकाल - अध्यक्ष, टोखा १०, काठमाण्डौं । कुमार पौडेल - सञ्चालक, धापासी ५, काठमाण्डौं । सुरज कुमार श्रेष्ठ - सञ्चालक, कुमारीपाटी, ललितपुर । जयराम नेपाल - सञ्चालक, कल्लेरी ३, धादिङ्ग ।
६.	लाईफस्टाइल कन्सर्न प्रा. लि. वडा नं. ५, गोकर्णेश्वर, काठमाण्डौं ।	यस कम्पनी नेपाल सरकार, कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०७७ कार्तिक २ गते दर्ता भई सोही मितिदेखि आफ्नो कारोबार सञ्चालन गर्दै आएको छ । यस कम्पनीले घरायसी प्रयोजनका सामान तथा उपकरणहरुको थोक आयात, निर्यात सम्बन्धी कारोबार गर्दै थोक बिक्री कार्य गर्दै आइरहेको छ । साथै यस संस्थाले सर्वोत्तम सिमेन्ट लि.को ५,९५६ कित्ता अर्थात ०.०१५% शेयर धारण गरेको छ ।	शिखा अग्रवाल- अध्यक्ष, कलैया, ५ बारा ।

(ग) संगठित संस्थाको सञ्चालकहरु अन्य कुनै कम्पनी, संस्था, कोष, संगठनसँग आवद्ध भए त्यस्तो सञ्चालक र आवद्ध भएको संस्थाको नाम, ठेगाना :

क्र.सं.	सञ्चालकको नाम, ठेगाना	आवद्ध रहेको संस्थाको नाम, ठेगाना
१	श्री बिष्णु प्रसाद न्यौपाने, का.म.न.पा. वडा नं. ३०, ज्ञानेश्वर, काठमाण्डौ ।	–जगदम्बा स्पिनिङ्ग मिल्स प्रा.लि., तिनकुने, काठमाण्डौ । –सर्वोत्तम स्टिल्स प्रा.लि., तीनकुने, काठमाण्डौ । –सर्वोत्तम सिमेन्ट लि., तीनकुने, काठमाण्डौ । –जगदम्बा टि प्रोसेसिङ्ग प्रा.लि., झापा, नेपाल । –सौरभ चिया उद्योग प्रा. लि., झापा, नेपाल । –सौरभ फोटो इन्टरनेसनल, तीनकुने, काठमाण्डौ ।
२	श्री टिकाराम न्यौपाने, ललितपुर म.न.पा., वडा नं.२, सानेपा, ललितपुर ।	–याक निर्माण सेवा प्रोपाईटर, काठमाण्डौ । –सर्वोत्तम मिनरल्स प्रा. लि., तीनकुने, काठमाण्डौ । –लक्ष्मी स्टील प्रा. लि., काठमाण्डौ ।
३	श्री तेञ्जिङ्ग लाक्देन तामाङ, काठमाण्डौ महानगरपालिका, वडा नं.१७, स्वयम्भु, काठमाण्डौं ।	–नेटिव होटेल प्रा. लि., इकापोखरी, काठमाण्डौं १७ ।

कम्पनीको सञ्चालक त्यस्तै खालको अन्य कम्पनीको सञ्चालक नभएको तथा कम्पनी ऐन, २०६३ को दफा ८९ को उपदफा (१) (छ) को पालना गरिएको छ ।

(घ) संस्थापक/सञ्चालकको हक हस्तान्तरण बन्देज सम्बन्धी विवरण :

(क) कम्पनीको शेयर खरिद वा हस्तान्तरण गर्न वा धितोबन्धक राख्न सञ्चालक समितिको स्वीकृति लिनु पर्नेछ । सञ्चालक समितिको पूर्व स्वीकृति बिना गरिएको शेयर खरिद वा हस्तान्तरण मान्य हुनेछैन ।

(ख) सर्वसाधारण शेयरधनी समूह बाहेक संस्थापक समूहका शेयरधनीहरुले लिएको शेयर कम्पनीले सार्वजनिक निष्काशन गरी शेयर बाँडफाँड भएको मितिले ३ (तीन) वर्षको अवधि पूरा नभई बिक्री गर्न पाईने छैन ।

ग.५.ख.संस्थापक/सञ्चालक सँगको कारोबार :

(क)संगठित संस्थाबाट कुनै संस्थापक/सञ्चालकले प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा कुनै वस्तु वा सुविधा (आर्थिक वा गैरआर्थिक) प्राप्त गरेको वा प्राप्त गर्ने भएमा त्यस्तो वस्तु वा सुविधाको प्रकृति र मूल्य र त्यस्तो सुविधा दिए वापत कम्पनीले कुनै सम्पत्ति, सेवा प्राप्त गरेको वा गर्ने भएमा तत्सम्बन्धी विवरण : कम्पनीको निम्न बमोजिम सम्बन्धित संस्थाहरुसँग कारोबार रहेको छ ।

कम्पनी	सम्बन्ध	कारोवार आ.व. २०७९/८० (रु.)	वस्तु वा सुविधा
सर्वोत्तम मिनरल्स प्रा. लि.	यस कम्पनीका शेयरधनी श्री टिकाराम न्यौपाने सो कम्पनीको अध्यक्ष रहनुभएको र उक्त कम्पनीमा निजको ७५.२४ प्रतिशत शेयर स्वामित्व रहेको छ ।	८०२,९६८.८०	चुनढुङ्गा उत्खनन् तथा ढुवानी कार्य
		१५४४२२१.१४	मेशिनरी र ईन्धन बिक्री
सिद्धेश्वर मिनरल्स प्रा. लि.	यस कम्पनीको सहायक कम्पनी सर्वोत्तम होल्डिङ्गस् प्रा. लि. को शतप्रतिशत शेयर स्वामित्व रहेको छ ।	४९३,४९७.६०	चुनढुङ्गा उत्खनन् तथा ढुवानी कार्य
		३१,४३५.३७	उत्खनन् अन्य खर्च वापत बिक्री
जगदम्बा स्पीनिङ्ग मिल्स प्रा.लि.	यस कम्पनीका शेयरधनी श्री बिष्णु प्रसाद न्यौपाने सञ्चालक एवं दुर्गा प्रसाद न्यौपाने शेयरधनीको रुपमा रहनुभएको र उक्त कम्पनीमा निजहरुको क्रमशः २० र ५० प्रतिशत शेयर स्वामित्व रहेको छ ।	१७३,०९३.०६	स्क्रयाप बिक्री
जगदम्बा सिन्थेटिक्स प्रा.लि.	यस कम्पनीका शेयरधनी श्री दुर्गा प्रसाद न्यौपाने सो कम्पनीको अध्यक्ष रहनुभएको र उक्त कम्पनीमा ५५.८६ प्रतिशत शेयर स्वामित्व रहेको छ ।	१८,२१८,०६९.००	सिमेण्ट प्याकिङ्ग ब्याग खरिद
जगदम्बा सिमेन्ट इण्डिष्ट्रिज प्रा.लि.	यस कम्पनीका शेयरधनी श्री बिष्णु प्रसाद न्यौपाने, दुर्गा प्रसाद न्यौपाने शेयरधनी एवं टिकाराम न्यौपाने सो कम्पनीको पूर्व अध्यक्ष/सञ्चालक समेत रहनुभएको र उक्त कम्पनीमा निजहरुको क्रमशः ५, १८.५ र १८.५० प्रतिशत शेयर स्वामित्व रहेको छ ।	१०५,६७७,९९१.०६	क्लिंकर र प्याकिङ्ग ब्याग खरिद
		६०५,३६०,३७८.७९	क्लिंकर, सिमेण्ट र स्क्रयाप बिक्री
शुभश्री जगदम्बा सिमेन्ट मिल्स प्रा.लि.	उक्त कम्पनीमा यस कम्पनीका शेयरधनी श्री बिष्णु प्रसाद न्यौपाने, दुर्गा प्रसाद न्यौपाने शेयरधनी एवं टिकाराम न्यौपाने पूर्व अध्यक्ष/सञ्चालक समेत रहनुभएको र उक्त कम्पनीमा निजहरुको क्रमश १, १८.५ र १८.५० प्रतिशत शेयर स्वामित्व रहेको छ ।	४१४,०७२,५८५.४४	सिमेण्ट खरिद
		४९,११४,१९६.७८	क्लिंकर र स्क्रयाप बिक्री
लक्ष्मी स्टिल्स प्रा.लि	यस कम्पनीका शेयरधनी टिकाराम न्यौपाने र नेहा अग्रवाल सो कम्पनीको सञ्चालक र मिना कुमारी अग्रवाल शेयरधनी रहनु उक्त कम्पनीमा निजहरुको क्रमशः ४०, ११ र २४ प्रतिशत शेयर स्वामित्व रहेको छ ।	४४,६४३,४१०.१६	टिएमटी छड र मटेरीयल खरिद
		११,१२९,९८२.८३	स्क्रयाप बिक्री
सर्वोत्तम स्टिल्स प्रा.लि	यस कम्पनीका शेयरधनी बिष्णु प्रसाद न्यौपानेको २५ प्रतिशत शेयर स्वामित्व रहेको छ ।	३,४७४,२५७.००	टिएमटी छड खरिद
		३७२,७८१.१४	अन्य खर्च बिक्री
सौरभ फोटो इन्टरनेशनल	यस फर्मका शेयरधनी श्री बिष्णु प्रसाद न्यौपाने सो फर्मको पूर्ण स्वामित्वको प्रोप्राईटर रहनुभएको र उक्त कम्पनीमा शतप्रतिशत शेयर स्वामित्व रहेको छ ।	३८३,३८५.५७	बिक्री स्किमको लागि सामान खरिद
न्यौपाने टावर (विष्णु प्रसाद न्यौपाने)	अध्यक्ष	४,६८८,६३०.८०	रजिष्टर्ड कार्यालयको भाडा र बिजुली

(ख) बुँदा (क) मा उल्लेखित वस्तु वा सुविधाको मूल्य निर्धारण गर्न अपनाइएको तरिका : अन्य प्रतिस्पर्धी कम्पनी वा सेवा प्रवाह गर्ने संस्थाहरु समेतबाट लिइएको दरभाउ पत्र अनुसार बजार मूल्य भन्दा बढि नहुने गरी गुणस्तरीय वस्तुको खरिद तथा सेवा लिएको छ । साथै बिक्री गर्दा बजार मूल्यभन्दा घटी नहुने गरी मूल्य निर्धारण गरिने छ ।

ग.६. सीमित दायित्व सम्बन्धी विवरण : यस कम्पनी प्रचलित कम्पनी कानून अन्तर्गत स्थापित तथा सञ्चालित पब्लिक लिमिटेड कम्पनी हो । यसमा शेयरधनीहरुको दायित्व सीमित छ । यस कम्पनीको शेयरधनीको दायित्व निजले खरिद गरेको वा खरिद गर्न कबोल गरेको शेयरको अधिकतम रकमसम्म मात्र सीमित रहनेछ ।

ग.७.संगठित संस्थाको कर्मचारी सम्बन्धी जानकारी :

ग.७.क.संगठित संस्थाको उच्च व्यवस्थापकीय तहका अधिकृत कर्मचारीहरु सम्बन्धी विवरण :

(क) संगठित संस्थाको उच्च व्यवस्थापकीय तहका कर्मचारीको नाम, योग्यता, नियुक्ति भएको मिति, पहिले गरेको कामको अनुभव तथा कम्पनीको शेयर लिएको भए शेयर संख्या सम्बन्धी विवरण । साथै त्यस्तो कर्मचारीहरु अन्य कुनै सूचीकृत कम्पनीको आधारभूत शेयरधनी भए वा अन्य कुनै कम्पनीमा लगानी गरेको भए उक्त कम्पनीको नाम र लगानी गरेको रकम खुलाउनु पर्ने :

क्र.सं.	कर्मचारीको नाम	पद	योग्यता	नियुक्ति मिति	कार्यानुभव	शेयर संख्या	अन्य कुनै संगठित संस्थामा गरेको लगानी	सूचीकृत संगठित संस्थामा आधारभुत शेयरधनी
१	श्री सन्तोष के.सी.	प्रमुख कार्यकारी अधिकृत	चाटर्ड एकाउन्टेण्ट तथा एल.एल.बि.	२०७९/०२/२६	- ज्योती विकास बैंक लि.मा लेखा तथा वित्त शाखाको इन्चार्ज भई १ वर्ष ५ महिनाको कार्यानुभव । -पञ्चकन्या ग्रुपमा वित्त व्यवस्थापक तथा कम्पनी सचिव भई २ वर्षको कार्यानुभव । -सौरभ ग्रुप अर्न्तगत सर्वोत्तम सिमेन्ट लि. मा लेखा तथा वित्त प्रमुख भई ५ वर्ष ५ महिनाको कार्यानुभव सहित जम्मा ८.५ वर्षको कार्यानुभव ।	नभएको	छैन	छैन
२.	श्री निर बहादुर बुढाथोकी	लेखा तथा वित्त प्रमुख	एम.बि.एस.	२०६९/११/११	–गोरखा इन काउण्टर प्रा. लि. मा लेखा प्रबन्धकको रुपमा ५ वर्षको कार्यानुभव –हेरीटेज फ्लोरिङ्ग कार्पेट उद्योग प्रा.लि लेखा प्रबन्धकको रुपमा २ वर्षको कार्यानुभव –सर्वोत्तम सिमेन्ट लि. मा लेखा तथा वित्त प्रमुखको रुपमा १० वर्षको कार्यानुभव गरी जम्मा १७ वर्षको कार्यानुभव ।	नभएको	छैन	छैन
३.	श्री दिपक बराल	भि.पि. सेल्स	ई.एम.बि.ए.	२०७९/०३/०१	-पेप्सीको प्रा.लि. मा सेल्स Executive भई २ वर्षको कार्यानुभव । -एसियन पेन्टस्मा नेशनल सेल्स म्यानेजर भई १८ वर्षको कार्यानुभव । -सम्राट सिमेन्टमा जनरल म्यानेजर भई ९ महिनाको कार्यनुभव ।	नभएको	छैन	छैन
४.	श्री गोपाल कुमार सारदा	ब्राण्ड तथा प्रमोशन प्रमुख	एम.वि.ए.	२०७३/०६/०६	–मारुती सिमेन्ट लि.मा, असिस्टेन्ट मार्केटिङ्ग म्यानेजर भई ६ वर्षको कार्यानुभव । –सर्वोत्तम सिमेन्ट लि. मा ब्राण्ड तथा प्रमोशन प्रमुख भई ६ वर्ष गरी जम्मा १२ वर्षको कार्यानुभव	नभएको	छैन	छैन
५.	श्री अभिषेक झा	प्रोजेक्ट सेल्स प्रमुख	एम.ई. कस्ट्रक्सन	२०७३/०१/०६	–डिपार्टमेन्ट अफ अवान डेभलपमन्ट एण्ड बिल्डिङ्ग कस्ट्रक्शन नेपालमा सिभिल	नभएको	छैन	छैन

					ईन्जिनियरको रुपमा १ वर्ष ५ महिनाको कार्यानुभव । –सर्वोत्तम सिमेन्ट लि. मा प्रोजेक्ट सेल्स प्रमुखको रुपमा ५ वर्षको कार्यानुभव सहित जम्मा ७ वर्षको कार्यानुभव ।			
६.	श्री नवराज पौडेल	कम्पनी सचिव	एम.ए., एल.एल.एम .	२०७४/०१/०६	–प्रिमियर फाईनान्स लि. मा कम्पनी सचिव भएर ८ वर्षको कार्यानुभव । –सर्वोत्तम सिमेन्ट लि.मा ५ वर्ष ५ महिनाको कार्यानुभव गरी जम्मा १३ वर्ष ५ महिनाको कार्यानुभव ।	नभएको	छैन	छैन
७.	श्री अशोक कुमार ठाकुर	बरिष्ठ प्रबन्धक -खानी शाखा	बि.टेक. मेकानिकल	२०७१/०९/०१	–एमएडब्लु इन्टरप्राइजेज मा सर्भिस इन्जिनियर तथा व्यवस्थापक भई ९ वर्षको कार्यानुभव । –एन.ए.सी. भरतपुरमा महाप्रबन्धक भई ४ वर्षको कार्यानुभव । –सर्वोत्तम सिमेन्ट लि. मा खानी शाखा प्रमुख भई ८ वर्षको कार्यानुभव गरी जम्मा २१ वर्षको कार्यानुभव ।	नभएको	छैन	छैन
८.	श्री सुरेन्द्र महासेठ	इलेक्ट्रिकल्स एण्ड इन्स्ट्रुमेन्टेसन प्रमुख	ए.एम.आई.ई. (इलेक्ट्रिकल)	२०७१/०४/१४	–कन्सुल कन्सोलिडेटेड प्रा.लि., भारतमा सर्भिस इन्जिनियर भई २ वर्षको कार्यानुभव । –डि.डि.सी. आर.इ.डि. एस, बाजुरा नेपालमा सोलार इनर्जी एक्सपर्ट भई १ वर्षको कार्यानुभव । –इन्भारोटेक प्रा.लि. नेपालमा सेल्स एण्ड सर्भिस इन्जिनियर भई २ वर्षको कार्यानुभव । –त्रिपुरेश्वर कन्डक्टर उद्योग प्रा.लि., नेपालमा प्रोजेक्ट मेनेजर भई ५ वर्ष ५ महिनाको कार्यानुभव । –शिवम् सिमेन्ट लि.मा इलेक्ट्रिकल मेनेजर (प्रमुख इलेक्ट्रिकल्स एण्ड इन्स्ट्रुमेन्टेसन) भई १ वर्ष ८ महिनाको कार्यानुभव । –सि.जी. सिमेन्ट इण्डष्ट्रिज प्रा. लि. मा इलेक्ट्रिकल्स एण्ड इन्स्ट्रुमेन्टेसन प्रमुख भई १ वर्ष ८ महिनाको कार्यानुभव । –सर्वोत्तम सिमेन्ट लि. मा इलेक्ट्रिकल्स एण्ड इन्स्ट्रुमेन्टेसन प्रमुख भई ७ वर्ष ५ महिनाको कार्यानुभवका साथ जम्मा लगभग २१ वर्षको कार्यानुभव ।	नभएको	छैन	छैन
९.	श्री नेत्र प्रसाद घिमिरे	प्रशासन प्रमुख-फ्याक्ट्री	बि.बि.एस.		–ह्यारी कलेक्सनमा स्टोर किपर भई ३ बर्षको कार्यानुभव । –फेमिली फुड सेन्टर डब्लु एल एल, दोहा, कतारमा स्टोर किपर तथा प्रशासन अफिसर भई ६ वर्षको कार्यानुभव । –सर्वोत्तम सिमेन्ट लि. फ्याक्ट्रीमा	नभएको	छैन	छैन

					प्रशासन प्रमुख भई ९ वर्षको सहित जम्मा १८ वर्षको कार्यानुभव ।			

(ख) विवरणपत्र बोर्डमा प्रस्तुत गर्नु भन्दा १ वर्ष अगाडिको अवधिमा नियम अनुसार अवकाश प्राप्त भएको अवस्था बाहेक संगठित संस्थाको उच्च व्यवस्थापकीय तहमा रहेका कुनै कर्मचारी परिवर्तन भएमा सो सम्बन्धी विवरण उल्लेख गर्नुपर्ने :
यस कम्पनीमा मिति २०७६/०४/०१ देखि कम्पनीको प्रमुख कार्यकारी अधिकृतको रुपमा कार्यरत रहनु भएका भरत बाबु दाहालले मिति २०७८/०४/०५ बाट अवकाश लिनु भएको र कम्पनीको मिति २०७९/०२/२६ गतेको सञ्चालक समितिको ११७ औं बैठकबाट निर्णयानुसार मिति २०७८/०५/०८ गतेदेखि लागु हुने गरी श्री सन्तोष के.सी. ज्युलाई प्रमुख कार्यकारी अधिकृत पदमा नियुक्त गरिएको छ ।

(ग) कर्मचारी संख्या : कम्पनीमा कार्यरत कर्मचारीहरुको विवरण देहाय बमोजिम रहेको छ :

स्थायी	अस्थायी	ज्यालादारी	कुल कर्मचारी संख्या
३६४	-	१०	३७४

ग.७.ख.सञ्चालक एवं उच्च व्यवस्थापकीय तहका अधिकृतलाई दिएको भत्ता तथा पारिश्रमिक सम्बन्धी विवरण :

(क) सञ्चालक समितिको अध्यक्ष लगायत अन्य सदस्यहरुलाई प्रदान गरिने वा गरिएको बैठक भत्ताको दर तथा निजहरुलाई प्रदान गरिने वा गरिएको दैनिक तथा भ्रमण भत्ता तथा अन्य सुविधा :
बैठक भत्ता, भ्रमण भत्ता तथा अन्य सुविधा वापत सञ्चालकहरुलाई आ.व. २०७९/०८० मा प्रदान गरिएको पारिश्रमिकको विवरण निम्न बमोजिम रहेको छ ।

क्र.सं.	नाम, ठेगाना	पद	प्रदान गरिएको वार्षिक पारिश्रमिक (रु.)
१.	श्री बिष्णु प्रसाद न्यौपाने, का.म.न.पा.वडा नं.३० ज्ञानेश्वर	अध्यक्ष	१,४०७,१५६।००
२.	श्री बिमल कुमार सावरथिया (प्रतिनिधित्व-कृष्ण ईन्टरनेशल प्रा.लि.)	सञ्चालक	१,४०७,१५६।००
३.	श्री दिवश न्यौपाने, का.म.न.पा.वडा नं.१२ त्रिपुरेश्वर	सञ्चालक	१,४०७,१५६।००
४.	श्री तेञ्जिङ्ग लाक्देन तामाङ, का.म.न.पा.वडा नं.१७, स्वयम्भु	सञ्चालक	१,३६५,७२०।००

कम्पनीको नियमावलीको नियम ३२ मा सञ्चालकको पारिश्रमिक, बैठक भत्ता, दैनिक भत्ता तथा अन्य सुविधा साधारणसभाले तोके बमोजिम हुनेछ भन्ने व्यवस्था भए अनुसार मिति २०७५/०५/२२ गते सम्पन्न विशेष साधारणसभाबाट निर्णय भए बमोजिम अध्यक्ष र सञ्चालकहरुको पारिश्रमिक निर्धारण गरिएको र हालसम्म पनि सोही पारिश्रमिक कायम रहिरहेको ।

(ख) संगठित संस्थाको उच्च व्यवस्थापकिय तहका तीन जना अधिकृतहरुको नाम र पद र एक आर्थिक वर्षको अवधि भित्र उनीहरुलाई पारिश्रमिकको रुपमा भुक्तान गरिएको रकम :

क्र.सं.	कर्मचारीको नाम	पद	एक आर्थिक वर्ष (आ.व.२०७९/०८०) को अवधिभित्र पारिश्रमिकको रुपमा भुक्तान गरिएको रकम (रु.)
१.	श्री सन्तोष के.सी.	प्रमुख कार्यकारी अधिकृत	१,१३५,८९२।००
२.	श्री निर बहादुर बुढाथोकी	लेखा तथा वित्त प्रमुख	५४२,००५।००
३.	श्री तुलसी राम रेग्मी*	मानव संशाधन तथा प्रशासन प्रमुख	७२३,३६७।५०
४.	श्री दिपक बराल	जि.एम. सेल्स शाखा	३,१८२,०१६।००
५.	श्री गोपाल सारदा	बजारशास्त्र व्यबस्थापक	६९०९२०।००
६.	श्री अभिषेक झा	प्रोजेक्ट सेल्स शाखा प्रमुख	७००,२१३।००
७.	श्री नवराज पौडेल	कम्पनी सचिव	३६३,३०४।००
८.	श्री अशोक कुमार ठाकुर	वरिष्ठ प्रबन्धक (खानी शाखा)	१,०२४,९०१।९५
९.	श्री सुरेन्द्र महासेठ	इलेक्ट्रिकल्स एण्ड इन्स्ट्रुमेन्टेसन प्रमुख	१,०६१,६२४।८३
१०.	श्री नेत्र प्रसाद घिमिरे	प्रशासन प्रमुख-फ्याक्ट्री	९०५,५९८।६७

* मिति २०७८/०२/१५ गतेदेखि कम्पनीको मानव संशाधन तथा प्रशासन प्रमुखको रुपमा कार्यरत रहनु भएका श्री तुलसी राम रेग्मीको मिति २०८०/०२/२४ देखि लागु हुने गरी राजिनामा स्वीकृत भएको ।

(ग)कुनै अधिकृत वा सञ्चालकलाई भविष्यको लागि कुनै रकम प्रदान गरिने गरी करार गरिएको भए सो सम्बन्धी विवरण :
हालसम्म त्यस्तो कुनै करार गरिएको छैन ।

ग.८.अन्तर्निहित जोखिम तथा सो मा व्यवस्थापनको लागि व्यवस्थापनको धारणा :

कम्पनीले बहन गरेको वा गर्ने जोखिम स्पष्ट रुपमा उल्लेख गर्नुपर्ने । यस सन्दर्भमा जोखिमहरुलाई कम्पनीको आन्तरिक वा व्यवसाय/उद्योगसँग प्रत्यक्ष अथवा कम्पनीको नियन्त्रण भन्दा बाहिरको भनी वर्गिकरण गरी प्रमुख रुपमा देहायको जोखिमको विश्लेषण गर्नु पर्ने । संगठित संस्थाले बहन गर्ने जोखिमहरु देहाय बमोजिम रहेका छन् :

(क) वित्तीय साधनको अभावबाट हुने जोखिम :

- उद्योग सञ्चालनमा आइसकेको साथै संस्थामा आवद्ध शेयरधनीहरुले कबुल गरेको सम्पूर्ण रकम प्राप्त भै सकेको र बैकबाट समेत ऋण प्राप्त गरिसकेकोले वित्तीय साधनको अभावबाट हुने जोखिम कम रहेको ।

(ख) कच्चा पदार्थको अभावबाट हुने जोखिम :

- सिमेन्ट उद्योगको लागि चाहिने चुनढुङ्गा कम्पनीसँग प्रयाप्त मात्रामा मौज्दात रहेको ।
(ख) विगत ३ वर्षको नेटवर्थमा भएको औषत प्रतिफल : ९.९३%

(ग) संगठित संस्थाको छुट्टा छुट्टै इकाइहरु वा वस्तुबाट हुने आम्दानी, खर्च, सृजना हुने सम्पत्ति र दायित्वको सम्बन्धमा हुने योगदान सम्बन्धी विवरण (Segment Reporting) को सारांश र Assumption सहित उल्लेख भएको विवरण प्रस्तुत गर्नुपर्ने :

१) कम्पनीको छुट्टा-छुट्टै इकाईहरु वा वस्तुबाट हुने आम्दानी, खर्च, सृजना हुने सम्पत्ति र दायित्वको सम्बन्धमा हुने योगदान सम्बन्धी विवरण (Segment Reporting) आ.व.२०८०/०८१ मा देहाय बमोजिम हुने प्रक्षेपण गरिएको छ :

विवरण	आ.व. २०८०/८१			
	जम्मा	क्लिङ्कर	ओ.पि.सि.	पि.पि.सि.
उत्पादनको इकाई		**मेट्रिक टन**	**ब्याग**	**ब्याग**
बिक्री मात्रा		२२४,८४८	८,३२४,०८८	६,६३७,३२२
बिक्री मात्रा (मेट्रिक टन)	**९७२,९१८**	२२४,८४८	४१६,२०४	३३१,८६६
बिक्री दर		७,०००	४४९	३८३
उत्पादित मात्रा		८११,८००	८,१६७,५००	६,६८२,५००
उत्पादित मात्रा (मेट्रिक टन)	**१,५५४,३००**	८११,८००	४०८,३७५	३३४,१२५
विवरण				
बिक्री				
संचालनबाट आम्दानी	**७,८५३,७२३,८१५**	१,५७३,९३२,८०१	३,७३८,९८८,७२६	२,५४०,८०२,२८७
अन्य आय	**४७,९०५,६७३**	–	–	–
जम्मा बिक्री	**७,९०१,६२९,४८८**	**१,५७३,९३२,८०१**	**३,७३८,९८८,७२६**	**२,५४०,८०२,२८७**
बिक्री लागत				
कच्चा पदार्थ उपभोग				
क्लिङ्कर लागत	**३,५७५,७५२,५१५**	–	२,२३०,८४२,६१४	१,३४४,९०९,९०१
Packing Materials (Value)	**२२६,६६५,३७५**	–	१२६,१०९,९३५	१००,५५५,४४०
अन्य सामान	**४,५८१,०९५**	२,३९२,६७४	१,२०३,६३२	९८४,७९०
जिप्सम खपत	**३१७,७५२,८७५**	–	१७४,७६४,०८१	१४२,९८८,७९४
फ्लायस खपत	**३१४,५७८,६८८**	–	–	–
स्लाग खपत	–	–	–	–
क्लिङ्कर खपत खरिद	–	–	–	–
चुनढुङ्गा खपत	**१,३२९,१००,२७०**	१,३२९,१००,२७०	–	–
आइरन ओर/बक्साईट/लेटराइट खपत	**२६१,७८७,२३५**	२६१,७८७,२३५	–	–
बालुवा/माटो खपत	**२४,३८५,६६०**	२४,३८५,६६०	–	–
कोईला खपत	**२,१९७,९४८,५००**	२,१९७,९४८,५००	–	–
विद्युत खपत	**७२८,३०३,४००**	४८९,५१५,४००	१३१,३३३,४००	१०७,४५४,६००
अन्य उत्पादन खर्च	**६९९,४३५,०००**	३६५,३१०,०००	१८३,७६८,७५०	१५०,३५६,२५०
Change in Inventory of Finished Goods				
शुरुको मौज्दात	**(४७७,१४३,४५७)**	(४०४,१७६,८५३)	(६८,५५९,५११)	(४,४०७,०९३)
अन्तिम मौज्दात	**(२५५,३२५,६१५)**	(२१२,१८३,९५७)	(२३,८२४,४९७)	(१९,३१७,१६०)
कर्मचारी लाभ खर्च- प्रत्यक्ष	**२२९,७०३,९३७**	११९,९७२,७५७	६०,३५२,१४९	४९,३७९,०३१
अन्य प्रत्यक्ष खर्चहरु	**१८७,०१४,४४१**	९७,६७६,३३२	४९,१३५,९६०	४०,२०२,१४९
जम्मा बिक्री लागत	**६,०४३,६३९,३१७**	**४,७१४,७७१,७२३**	**५८७,६३४,१७१**	**७४१,२३३,४२३**

कूल नाफा	**१,८५७,९९०,१७१**	**(३,१४०,८३८,९२२)**	**३,१५१,३५४,५५५**	**१,७९९,५६८,८६४**
खर्चहरु				
कर्मचारी लाभ खर्च- अप्रत्यक्ष	**१२३,६८६,७३५**	२८,५८४,७९०	५२,९११,९२०	४२,१९०,०२५
ह्रासकट्टी तथा परिशोधन	**३३१,५९१,२३०**	७६,६३२,८३९	१४१,८५१,३३६	११३,१०७,०५५
अन्य अप्रत्यक्ष खर्चहरु	**१८७,०१४,४४१**	४३,२२०,२२५	८०,००२,८६५	६३,७९१,३५१
वित्तीय लागत	**१८८,५१७,७२६**	४३,५६७,६४४	८०,६४५,९५४	६४,३०४,१२८
जम्मा	**८३०,८१०,१३३**	**१९२,००५,४९९**	**३५५,४१२,०७५**	**२८३,३९२,५५९**
कर अघिको नाफा/नोक्सान	**१,०२७,१८०,०३८**	**(३,३३२,८४४,४२१)**	**२,७९५,९४२,४८१**	**१,५१६,१७६,३०५**

२) **कम्पनीको छुट्टा-छुट्टै इकाईहरु वा वस्तुबाट हुने आम्दानी, खर्च, सृजना हुने सम्पत्ति र दायित्वको सम्बन्धमा हुने योगदान सम्बन्धी विवरण (Segment Reporting) आ.व.२०८१/०८२ मा देहाय बमोजिम हुने प्रक्षेपण गरिएको छः**

विवरण	आ.व. २०८१/८२			
	जम्मा	क्लिङ्कर	ओ.पि.सि.	पि.पि.सि.
उत्पादनको इकाई		**मेट्रिक टन**	**ब्याग**	**ब्याग**
बिक्री मात्रा		१८६,३००	८,७०६,०००	७,१२४,०००
बिक्री मात्रा (मेट्रिक टन)	**९७७,८००**	१८६,३००	४३५,३००	३५६,२००
बिक्री दर		७,१००	४५८	३९२
उत्पादित मात्रा		८५१,४००	८,७१२,०००	७,१२८,०००
उत्पादित मात्रा (मेट्रिक टन)	**१,६४३,४००**	८५१,४००	४३५,६००	३५६,४००
विवरण				
बिक्री				
संचालनबाट आम्दानी	**८,१००,४५८,४०७**	१,३२२,७३०,०००	३,९८७,५७९,१३३	२,७९०,१४९,२७४
अन्य आय	**५१,८०३,९४४**			
जम्मा बिक्री	**८,१५२,२६२,३५१**	**१,३२२,७३०,०००**	**३,९८७,५७९,१३३**	**२,७९०,१४९,२७४**
बिक्री लागत				
कच्चा पदार्थ उपभोग				
क्लिङ्कर लागत	**३,८३०,१०१,१००**	–	२,३८९,५२५,७६१	१,४४०,५७५,३३९
Packing Materials (Value)	**२३९,८२४,५००**	–	१३१,८९५,९००	१०७,९२८,६००
अन्य सामान	**५,०३९,२०५**	२,६१०,६७२	१,३३५,६९३	१,०९२,८४०
जिप्सम खपत	**३६२,१०२,४००**	–	१९९,१५६,३२०	१६२,९४६,०८०
फ्लायस खपत	**३५८,४४९,३००**	–	–	३५८,४४९,३००
स्लाग खपत	–	–	–	–
क्लिङ्कर खपत खरिद	–	–	–	–
चुनढुङ्गा खपत	**१,३९३,९३४,४२९**	१,३९३,९३४,४२९	–	–
आइरन ओर/बक्साईट/लेटराइट खपत	**२९३,२९९,९५७**	२९३,२९९,९५७	–	–
बालुवा/माटो खपत	**२७,३२५,०८७**	२७,३२५,०८७	–	–
कोईला खपत	**२,३०५,१६५,५००**	२,३०५,१६५,५००	–	–
विद्युत खपत	**७६८,१०१,४००**	५१३,३९४,२००	१४०,०८८,९६०	११४,६१८,२४०
अन्य उत्पादन खर्च	**७३९,५३०,०००**	३८३,१३०,०००	१९६,०२०,०००	१६०,३८०,०००
Change in Inventory of Finished Goods				
शुरुको मौज्दात	**(२५५,३२५,६१५)**	(२१२,१८३,९५७)	(२३,८२४,४९७)	(१९,३१७,१६०)
अन्तिम मौज्दात	**(२७०,३९०,९६२)**	(२२३,४६५,८७१)	(२६,०६९,४९५)	(२०,८५५,५९६)
कर्मचारी लाभ खर्च- प्रत्यक्ष	**२५०,९०३,९१७**	१२९,९८६,३६७	६६,५०४,६५३	५४,४१२,८९८
अन्य प्रत्यक्ष खर्चहरु	**२०१,३८४,३६५**	१०४,३३१,६५९	५३,३७८,९८८	४३,६७३,७१८
जम्मा बिक्री लागत	**६,१९०,४६४,७११**	**४,७५८,७६५,९५७**	**५९०,११५,५१६**	**८४१,५८३,२३९**
कूल नाफा	**१,९६१,७९७,६४०**	**(३,४३६,०३५,९५७)**	**३,३९७,४६३,६१७**	**१,९४८,५६६,०३६**
खर्चहरु				
कर्मचारी लाभ खर्च- अप्रत्यक्ष	**१३५,१०२,१०९**	२५,७४०,९७३	६०,१४५,१७१	४९,२१५,९६६
ह्रासकट्टी तथा परिशोधन	**३२४,३८७,९२१**	६१,८०५,५५३	१४४,४१२,००९	११८,१७०,३५९
अन्य अप्रत्यक्ष खर्चहरु	**२०१,३८४,३६५**	३८,३६९,७१५	८९,६५२,९०८	७३,३६१,७४१
वित्तीय लागत	**७०,२९९,९०९**	१३,३९४,२२५	३१,२९६,३२९	२५,६०९,३५५
जम्मा	**७३१,१७४,३०४**	**१३९,३१०,४६५**	**३२५,५०६,४१७**	**२६६,३५७,४२२**
कर अघिको नाफा/नोक्सान	**१,२३०,६२३,३३६**	**(३,५७५,३४६,४२२)**	**३,०७१,९५७,२००**	**१,६८२,२०८,६१४**

३) **कम्पनीको छुट्टा-छुट्टै इकाईहरु वा वस्तुबाट हुने आम्दानी, खर्च, सृजना हुने सम्पत्ति र दायित्वको सम्बन्धमा हुने योगदान सम्बन्धी विवरण (Segment Reporting) आ.व.२०८२/०८३ मा देहाय बमोजिम हुने प्रक्षेपण गरिएको छः**

विवरण	आ.व. २०८२/८३			
	जम्मा	क्लिङ्कर	ओ.पि.सि.	पि.पि.सि.
उत्पादनको इकाई		**मेट्रिक टन**	**ब्याग**	**ब्याग**
बिक्री मात्रा		१८४,४४४	९,२५२,५००	७,५६९,५००
बिक्री मात्रा (मेट्रिक टन)	**१,०२५,५४४**	१८४,४४४	४६२,६२५	३७८,४७५
बिक्री दर		७,२००	४६७	४०१
उत्पादित मात्रा		८९१,०००	९,२५६,५००	७,५७३,५००
उत्पादित मात्रा (मेट्रिक टन)	**१,७३२,५००**	८९१,०००	४६२,८२५	३७८,६७५
विवरण				
बिक्री				
संचालनबाट आम्दानी	**८,६७९,३८४,४१६**	१,३२७,९९५,०००	४,३१९,७७१,१७३	३,०३१,६१८,२४३
अन्य आय	**५६,०८०,०९२**	-	-	-
जम्मा बिक्री	**८,७३५,४६४,५०८**	**१,३२७,९९५,०००**	**४,३१९,७७१,१७३**	**३,०३१,६१८,२४३**
बिक्री लागत				
कच्चा पदार्थ उपभोग				
क्लिङ्कर लागत	**४,०८७,६४६,३८३**	-	२,५५०,२०३,२६६	१,५३७,४४३,११७
Packing Materials (Value)	**२५४,८५३,३००**	-	१४०,१७५,३७५	११४,६७७,९२५
अन्य सामान	**५,५४३,१२५**	२,८५०,७५०	१,४८०,८०६	१,२११,५६९
जिप्सम खपत	**४११,०३०,६७५**	-	२२६,०६६,८७१	१८४,९६३,८०४
फ्लायस खपत	**४०६,८८६,२८८**	-	-	४०६,८८६,२८८
स्लाग खपत	**-**	-	-	-
क्लिङ्कर खपत खरिद	**-**	-	-	-
चुनढुङ्गा खपत	**१,४५८,७६८,५८९**	१,४५८,७६८,५८९	-	-
आइरन ओर/बक्साईट/लेटराइट खपत	**३२७,९३३,७७५**	३२७,९३३,७७५	-	-
बालुवा/माटो खपत	**३०,५६८,१६१**	३०,५६८,१६१	-	-
कोईला खपत	**२,४१२,३८२,५००**	२,४१२,३८२,५००	-	-
विद्युत खपत	**८०७,८९९,४००**	५३७,२७३,०००	१४८,८४४,५२०	१२१,७८१,८८०
अन्य उत्पादन खर्च	**७७९,६२५,०००**	४००,९५०,०००	२०८,२७१,२५०	१७०,४०३,७५०
Change in Inventory of Finished Goods				
शुरुको मौज्दात	**(२७०,३९०,९६२)**	(२२३,४६५,८७१)	(२६,०६९,४९५)	(२०,८५५,५९६)
अन्तिम मौज्दात	**(२८५,०७२,१६९)**	(२३४,९०३,४५६)	(२७,७२४,८१५)	(२२,४४३,८९८)
कर्मचारी लाभ खर्च- प्रत्यक्ष	**२७०,८६९,५०६**	१३९,३०४,३१७	७२,३६०,८५४	५९,२०४,३३५
अन्य प्रत्यक्ष खर्चहरु	**२१५,२४८,४३९**	११०,६९९,१९७	५७,५०२,०८३	४७,०४७,१५९
जम्मा बिक्री लागत	**६,५८७,३०२,५५१**	**५,००८,३४२,७०५**	**६४४,७७५,१८९**	**९३४,१८४,६५७**
कूल नाफा	**२,१४८,१६१,९५७**	**(३,६८०,३४७,७०५)**	**३,६७४,९९५,९८३**	**२,०९७,४३३,५८७**
खर्चहरु				
कर्मचारी लाभ खर्च- अप्रत्यक्ष	**१४५,८५२,८११**	२६,२३१,५८६	६५,७९४,५१८	५३,८२६,७०७
ह्रासकट्टी तथा परिशोधन	**३०७,९४६,७२५**	५५,३८४,१३०	१३८,९१५,४३२	११३,६४७,१६२
अन्य अप्रत्यक्ष खर्चहरु	**२१५,२४८,४३९**	३८,७१२,३७०	९७,०९९,०३६	७९,४३७,०३३
वित्तीय लागत	**७०,०९४,७०३**	१२,६०६,५१२	३१,६१९,८७२	२५,८६८,३१९
जम्मा	**७३९,१४२,६७७**	**१३२,९३४,५९९**	**३३३,४२८,८५८**	**२७२,७७९,२२१**
कर अघिको नाफा/नोक्सान	**१,४०९,०१९,२८०**	**(३,८१३,२८२,३०४)**	**३,३४१,५६७,१२६**	**१,८२४,६५४,३६६**

ग.१०. धितोपत्र निष्काशन सम्बन्धी विवरण :

ग.१०.क. धितोपत्र जारी गर्नुको उद्देश्य :

१. कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा उल्लेख भएका उद्देश्यहरु अनुरुप गर्नुपर्ने कार्यहरुको लागि आवश्यक पूँजी संकलन गर्न ।

२. सर्वसाधारणमा शेयर जारी गरी संगठित संस्थाको सञ्चालक समितिमा सर्वसाधारण शेयरधनीहरुको तर्फबाट समेत प्रतिनिधित्व गराउने उद्देश्यले शेयर जारी गर्न ।

३. संकलित पूँजीलाई परिचालन गरी उद्योगको क्षमता विस्तार गर्ने तथा निर्यात प्रवर्द्धन गरी आयात प्रतिस्थापन गर्दै विदेशी मुद्रा भित्राउन ।

४. धितोपत्र निष्काशनबाट प्राप्त हुने रकमलाई विभिन्न बैंकहरुको अल्पकालिन कर्जा सीमाको उपभोग घटाउन प्रयोग गरिने ।

१०.ख. धितोपत्र निष्काशनबाट प्राप्त पूँजीको उपयोग :

कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा भएको व्यवस्था अनुसार कम्पनीले आफ्नो जारी पूँजी रु.४,६५०,०००,०००।- (अक्षरेपी चार अर्ब पैंसट्ठी करोड मात्र) को १२.९०३३ प्रतिशत शेयर सार्वजनिक निष्काशनको लागि छुट्टाइएकोमा सो अनुसार हुन आउने ६,०००,००० कित्ता शेयर [२,४००,००० कित्ता शेयर योग्य संस्थागत लगानीकर्ताहरुको लागि, २,६७०,००० कित्ता शेयर सर्वसाधारण (कम्पनीमा कार्यरत कर्मचारीहरु समेत) को लागि र ९३०,००० कित्ता शेयर उद्योग प्रभावित क्षेत्रमा बसोबास गर्ने स्थानिय बासिन्दाहरुका लागि] बुक विल्डिङ्ग विधि मार्फत निष्काशन गर्न लागेको र कम्पनीले आफ्नो आवधिक कर्जा ९५.१८ प्रतिशतभन्दा बढी कर्जा रकम आफ्नै आन्तरीक नगद प्रवाहबाट भुक्तानी गरिसकेको हुँदा शेयरको प्रारम्भिक निष्काशनबाट प्राप्त हुने रकममध्येबाट निम्नानुसारका बैंकहरुको अल्पकालिन कर्जाको लिमिट उपभोग घटाउन प्रयोग गर्नेछ ।

क्र.सं.	विवरण	रकम (रु.)
१	नेपाल बैंक लि.	२९९,२४०,०००.००
२	प्राइम कमर्शियल बैंक लि.	१,०००,०००,०००.००
	जम्मा	**१,२९९,२४०,०००.००**

यसरी कम्पनीको तरलताको अवस्था मजबुत भएसँगै धितोपत्र निष्काशनबाट प्राप्त हुने रकमबाट माथि उल्लेखित कर्जा रकम भुक्तानी गरेपछि बाँकि रहने रकम कम्पनीको उद्योग रहेको स्थानदेखि पूर्व तथा पश्चिममा Grinding Unit विस्तार गर्न, काठमाण्डौंलाई लक्षित गरी धादिङ्ग, मकवानपुर, नुवाकोट आसपासमा सिमेन्ट प्लान्ट स्थापना गर्न तथा उद्योगमा Waste Heat Recovery System (WHRS) प्रणली स्थापना गरी ३.५ मेगावाट सम्मको विद्युत शक्ति उत्पादन गर्ने कार्यमा लगानी गर्ने योजना रहेको छ ।

(क) निष्काशन कम्पनीले विभिन्न बैंकहरुबाट लिएको कर्जाको विवरण निम्नानुसार रहेको छ :

(२०८० आश्विन मसान्तसम्म)

बैंकको नाम	अल्पकालिन/चालु पूँजी कर्जा (रु.)	आवधिक कर्जा (I) (रु.)	आवधिक कर्जा (II) (रु.)	आवधिक कर्जा (III) (रु.)	जम्मा रकम (रु.)
प्राइम कमर्सियल बैंक लि.	२,३३४,९३९,१२८.४९	-	९,५९६,०००.००	१७१,१७२,५००.००	२,५१५,७०७,६२८.४९
नेपाल बैंक लि.	१,३६२,५३६,५५१.५२	-	१७,५६५,०००.००	९०,८१३,५००.००	१,४७०,९१५,०५१.५२
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.	१८६,८२१,१४२.२०	चुक्ता भैसकेको			
प्रभु बैंक लि.	१७५,५०१,३५६.११	चुक्ता भैसकेको			
राष्ट्रिय वाणिज्य बैंक लि.	२००,०००,०००.००	-	-	-	२००,०००,०००.००
जम्मा	**३,८९७,४७५,६८०.०१**		**२७,१६१,०००.००**	**२६१,९८६,०००.००**	**४,१८६,६२२,६८०.०१**

कम्पनीले बैंकबाट लिएको कर्जा/ऋण देहाय बमोजिम चुक्ता गर्ने र सो पश्चात् कायम हुने ऋण रकम देहाय बमोजिम हुनेछ :

आर्थिक वर्ष	त्रैमासिक	शुरुको जम्मा ऋण (रु.)	साँवा भुक्तानी (रु.)	वर्षको अन्तिमा हुने ऋण (रु.)
	प्रथम	४७२,३३०,८६०.००	१८३,१८३,८६०.००	२८९,१४७,०००.००
२०८०/०८१	द्वितिय	२८९,१४७,०००.००	२४,९३८,०००.००	२६४,२०९,०००.००
	तृतीय	२६४,२०९,०००.००	२४,९३८,०००.००	२३९,२७१,०००.००
	चौंथौ	२३९,२७१,०००.००	३३,४४२,०००.००	२०५,८२९,०००.००
	प्रथम	२०५,८२९,०००.००	१९,२९६,०००.००	१८६,५३३,०००.००
२०८१/०८२	द्वितिय	१८६,५३३,०००.००	१९,२९६,०००.००	१६७,२३७,०००.००
	तृतीय	१६७,२३७,०००.००	१९,२९६,०००.००	१४७,९४१,०००.००
	चौंथौ	१४७,९४१,०००.००	१९,२९६,०००.००	१२८,६४५,०००.००
	प्रथम	१२८,६४५,०००.००	२२,९१४,०००.००	१०५,७३१,०००.००
२०८२/०८३	द्वितिय	१०५,७३१,०००.००	२२,९१४,०००.००	८२,८१७,०००.००
	तृतीय	८२,८१७,०००.००	२२,९१४,०००.००	५९,९०३,०००.००
	चौंथौ	५९,९०३,०००.००	२२,९१४,०००.००	३६,९८९,०००.००
२०८३/०८४	प्रथम	३६,९८९,०००.००	३६,९८९,०००.००	-
जम्मा			**४७२,३३०,८६०.००**	

निष्काशन पूर्व र निष्काशन पश्चात् कर्जा रकमको विवरण देहाय बमोजिम हुनेछ :

क्र.सं.	बैंकको नाम	निष्काशन पूर्व			निष्काशन पश्चात्	
		अल्पकालिन कर्जा	आवधिक कर्जा	चुक्ता हुने कर्जा रकम	अल्पकालिन कर्जा	आवधिक कर्जा
१	प्रभु बैंक लि.	१७५,५०१,३५६.११	९७,८२९,५००.००	१७५,५०१,३५६.००	-	९७,८२९,५००.००
२	नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.	१८६,८२१,१४२.२०	४८,८५६,५००.००	१८६,८२१,१४२.००	-	४८,८५६,५००.००
३	नेपाल बैंक लि.	१,३६२,५३६,५५१.५२	१३०,८६५,३६०.००	८७५,०३७,५०२.००	४८७,४९९,०५०.००	१३०,८६५,३६०.००
४	प्राइम कमर्सियल बैंक लि.	१,३७८,२९९,२९७.४३	१९४,७७९,५००.००	१,०००,०००,०००.००	३७८,२९९,२९७.००	१९४,७७९,५००.००
	जम्मा	**३,१०३,१५८,३४७.२६**	**४७२,३३०,८६०.००**	**२,२३७,३६०,०००.००**	**८६५,७९८,३४७.००**	**४७२,३३०,८६०.००**

(ख) **सार्वजनिक निष्काशन गरिने धितोपत्र पूर्ण रुपमा बिक्री नभएमा सार्वजनिक निष्काशनको लागि उद्देश्य प्राप्ति गर्नको लागि अपनाइने वैकल्पिक व्यवस्था :** विगतमा अन्य कम्पनीले शेयर निष्काशन गर्दा माग भन्दा बढी शेयरको लागि दरखास्त परी शेयर कारोबार समेत भैसकेको छ । कथंकदाचित निष्काशन गरिने शेयर स्थानीय बासिन्दा तथा बैदेशिक रोजगारीमा रहेका नेपालहरुले पूर्ण रुपमा खरिद नगरेमा बाँकि रहेका शेयर सर्वसाधारण (सामूहिक लगानी कोष तथा कम्पनीका कर्मचारी समेत) को लागि निष्काशन गरिने शेयरमा थप गरी बिक्री वितरण गरिनेछ । सर्वसाधारणको लागि निष्काशन गरेको शेयर पूर्ण रुपमा बिक्री नभएमा बाँकी रहेको शेयर खरिद गर्नका लागि प्रत्याभूतिकर्ताहरु क्रमशः नागरिक लगानी कोष, ग्लोबल आइएमई क्यापिटल लि., एनआईएमबि एस क्यापिटल लि. र प्रभु क्यापिटल लि. ले सकार गर्ने गरी प्रत्याभूति सम्झौता गरिएको छ ।

(ग) **आयोजनाको सञ्चालन स्थान, आयोजना चरणवद्ध रुपका कार्यान्वयन गरिने भए प्रत्येक चरणमा लाग्ने खर्च, कुनै चरण समाप्त भैसकेको भए सो सम्बन्धी विवरण** : उद्योग स्थापना भई मिति २०७१/११/०१ गतेदेखि क्लिंकर र मिति २०७३/०३/०९ गतेदेखि सिमेन्ट उत्पादन शुरु भइसकेको हुनाले माथि उल्लेखित सम्पूर्ण चरणहरु समाप्त भईसकेको अवस्था रहेको छ ।

(घ) **आयोजना सम्पन्न हुने, परिक्षण उत्पादन शुरु हुने र पूर्ण व्यावसायिक उत्पादन शुरु हुने अनुमानित मिति** : उद्योग निर्माण सम्पन्न भई क्लिंकर र सिमेन्ट उत्पादन शुरु भई अग्रणी ब्राण्डको रुपमा बिक्री वितरण भईरहेको अवस्था रहेको ।

(ङ) **संगठित संस्थाले कुनै उपकरण खरिद गरेको वा गर्न लागेको भए उक्त उपकरणको मूल्य वा प्रस्तावित मूल्य सप्लायर्सको नाम र सप्लायर्ससँग सम्झौता भएको भए सो को मुख्य मुख्य बूँदाहरु :**

कम्पनीले खरिद गरेको उपकरणको मूल्य :

कम्पनीद्वारा प्रवर्द्धित उद्योग पूर्ण रुपमा सञ्चालनमा आइसकेको र हालसम्म कम्पनीलाई आवश्यक पर्ने महत्वपूर्ण प्लान्ट, मेशिनरी तथा इक्विपमेन्ट फ्रेन्चाइज कम्पनी M/S FLSmidth सँग सम्झौता गरी उक्त फ्रेन्चाइज कम्पनीबाट भा.रु.१,६३३,३६१,०००।००, युरो ४,२७६,०००।०० र अमेरिकी डलर १,४००,०००।०० बराबरको मेशिनरी उपकरण खरिद गरी जडान भइसकेको छ ।

(च) **कुनै पार्टीसँग प्रतिलिपि अधिकार ट्रेडमार्क इजाजतपत्र रोयल्टी सहकार्य सम्बन्धमा वा वित्तीय वा प्राविधिक सम्झौता गरिएको भए सो को प्रमुख शर्तहरु र पार्टीको नाम ठेगाना सम्बन्धी विस्तृत विवरण** : सो नभएको ।

(छ) **उत्पादन सम्बन्धी आयोजना भए सो को प्रकृति प्रयोगकर्ता प्रतिस्पर्धा लक्षित समूह, उत्पादन क्षमता विगत वर्षहरुको क्षमता उपभोग वा भविष्यमा गरिने क्षमता उपभोग सम्बन्धी विवरण** : कम्पनीले उत्पादन गर्ने वस्तु सिमेन्ट हो । सिमेन्टको प्रयोग सडक, पुल, जलविद्युत, टनेल, विद्युत गृह, नहर, ढल निकास, खानेपानी, सिंचाई, आवासीय तथा व्यवसायिक भवन, कम्प्लेक्स, सरकारी तथा नीजि घर भवन, ह्यूम पाईप, विद्युत पोल, टायल, उद्योग लगायतका अधिकाश संरचनाहरुको निर्माण, पूनः निर्माण गर्न र देश विकासका अन्य पूर्वाधारहरु जस्तै : रेल्वे, एयरपोर्ट लगायतमा निर्माण र मर्मत सम्भार गर्न निर्माणसँग सम्बन्धित कार्यहरुका लागि अति आवश्यक वस्तुको रुपमा रहेको छ । यसको लक्षित समूह निर्माण उद्योगसँग सम्बन्धित व्यवसायी वा धनी, उपभोक्ता समूह, निर्माण कम्पनी र व्यक्तिहरु हुन । हाल उद्योगको सिमेन्ट उत्पादन क्षमता दैनिक ३,००० टन रहेको छ । उद्योग आ.व. २०७४/७५ देखि पूर्ण रुपमा सञ्चालनमा आई उत्पादन भएको सिमेन्ट नेपाली बजारमा सहजै बिक्री वितरण भइरहेको र अग्रणी ब्राण्डको रुपमा बजारमा स्थापित भएको छ । साथै भविष्यमा उद्योगले ओ.पि.सी.र पि.पि.सी. सिमेन्टको अलावा अन्य किसिमका सिमेन्टहरु समेत उत्पादन गरी उत्पादन विविधिकरण समेतका कार्य गर्ने लक्ष्य लिएको छ ।

(ज) **आयोजनाको लागि आवश्यक कच्चा पदार्थको उपलब्धता र त्यसको श्रोत :** पाल्पा जिल्लामा अवस्थित कम्पनीको नीजि जग्गा र राष्ट्रिय वन क्षेत्रमा रहेका खानीस्थलहरुबाट चुनढुङ्गा खानीहरु उत्खनन् गरेर मूख्य कच्चा पदार्थको प्रयोग गर्ने गरिएको छ । साथै अन्य कच्चा पदार्थहरु जस्तै कोइला, जिप्सम, आईरन ओर, प्याकिङ्ग मेटेरियल्स लगायतका कच्चा पदार्थहरु आयात तथा स्थानीय बजारबाट खरिद गरी प्रयोगमा ल्याइएको छ ।

(झ) **आयोजनाको लागि आवश्यक हुने विद्युत, पानी, ग्यासको मात्रा र त्यसको श्रोत** : नेपाल विद्युत प्राधिकरणबाट वितरित विद्युत तथा स्थानीय स्रोतबाट प्राप्त हुने पानी उद्योगमा प्रयोग गरी सञ्चालनमा ल्याइएको छ । विद्युतको लोडसेडिङ्ग

भएमा उद्योगको आफ्नै ५ मेगावाटको थर्मल पावर प्लान्ट, ४.७५ मे.वा. को डिजेल प्लान्ट र १०.३ मे.वा. को फरनेस आयल जेनरेटरबाट २४ सै घन्टा उद्योग सञ्चालन गर्ने गरी बैकल्पिक व्यवस्था मिलाएको छ ।

(ञ)सार्वजनिक निष्काशनको लागि गरिने खर्च प्रमुख रुपमा देहायमा उल्लेखित पक्षहरुलाई दिने शुल्कहरु छुट्टा छुट्टै रुपमा प्रस्तुत गर्नुपर्ने :

(अ) **निष्काशन तथा बिक्री प्रबन्धक तथा सह निष्काशन तथा बिक्री प्रबन्धकहरुलाई**-कूल निष्काशित रकमको ०.०७%

(आ) **ट्रष्टी (डिवेञ्चर निष्काशनको हकमा)**- निष्काशन गरिने डिवेञ्चर नभई साधारण शेयर भएको ।

(इ) **प्रत्याभूतिकर्ता शुल्क**- सर्वसाधारणमा जारी हुने ३,६००,००० कित्ता शेयरका लागि प्रत्याभूतिकर्ता नागरिक लगानी कोष, ग्लोबल आइएमई क्यापिटल लि., एनआइएमबि एस क्यापिटल लि. र प्रभु क्यापिटल लि. लाई कूल रु. ६,४९६,२००।- प्रत्याभूति शुल्क भुक्तानी गरिने ।

(ई) **विज्ञको पारिश्रमिक वा सेवा शुल्क :** निष्काशन कम्पनीले दिएको प्रक्षेपित वित्तीय विवरणहरुको आधार प्रमाणित गर्ने विज्ञलाई दिएको शुल्क (सुभाष एण्ड कम्पनी चार्टर्ड एकाउण्टेण्ट, पूरानो बानेश्वर, काठमाण्डौं)- रु.१००,०००।-

(उ) **लेखापरिक्षकको शुल्क** - रु.१,०००,०००।-

(ऊ) **अन्य** - सूचना प्रकाशन, आवेदन प्रशोधन लगायतका अन्य खर्चहरु बिल बमोजिम ।

उद्योग तथा खानी उत्खनन प्रभावित क्षेत्रका लागि

संकलन केन्द्रलाई आवेदन फाराम सहित रकम संकलन गरे वापत संकलित रकममा संकलन केन्द्रसंग सहमति भए बमोजिम हुनेछ ।

वैदेशिक रोजगारीमा रहेका नेपालीहरु तथा अन्य सर्वसाधारणका लागि

नेपाल धितोपत्र बोर्डबाट सि-आस्वा प्रणाली कार्यान्वयन भैसकेको सन्दर्भमा नेपाल धितोपत्र बार्डबाट स्वीकृत प्राप्त सि-आस्वा सदस्य बैंक तथा वित्तीय संस्था र तिनका तोकिएका शाखा कार्यालयहरु यस निष्काशनको लागि संकलन केन्द्रको रुपमा रहनेछन् । सि-आस्वा सदस्य बैंक तथा वित्तीय संस्थाहरुलाई कुनै शुल्क भुक्तानी गर्नु नपर्ने र निजहरुले नेपाल धितोपत्र बोर्डले तोके बमोजिमको शुल्क निष्काशन तथा बिक्री प्रबन्धकलाई भुक्तानी गर्नेछन् । सि-आस्वा प्रणाली कार्यान्वयन भएको सन्दर्भमा निष्काशन बैंकको आवश्यकता नहुने भएता पनि आवश्यकता अनुसार निष्काशन बैंक खोल्न सकिनेछ र सो को जानकारी नेपाल धितोपत्र बोर्डलाई अग्रिम रुपमा गराइनेछ ।

ग.१०.ग. सार्वजनिक निष्काशनबाट प्राप्त रकमलाई आयोजनामा प्रयोग गर्न पूर्व अन्य कुनै व्यवस्था गर्न लागिएको छ भने तत्सम्बन्धी विवरण : सो नभएको ।

ग.१०.घ. प्रिमियममा धितोपत्र जारी गर्ने भएमा प्रिमियम मूल्य निर्धारण गर्दा अपनाईएको विधि र औचित्य : कम्पनीको जारी पूँजी रु.४,६५०,०००,०००।- (अक्षरेपी चार अर्ब पैंसट्ठी करोड रुपैयाँ मात्र) को १२.९०३३ प्रतिशतले हुन आउने रु.६००,०००,०००।- (अक्षरेपी साठी करोड मात्र) बराबरको प्रति शेयर अंकित मूल्य रु.१००।- दरको ६,०००,००० (साठी लाख मात्र) कित्ता शेयरको ४० प्रतिशत अर्थात २,४००,००० (चौबीस लाख मात्र) कित्ता शेयर बुक विल्डिङ्ग निर्देशिका, २०७७ को दफा (११) बमोजिम बुक विल्डिङ्ग विधि मार्फत नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त तथा नेपाल स्टक एक्सचेञ्ज लि.मा दर्ता (नविकरण समेत) भएका योग्य संस्थागत लगानीकर्ता कम्पनीहरुलाई परिमार्जित बिक्री मुल्य सीमा रु.४०१।- देखि रु. ६०१।५० भित्र रही नेपाल स्टक एक्सचेञ्ज लि.मा बोलपत्र फाराम बुझाउने गरी गोप्य शीलबन्दी बोलपत्र पेश गर्न आह्वान गरिएकोमा बुक विल्डिङ्ग निर्देशिका, २०७७ को दफा १३ को उपदफा (१) बमोजिम रु.४०६।०० देखि रु.४०१।०० सम्म बोलपत्र पेश गर्ने ४१ योग्य संस्थागत लगानीकर्तामध्ये बाँडफाँटका लागि योग्य ४० वटा योग्य संस्थागत लगानीकर्तालाई बाँडफाँट गर्दा निष्काशित शेयर पूर्ण रुपमा बिक्री हुने भएकोले कट अफ मुल्य रु.४०१।०० (अक्षरेपी चारसय एक मात्र) निर्धारण गरिएको छ ।

सोही निर्देशिकाको दफा (१४) मा सर्वसाधारणलाई धितोपत्र जारी गर्दा कट अफ मुल्यमा १० प्रतिशत छुट दिई निष्कासन गर्नुपर्ने व्यवस्था रहेकोले सर्वसाधारण (उद्योग तथा खानी उत्खनन प्रभावित क्षेत्रमा बसोबास गर्ने स्थानिय बासिन्दा, वैदेशिक रोजगारीमा रहिरहेका नेपाली नागरिक, कम्पनीमा कार्यरत कर्मचारीहरु र सामूहिक लगानी कोषहरु समेत) मा निष्कासन गर्न लागिएको ३,६००,००० कित्ता साधारण शेयर निर्धारित कट अफ मुल्य रु.४०१।०० मा १० प्रतिशत छुट दिंदा प्रति शेयर मुल्य रु. ३६०।९० (अक्षरेपी तीन सय साठी र पैसा नब्बे मात्र) कायम हुन जाने भएकोले सोही मुल्यमा निष्काशन तथा बिक्री खुल्ला गरिएको छ ।

ग.१०.ङ. धितोपत्रको बाँडफाँड, फिर्ता भुक्तानी तथा सूचीकरण सम्बन्धी विवरण :

क) अत्याधिक माग वा न्यून माग भएको अवस्थामा बाँडफाँडको प्रक्रिया :

यस विवरणपत्र मार्फत जारी गरिएको साधारण शेयर संख्या भन्दा बढी संख्यामा साधारण शेयर खरिदको लागि दरखास्त प्राप्त हुन आएमा "धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ (सातौं संशोधन सहित)" मा भएको व्यवस्था अनुसार साधारण शेयरहरु बाँडफाँड गरिनेछ । यदि निष्काशन गरिएको शेयरको संख्या भन्दा कम संख्यामा साधारण शेयर खरिदका लागि दरखास्त प्राप्त हुन आएमा माग बमोजिम शेयर बाँडफाँड गरी बाँकी रहेको शेयर प्रत्याभूतिकर्ताहरुले प्रत्याभूति सम्बन्धी सम्झौतापत्रमा भएको शर्त बमोजिम खरिद गर्नेछन् ।

ख) अत्याधिक माग भएको वा बाँडफाँड नभएको अवस्थामा फिर्ता भुक्तानी सम्बन्धी व्यवस्था :

धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ (सातौं संशोधन सहित) मा भएको व्यवस्था अनुसार उद्योग तथा खानी उत्खनन् प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरु, वैदेशिक रोजगारीमा रहेका नेपालीहरु तथा सर्वसाधारणलाई शेयर बाँडफाँड गरे पश्चात् बाँडफाँडमा नपरेको रकम आवेदनकर्ताले आवेदन फाराममा उल्लेख गरेको बैंक खातामा सोझै जम्मा हुने गरी IPS मार्फत फिर्ता भुक्तानी दिने व्यवस्था मिलाईने छ । तर आस्बा प्रणाली मार्फत आवेदन दिएका आवेदनकर्ताहरु (वैदेशिक रोजगारमा रहेका नेपाली तथा अन्य सर्वसाधारण) को हकमा शेयर बाँडफाँट गरी पूर्ण वा आंशिक रुपमा स्वीकृत/अस्वीकृत भएको व्यहोरा उल्लेख गरी "धितोपत्र खरिद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २० को अनुसूची ७ बमोजिमको विवरण सम्बन्धित आस्बा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरुलाई उपलब्ध गराईनेछ र सोही विवरण अनुरुप सम्बन्धित आस्बा सदस्य बैंक तथा वित्तीय संस्थाहरुले बाँडफाँडमा नपरेको शेयर वापतको रकम सम्बन्धित आवेदकहरुको रोक्का रहेको बैंक खाता फुकुवा गरी फिर्ता गरिदिनेछ ।

ग) निवेदन साथ प्राप्त रकमको फिर्ता भुक्तानीमा ढिलाई भएमा दिइने ब्याजदर :

सि-आस्वा (C-ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाबाट आवेदन दिने आवेदकहरुको हकमा निजको खातामा रहेको रकम रोक्का मात्र हुने र बाँडफाँड पश्चात् निजले प्राप्त गर्ने शेयरको रकम बराबरको रकम बाहेक अन्य रकम फुकुवा हुने भएकाले ब्याज दिनुनपर्ने ।

घ) धितोपत्रको बाँडफाँट तथा प्रमाणपत्र जारी सम्बन्धी प्रक्रिया र समयावधि :

यस विवरणपत्र मार्फत सार्वजनिक निष्काशन गरिने साधारण शेयर प्रचलित "धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ (सातौं संशोधन सहित)" सम्बन्धी व्यवस्था अनुसार साधारण शेयरको बाँडफाँड गरी सम्बन्धित निकायमा सूचीकरण पश्चात् सम्बन्धित आवेदकले आवेदन फाराममा उपलब्ध गराएको हितग्राही खातामा बाँडफाँडमा परेको शेयर वितरण गर्ने व्यवस्था मिलाइनेछ ।

ङ)धितोपत्र सूचिकरण भैसकेको भए त्यस्तो धितोपत्र सूचिकरण गरिएको धितोपत्र बजारको नाम धितोपत्र कारोवार शुरु हुनको लागि संगठित संस्थाले पूरा गर्नुपर्ने शर्तहरु सम्बन्धी विवरण : निष्काशन गरिने साधारण शेयर हालसम्म नेपाल स्टक एक्सचेञ्ज लि.मा सूचिकरण भैनसकेको ।

(च)धितोपत्र सूचिकरण भैनसकेको भए, कम्पनीले निष्काशन तथा बिक्री गरिने धितोपत्रहरु प्रचलित ऐन, नियम अनुसार सहज खरिद/बिक्री वा विनिमय हुन सक्ने गराउनको लागि गरिने व्यवस्था सम्बन्धी विवरण :

हाल सम्म नेपाल स्टक एक्सचेन्ज लि.मा सूचीकरण भइ नसकेको हुँदा यस सार्वजनिक निष्काशन मार्फत निष्काशन गरिने शेयरको बाँडफाँट पश्चात् नेपाल स्टक एक्सचेञ्ज लि. तथा सिडिएस एण्ड क्लियरिङ्ग लि.मा प्रचलित नियमानुसार सूचीकरण तथा दर्ता गराई शेयर खरिद बिक्री तथा राफसाफको लागि आवश्यक व्यवस्था मिलाइनेछ ।

ग.१०.च.प्रत्याभूति सम्बन्धी विवरण :

क) धितोपत्र प्रत्याभूति गर्ने संगठित संस्थाको नाम, ठेगाना र प्रत्याभूति गर्ने धितोपत्रको संख्या र रकम : यस विवरणपत्र मार्फत सर्वसाधारणलाइ निष्काशन गर्न लागिएको ३,६००,००० कित्ता शेयर बुक बिल्डिङ्ग निर्देशिका, २०७७ बमोजिम योग्य संस्थागत लगानीकर्तालाई बोलकबोल प्रणाली मार्फत निष्कासन गरी बाँडफाँड गर्दा निर्धारण भएको कट अफ मुल्य रु.४०१।०० मा १० प्रतिशत छुट दिई प्रति शेयर मुल्य रु. ३६०।९० को दरमा निष्कासन गर्ने प्रयोजनार्थ उक्त धितोपत्र प्रत्याभूति गर्नका लागि तपसील बमोजिमका प्रत्याभूतिकर्ताहरुबाट प्रत्याभूति सेवा लिने गरी प्रत्याभूति सम्झौता गरिएको छ ।

क्र.सं.	प्रत्याभूतिकर्ताको नाम	प्रत्याभूत शेयर कित्ता	प्रत्याभूत गरिएको रकम (रु.)
१	नागरिक लगानी कोष	३,४२०,०००	१,२३४,२७८,०००।००
२	ग्लोबल आइएमई क्यापिटल लि.	६०,०००	२१,६५४,०००।००
३	एनआइएमबि एस क्यापिटल लि.	६०,०००	२१,६५४,०००।००
४	प्रभु क्यापिटल लि.	६०,०००	२१,६५४,०००।००
	जम्मा	**३,६००,०००**	**१,२९९,२४०,०००।००**

ख) धितोपत्र प्रत्याभूतिकर्तासँग गरिएको सम्झौताको मूख्य-मूख्य बूँदाहरु : यस विवरणपत्र मार्फत निष्काशन गर्न लागिएको धितोपत्रको प्रत्याभूतिकर्ता सँग गरिएको सम्झौताको मूख्य-मूख्य बुँदाहरु देहाय बमोजिम रहेको छ :

१. प्रत्याभूतिकर्ताहरुले सर्वसाधारणमा निष्काशन गरिने कूल ३६,००,००० कित्ता साधारण शेयरहरुका प्रति शेयर रु.३६०।९० को दरले हुन आउने रु. १,२९९,२४०,०००।- रकम बराबरको अधिनमा रही निष्काशन अवधिमा माग भए बमोजिम आवेदन प्राप्त हुन नआएमा बाँकी रहेका शेयर खरिद गर्ने दायित्व प्रत्याभूतिकर्ताहरुले आफुले प्रत्याभूति गरेको शेयर रकमको अनुपातमा खरिद गरी लिन मञ्जूर गर्दछन् ।

२. प्रत्याभूतिकर्ताहरुले निष्काशन कम्पनीको शेयर प्रत्याभूतिका लागि गरिएको सम्झौतापत्र अनुसार आफुले कबुल गरेको शेयर कित्ता सम्मको मात्र दायित्व बहन गर्नेछन् ।

३. प्रत्याभूतिकर्ताहरुलाई प्रत्याभूति सेवा प्रदान गरे वापत कूल रु.६,४९६,२००।- शुल्क भुक्तानी दिइनेछ । सो शुल्कमा प्रचलित कानून बमोजिम नेपाल धितोपत्र बोर्डलाई बुझाउनु पर्ने कमिशन तथा कर कार्यालयमा बुझाउनुपर्ने कर समेत संलग्न रहेको छ ।

४. सम्झौता अनुसार प्रत्याभूति गरिएको शेयर पूर्ण वा आंशिक रुपमा खरिद गर्नुपर्ने अवस्था आएमा प्रत्याभूतिकर्ताहरुले सम्झौतापत्रको दफा (१) मा उल्लेखित प्रत्याभूतित शेयरको अनुपातमा खरिद गर्ने शेयरको रकम निष्काशन कम्पनीले निष्काशित शेयर बाँडफाँट भए पश्चात् माग गरेको ३० (तीस) दिनभित्र निष्काशन कम्पनीलाई चुक्ता गर्नुपर्नेछ । त्यसैगरी प्रत्याभूतिकर्ताले निष्काशन कम्पनीलाई रकम भुक्तानी गरेपछि निष्काशन कम्पनीले निष्काशन तथा बिक्री प्रबन्धक मार्फत सोही अनुसार शेयर बाँडफाँड गरी सो शेयरहरु प्रत्याभूतिकर्ताले उपलब्ध गराएको हितग्राही खातमा उपलब्ध गराउनु पर्नेछ ।

५. निष्काशन कम्पनीको शेयर सर्वसाधारणमा बिक्री गर्दा सम्पूर्ण शेयरका लागि आवेदन प्राप्त भएमा प्रत्याभूतिकर्ताको दायित्व स्वतः पूरा हुनेछ ।

६. निष्काशन कम्पनीले निष्काशन गर्न लागिएको शेयरको निष्काशन तथा बिक्री खुल्ला हुनु अगावै कुनै प्रकारका निष्काशनलाई प्रभावित हुने प्रकृतिको घटना घटेमा जस्तैः कुनै कानूनी कारवाही परेमा, सञ्चालक समितिमा सारभुत परिवर्तन भएमा, सञ्चालकहरु वा ५% भन्दा बढी शेयर धारण गर्ने संस्थापकहरु कर्जा सूचना केन्द्रको कालोसूचीमा परेमा वा Force Majeure जस्तैः भूकम्प, बाढी, पहिरो र अन्य प्राकृतिक विपत्ती, बन्द, हड्ताल जस्ता कारणले ठूलो नोक्सानी व्यहोर्नु पर्ने भएमा, महामारीको कारणले असामान्य अवस्था उत्पन्न भएमा वा दायित्व श्रृजना भएमा सो कुराको जानकारी सार्वजनिक रुपमा आउनु अगावै यथाशिघ्र लिखित रुपमा प्रत्याभूतिकर्तालाई जानकारी गराउनु पर्नेछ । त्यसबाट आउन सक्ने जोखिमको पूनर्मूल्याङ्कन गरे पश्चात् मात्र सम्बन्धित पक्षहरुको सहमतिमा प्रत्याभूति सम्झौतापत्रको पालना गर्न गराउन निष्काशन कम्पनी मञ्जूर गर्दछ ।

७. प्रत्याभूति सम्झौताको अवधि सम्बन्धित पक्षहरुले हस्ताक्षर गरेको मितिले ६ (छ) महिनासम्म कायम हुनेछ ।

८. प्रत्याभूति सम्झौताको कार्यान्वयन प्रचलित मुलुकी देवानी संहिता, २०७४ बमोजिम हुनेछ ।

ग.१०.छ. आवेदन दिंदा ध्यान दिनु पर्ने कुराहरु :

कम्पनीले आफ्नो जारी पूँजी रु.४,६५०,०००,०००।- (अक्षरेपी चार अर्ब पैंसट्ठी करोड रुपैंया मात्र) को १२.९०३३ प्रतिशतले हुन आउने रु.६००,०००,०००।-(अक्षरेपी साठी करोड मात्र) बराबरको प्रति कित्ता शेयर अंकित मूल्य रु.१००।- दरको ६,०००,००० कित्ता शेयरमध्ये २,४००,००० कित्ता शेयर योग्य संस्थागत लगानीकर्ताहरुलाई बाँडफाँट गरे पश्चात् बाँकी रहेको ३,६००,००० कित्ता शेयर सर्वसाधारण (उद्योग तथा खानी उत्खनन् प्रभावित क्षेत्रमा बसोबास गर्ने स्थानिय बासिन्दा, वैदेशिक रोजगारीमा रहिरहेका नेपाली नागरिक, कम्पनीमा कार्यरत कर्मचारीहरु र सामूहिक लगानी कोषहरु समेत) मा सार्वजनिक निष्काशन गरिने भएकोले निम्न बमोजिमको प्रक्रिया पुरा भएको अवस्थामा खरिद गर्न आवेदन दिन सकिनेछ :

<u>उद्योग तथा खानी उत्खनन् प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुको हकमा :</u>

उद्योग तथा खानी उत्खनन् प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुले यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयर निम्न बमोजिम प्रक्रिया पुरा भएको अवस्थामा खरिद गर्न आवेदन दिन सक्नेछन् :

१) तोकिएका संकलन केन्द्र मार्फत आवेदन दिन चाहने आवेदकले दरखास्त फाराममा तोकिए बमोजिम सम्पूर्ण विवरण पूर्ण रुपमा भरी अनिवार्य रुपमा हालसालै खिचेको पासपोर्ट साईजको फोटो, उद्योग तथा खानी उत्खनन् प्रभावित क्षेत्रको बासिन्दा भएको प्रमाण खुल्ने नेपाल सरकारबाट जारी नागरिकता प्रमाणपत्रको प्रतिलिपि सहित (स्वयं प्रमाणित गरी) दरखास्त फाराम बुझाउनु पर्नेछ ।

२) १६ वर्ष भन्दा कम उमेरका स्थानीयले आमा/बाबुले संरक्षक भई आवेदन दिनु परेमा नेपाल सरकारको पञ्जिकाधिकारीको कार्यालयबाट प्राप्त नाबालकको जन्मदर्ता प्रमाण-पत्रको प्रतिलिपी संरक्षकद्वारा अनिवार्य रुपमा प्रमाणित गरी आवेदनसाथ पेश गर्नुपर्नेछ । साथै, दरखास्त फाराममा संरक्षकको नागरिकता प्रमाणपत्रको प्रतिलिपी समेत संरक्षक स्वयंले प्रमाणित गरी संलग्न गर्नु पर्नेछ । आमा बाबु बाहेक अन्य व्यक्ति संरक्षक भै नाबालक वा विक्षिप्त व्यक्तिको नाममा दरखास्त दिंदा कानून बमोजिम संरक्षकत्व ग्रहण गरेको प्रमाणपत्र पेश गर्नुपर्नेछ ।

३) नेपाल धितोपत्र बोर्डबाट यस विवरणपत्रको स्वीकृति प्राप्त भएको मिति भित्रमा उद्योग तथा खानी उत्खनन् प्रभावित क्षेत्रमा स्थायी रुपमा बसाई-सराई गरी वा विवाह गरी आएका तथा सो मितिसम्ममा उक्त उद्योग तथा खानी उत्खनन प्रभावित क्षेत्रमा बसाई गरेका स्थानीयहरुले यस निष्काशनमा आवेदन गर्न सक्नेछन् । यसैलाई आधार मानी सो मिति पूर्व अन्य जिल्लाबाट विवाह भै आएका महिला तथा बसाई सराई गरी आएका व्यक्तिहरुको हकमा मिति खुलेको विवाहदर्ता प्रमाणपत्रको प्रतिलिपी वा बसाई सराई गरी आएको प्रमाणपत्रको प्रतिलिपि समेत संलग्न गरेको हुनु पर्नेछ ।

४) माथि उल्लेखित स्थानीय बासिन्दाका सम्बन्धमा वा शेयर खरिद प्रक्रियामा कुनै विवाद आएमा सम्बन्धित वडा कार्यालय/गाउँपालिका/नगरपालिका वा जिल्ला समन्वय समितिको निर्णय सहितको सिफारिस पत्र बमोजिम हुनेछ ।

५) नेपाल धितोपत्र बोर्डबाट यस विवरणपत्र स्वीकृति प्राप्त भएको मिति भन्दा अगावै १६ वर्ष उमेर पुगी नागरिकता लिएको तर विवाह गरी अन्य जिल्लामा गएका महिला एवं जिल्ला छोडी बसाई सराई गरी गएका व्यक्ति र परिवारहरुमा उल्लेखित सुरक्षित शेयर लिने अधिकार रहने छैन ।

६) आवेदन फाराम बुझाउँदा दरखास्त फाराममा न्युनतम रुपमा खुल्नुपर्ने भनि तोकिएका विवरणहरु सबै स्पष्ट रुपमा भरेको दरखास्त फाराम बुझाउनु पर्नेछ ।

७) एक व्यक्तिले आफुले लिन चाहेको सम्पूर्ण शेयरको लागि एकवटा मात्र आवेदन गरेको हुनु पर्नेछ । यदि एकै व्यक्तिले एक भन्दा बढी आवेदन दिएको भेटिएमा निजले दिएको सबै आवेदनहरुलाई रद्द गरिनेछ ।

८) साधारण शेयर खरिद गर्नका लागि दरखास्त दिने व्यक्ति स्वयंले दरखास्त फाराममा दस्तखत गरी तोकिएको संकलन केन्द्रहरुमा साधारण शेयर खरिदका लागि दरखास्त बुझाउनु पर्नेछ । यसरी दरखास्त फाराममा दस्तखत नगरेको र तोकिएका संकलन केन्द्रहरु बाहेक अन्य स्थानहरुमा दरखास्त बुझाएको फारामलाई रद्द गरिनेछ ।

९) उद्योग तथा खानी उत्खनन् प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुका लागि निष्काशन गरिने शेयरमा बाँडफाँटमा परेका स्थानीयहरुले सर्वसाधारणका लागि सार्वजनिक निष्काशन गरिने साधारण शेयरको लागि पूनः आवेदन दिन पाउने छैनन् ।

१०) सम्पूर्ण दरखास्तवालाहरु (नाबालकहरु समेत) ले अनिवार्य रुपमा आफ्नो खाता रहेको बैंक वा वित्तीय संस्थाको नाम, ठेगाना र खाता नम्बर समेत स्पष्ट रुपमा दरखास्त फाराममा खुलाउनु पर्नेछ । दरखास्तवालाले दरखास्त फाराममा आफ्नो खाता नम्बर उल्लेख गर्दा Clearing House को सदस्य भएको बैंक वा वित्तीय संस्थामा भएको खाता नम्बर उल्लेख गर्नु पर्नेछ ।

११) रु. ५०,०००।- भन्दा बढी रकमको लगानी गर्ने दरखास्तवालाले दरखास्त दिंदा अनिवार्य रुपमा एकाउन्टपेयी चेक मार्फत रकम जम्मा गर्नु पर्नेछ ।

१२) रु. ५०,०००।- सम्मका लागि आवेदन दिने आवेदकले स्वेच्छिक रुपमा र सो भन्दा बढी रकमको लागि आवेदन दिने आवेदकले अनिवार्य रुपमा आवेदनमा आफ्नो स्थायी लेखा नम्बर (PAN) पेश गर्नुपर्नेछ । पचास हजार रुपैयाँ भन्दा बढी रकमको आवेदन दिने आवेदकहरुले आफुले आवेदन दिँदा जम्मा गरेको रकम सम्पत्ति शुद्धीकरण ऐनको बर्खिलाप हुने गरी आर्जन नगरेको भनी उद्घोषण गर्नुपर्नेछ ।

१३) यस विवरणपत्र मार्फत निष्काशन गरिने शेयरका लागि न्यूनतम ५० (पचास) कित्ता तथा सो भन्दा बढीका लागि १० अंकको गुणाङ्कमा अधिकतम १०,००० (दश हजार) कित्ता सम्मका लागि आवेदन दिन सकिनेछ ।

<u>वैदेशिक रोजगारीमा रहिरहेको नेपाली नागरिकहरुको हकमा</u> :

१) यस विवरणपत्र अनुसार धितोपत्र खरिद गर्न चाहने विदेशमा बसी रोजगारी गरिरहेका नेपाली नागरिकहरुले शेयरमा आवेदन दिंदा नेपाल धितोपत्र बोर्डबाट दरखास्त संकलन सम्बन्धी कार्य गर्न अनुमति प्राप्त आस्बा सदस्य बैंक वा वित्तीय संस्थामा रहेको विप्रेषण (Remittance) बचत खाता मार्फत मात्र भुक्तानी गर्नुपर्नेछ ।

२) निष्काशित शेयरमा आवेदन गर्न विप्रेषण (Remittance) बचत खातामा पछिल्लो ६ (छ) महिनामा कम्तीमा ५० हजार नेपाली रुपैयाँ सम्बन्धित आवेदकले आफु रोजगार रहेको मुलुकबाट जम्मा गरेको हुनु पर्नेछ ।

३) निष्काशित शेयरमा आवेदन दिएका विदेशमा बसी रोजगार गरिरहेका नेपाली नागरिकले स्थानीय बासिन्दा तथा सर्वसाधारणलाई छुट्याईएको शेयरमा आवेदन गर्न सक्ने छैनन् । साथै, अन्य शर्त तथा व्यवस्थाहरु सर्वसाधारण समूहले पुरा गर्नुपर्ने व्यवस्था अनुसार हुनेछ ।

४) यस विवरणपत्र मार्फत निष्काशन गरिने शेयरका लागि न्यूनतम ५० (पचास) कित्ता तथा सो भन्दा बढीका लागि १० अंकको गुणाङ्कमा अधिकतम १०,००० (दश हजार) कित्ता सम्मका लागि आवेदन दिन सकिनेछ ।

<u>सर्वसाधारण शेयरधनीको हकमा</u> :

१) कुनै पनि नेपाली नागरिकले यस विवरणपत्र मार्फत जारी गरिने साधारण शेयर खरिदका लागि दरखास्त दिन सक्नेछन ।

२) आवेदकले सि-आस्बा प्रणालीबाट आफ्नो खाता रहेको बैंक तथा वित्तीय संस्था मार्फत मात्र आवेदन दिनु पर्नेछ ।

३) आवेदकले आवेदन दिनु पूर्व आफ्नो खाता रहेको सम्बन्धित बैंक तथा वित्तीय संस्थामा गई "धितोपत्रको सार्वजनिक निष्काशनको केन्द्रिकृत विद्युतिय सेवा कार्य सञ्चालन निर्देशिका, २०७४" को अनुसूची-४ बमोजिमको सि-आस्बा रजिष्ट्रेशन फाराम भरी CRN नम्बर लिनुपर्नेछ ।

४) आवेदकको बैंक खातामा भएको विवरण र अनुसूची-४ मा उल्लेख गरेको विवरण मिल्नुपर्नेछ ।

५) आवेदकले CRN नम्बर प्राप्त गरे पश्चात् शेयर खरिदका लागि तोकिएको ढाँचामा सम्बन्धित बैंक तथा वित्तीय संस्थामा धितोपत्र खरिदका लागि आवेदन दिनुपर्नेछ ।

६) आवेदकले आवेदनमा उल्लेख गरेको हितग्राही परिचय नम्बर र अन्य विवरण सि-आस्बा सफ्टवेयरमा रहेको आवेदकको हितग्राही खाता र अन्य विवरणसँग रुजु हुनुपर्नेछ ।

७) आवेदकले आवेदन फाराम बुझाउँदा देहायका कुराहरुमा विशेष ध्यान दिई स्पष्ट सँग आवेदन फाराम भरी बुझाउनु पर्नेछ :

क) धितोपत्र निष्काशनकर्ता कम्पनीको नाम ।

ख) आवेदकको नाम, थर, ठेगाना, नागरिकता नम्बर, दस्तखत, सम्पर्क फोन नम्बर, इमेल ।

ग) नाबालक र विक्षिप्त व्यक्तिको हकमा संरक्षकको नाम, थर र नाता ।

घ) खरिद गर्न चाहेको धितोपत्रको संख्या (अंक र अक्षरमा) ।

ङ) खरिद गर्न चाहेको धितोपत्र वापतको रकम (अंक र अक्षरमा) ।

च) आवेदकको खाता रहेको बैंक/वित्तीय संस्थाको नाम, ठेगाना, खाता नम्बर र खाताको किसिम ।

छ) आवेदकको हितग्राही (DEMAT) खाता नम्बर ।

८) आवेदकले आवेदन दिँदा सि-आस्बा सदस्य बैंक/वित्तीय संस्थाहरुमा रहेको आवेदन वापतको रकम रोक्का राखिने खाता अन्य कुनै प्रकारले रोक्का रहेको वा निष्कृय (Dormat) रहेको हुनहुँदैन ।

९) आवेदन दिएको रकम बराबरको रकम खातामा हुनु पर्नेछ ।

१०) एक व्यक्तिले आफूले खरिद गर्न चाहेको साधारण शेयरको लागि एक भन्दा बढी दरखास्त दिने पाइने छैन । यदि एक व्यक्तिको नाममा एक भन्दा बढी आवेदन प्राप्त हुन आएमा सम्पूर्ण दरखास्तलाई रद्द गरिनेछ ।

११) धितोपत्र खरिदका लागि दरखास्त दिँदाको अवस्थामा वा दरखास्त दिई सकेपछि खरिद गरेको धितोपत्र वापतको रकम भुक्तानी नहुँदै प्रचलित कानून बमोजिम अधिकार प्राप्त अधिकारी वा नियकायबाट लगानीकर्ताको खाता रोक्का राख्ने आदेश प्राप्त भएमा निष्काशन तथा बिक्री प्रबन्धकले त्यस्तो दरखास्त फारामलाई आदेश बमोजिम गरिनेछ ।

१२) धितोपत्र बाँडफाँड गर्नुपूर्व अख्तियार प्राप्त निकायबाट कुनै लगानीकर्ताको खाता रोक्का राख्न आदेश वा निर्देशन प्राप्त भएमा सम्बन्धित बैंक वा वित्तीय संस्थाले त्यस्तो आदेश वा निर्देशन अनुसार सम्बन्धित लगानीकर्ताको खाता रोक्का गरी त्यसको जानकारी तुरुन्त निष्काशन तथा बिक्री प्रबन्धकलाई दिनुपर्नेछ ।

१३) सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडद्वारा संचालित "मेरो शेयर" सफ्टवेयरबाट पनि आवेदकले आवेदन गर्न सक्नेछन् । त्यसका लागि आवेदकले आफ्नो हितग्राही खातामा बैंक खाताको विवरण उल्लेख गरिसकेको हुनुपर्नेछ र सम्बन्धित बैंक तथा वित्तीय संस्थाबाट CRN नम्बर लिइसकेको हुनुपर्नेछ ।

१४) शेयर बाँडफाँड गरी सूचिकरण भए पश्चात् बाँडफाँडमा परेका आवेदकहरुलाई बाँडफाँडमा परेको शेयर निजहरुको हितग्राही खातामा जम्मा गर्ने व्यवस्था गरिनेछ ।

१५) यस विवरणपत्र मार्फत निष्काशन गरिने शेयरका लागि न्यूनतम ५० (पचास) कित्ता तथा सो भन्दा बढीका लागि १० अंकको गुणाङ्कमा अधिकतम १०,००० (दश हजार) कित्ता सम्मका लागि आवेदन दिन सकिनेछ ।

(घ) कम्पनीको प्रबन्धपत्र, नियमावली तथा विवरणपत्र प्राप्त गर्ने वा हेर्न सकिने स्थानहरु :

क्र.सं.	कम्पनीको नाम र ठेगाना	कैफियत
१.	**निष्काशनकर्ता कम्पनी :** सर्वोत्तम सिमेन्ट लि., सुविधानगर, तीनकुने, काठमाण्डौं ।	कार्यालय समयभित्र सम्पर्क राखि प्राप्त गर्न वा हेर्न सकिनेछ ।
२.	**निष्काशन तथा बिक्री प्रबन्धक :** ग्लोबल आइएमई क्यापिटल लि., नक्साल, काठमाण्डौं ।	
३.	**सह निष्काशन तथा बिक्री प्रबन्धक** : एनआइएमबि एस क्यापिटल लि., लाजिम्पाट, काठमाण्डौं ।	
४.	**सह निष्काशन तथा बिक्री प्रबन्धक :** प्रभु क्यापिटल लि., कमलादी, काठमाण्डौ ।	
५.	**नेपाल धितोपत्र बोर्डको वेबसाइट :** www.sebon.gov.np	विवरणपत्र हेर्न सकिनेछ ।

ग.११. <u>सम्बन्धित पक्ष बीचको कारोबार सम्बन्धी विवरण :</u>

निष्काशनकर्ता कम्पनी र निम्न लिखित पक्ष बीच विगत २ वर्षको अवधिमा कुनै प्रकारको वस्तुगत कारोवार भएको वा कुनै कारोवार गर्न प्रस्ताव गरिएको भए कारोवारमा संलग्न व्यक्तिहरुको नाम, तिनीहरुको कम्पनीसँगको सम्बन्ध, कारोबारको प्रकृति र रकम :

(क) संगठित संस्थाको कार्यकारी अधिकृत वा सञ्चालकको रुपमा रहेको व्यक्ति : आ.व.२०७९/०८० मा भएको कारोबार विवरण देहाय अनुसार तालिकामा उल्लेख गरिएको छ ।

सम्बन्धित पक्षको नाम	कारोबार रकम (रु.हजारमा)	कारोबारमा संलग्न भएको कारण	कारोबारको प्रकृति
सर्वोत्तम मिनरल्स प्रा.लि.	८०२,९६९	सर्वोत्तम सिमेन्ट लि.को सञ्चालक सर्वोत्तम मिनरल्स् प्रा.लि. मा अध्यक्ष पदमा रहनुभएको ।	खरिद
सर्वोत्तम मिनरल्स प्रा.लि.	१,५४४,२२१	सर्वोत्तम सिमेन्ट लि.को सञ्चालक सर्वोत्तम मिनरल्स् प्रा.लि. मा अध्यक्ष पदमा रहनुभएको ।	बिक्री
जगदम्बा सिमेन्ट प्रा.लि.	१०५,६७७,९९१	सर्वोत्तम सिमेन्ट लि.को सञ्चालक जगदम्बा सिमेन्ट प्रा.लि. मा सञ्चालक पदमा रहनुभएको ।	खरिद
जगदम्बा सिमेन्ट प्रा.लि.	६०५,३६०,३७९	सर्वोत्तम सिमेन्ट लि.को सञ्चालक जगदम्बा सिमेन्ट प्रा.लि. मा सञ्चालक पदमा रहनुभएको ।	बिक्री
शुभश्री जगदम्बा सिमेन्ट प्रा.लि.	४१४,०७२,५८५	सर्वोत्तम सिमेन्ट लि.को सञ्चालक शुभश्री जगदम्बा सिमेन्ट प्रा.लि. मा सञ्चालक पदमा रहनुभएको ।	खरिद
शुभश्री जगदम्बा सिमेन्ट प्रा.लि.	४९,११४,१९७	सर्वोत्तम सिमेन्ट लि.को सञ्चालक शुभश्री जगदम्बा सिमेन्ट प्रा.लि. मा सञ्चालक पदमा रहनुभएको ।	बिक्री
लक्ष्मी स्टिल्स लि.	४४,६४३,४१०	सर्वोत्तम सिमेन्ट लि.को सञ्चालक लक्ष्मी स्टिल्स लि. मा अध्यक्ष पदमा रहनुभएको ।	खरिद
लक्ष्मी स्टिल्स लि.	११,१२९,९८३	सर्वोत्तम सिमेन्ट लि.को सञ्चालक लक्ष्मी स्टिल्स लि. मा अध्यक्ष पदमा रहनुभएको ।	बिक्री
सर्वोत्तम स्टिल प्रा.लि.	३,४७४,२५७	सर्वोत्तम सिमेन्ट लि.को अध्यक्ष सर्वोत्तम स्टिल प्रा.लि. मा अध्यक्ष पदमा रहनुभएको ।	खरिद
सर्वोत्तम स्टिल प्रा.लि.	३७२,७८१	सर्वोत्तम सिमेन्ट लि.को अध्यक्ष सर्वोत्तम स्टिल प्रा.लि. मा अध्यक्ष पदमा रहनुभएको ।	बिक्री
सौरभ फोटो इन्टरनेशनल	३८३,३८६	सर्वोत्तम सिमेन्ट लि.को अध्यक्ष सौरभ फोटो इन्टरनेशनलमा प्रोप्राइटर ।	खरिद
न्यौपाने टावर	४,६८८,६३१	सर्वोत्तम सिमेन्ट लि. को अध्यक्ष न्यौपाने टावरको प्रोप्राइटर ।	खरिद

(ख) आधारभूत शेयरधनी : आ.व.२०७९/०८० मा भएको कारोबार विवरण देहाय अनुसार तालिकामा उल्लेख गरिएको छ ।

सम्बन्धित पक्षको नाम	कारोबार रकम (रु.हजारमा)	कारोबारमा संलग्न भएको कारण	कारोबारको प्रकृति
जगदम्बा स्पिनिङ्गस् प्रा.लि.	१७३,०९३	सर्वोत्तम सिमेन्ट लि.को आधारभूत शेयरधनी जगदम्बा स्पिनिङ्गस् प्रा.लि. मा अध्यक्ष पदमा रहनु भएको ।	बिक्री

(ग) खण्ड (क) र (ख) मा उल्लेखित कुनै व्यक्तिको एकाघर परिवारको सदस्य : कारोबार नभएको ।

(घ) संगठित संस्थाको कार्यकारी अधिकृत वा सञ्चालक वा आधारभूत शेयरधनीले ३० प्रतिशत वा सो भन्दा बढी मताधिकार हुने गरी शेयर स्वामित्व ग्रहण गरेको कम्पनी वा संगठित संस्था : कम्पनीको कार्यकारी अधिकृत वा सञ्चालक वा आधारभूत शेयरधनीले ३० प्रतिशत वा सो भन्दा बढी मताधिकार हुने गरी शेयर स्वामित्व ग्रहण गरेको कम्पनी वा संगठित संस्थाको विवरण निम्नानुसार रहेको छ ।

क्र.सं.	नाम, थर	३० प्रतिशत वा सो भन्दा मताधिकार हुने गरी शेयर ग्रहण गरेको संस्थाको नाम र शेयर प्रतिशत	सर्वोत्तम सिमेन्ट लि.सँगको निजको आवद्धता
१.	श्री बिष्णु प्रसाद न्यौपाने	सौरभ टि स्टेटमा १०० प्रतिशत	अध्यक्ष
२.	श्री मिना कुमारी अग्रवाल	इन्टिग्रिटी मोबिलिटी सोलुसन प्रा.लि.मा ४९ प्रतिशत आई.एम.एस.एग्रो प्रा.लि. मा ५० प्रतिशत आई.एम.एस डेभलपर प्रा.लि. मा ४९ प्रतिशत हेरिटेज इन्टरनेसनल प्रा.लि. मा १०० प्रतिशत सलोनी ट्रेड कन्सर्न प्रा.लि. मा १०० प्रतिशत	आधारभूत शेयरधनी
४.	श्री दुर्गा प्रसाद न्यौपाने	जगदम्बा सिन्थेथिक्समा ५५.८६ प्रतिशत जगदम्बा स्पिनिङ्ग मिल्स प्रा.लि. मा ५० प्रतिशत	आधारभूत शेयरधनी
५.	श्री नेहा अग्रवाल	एभरेष्ट प्यारेन्टेरल्स प्रा.लि. मा १०० प्रतिशत गायत्री ईन्टरनेशनल प्रा.लि. मा ५० प्रतिशत मारुनुम डिष्ट्रिब्युटर्स प्रा.लि. मा ५० प्रतिशत	आधारभूत शेयरधनी

(ङ) **संगठित संस्था वा त्यसको सहायक कम्पनीले हालको सञ्चालक वा निजको एकाघरको परिवारको सदस्यका लागि कुनै कारोबार वा सम्झौता गरेको छ भने सो वा विवरणपत्र प्रकाशन गर्नु भन्दा ३ वर्ष अगाडिको अवधिमा संस्थाको सञ्चालक वा सञ्चालकको एकाघर परिवारको सदस्यका लागि कुनै कारोवार वा सम्झौता गरेको भए सो कुरा :** कुनै कारोवार वा सम्झौता गरेको छैन ।

(च) **कुनै सञ्चालक वा सञ्चालकको एकाघर परिवारको सदस्यलाई कुनै ऋण दिएको वा निजसँग लिएको भए उक्त ऋण सम्बन्धी विस्तृत विवरण जस्तै ऋण बापत लिएको रकम, ऋणको ब्याजदर, ऋण लिएको मिति, ऋण भुक्तानी अवधि आदि कुरा विवरणपत्रमा खुलाउनु पर्ने** : ऋण कारोबार गरेको छैन ।

ग.१२. विदेशी लगानी र व्यवस्थापन सम्बन्धी विवरण :

विदेशी लगानी र व्यवस्थापनमा कम्पनी सञ्चालन हुने भए सो को विवरणका साथै सम्बन्धित सम्झौताको मुख्य तथा तात्विक बुँदाहरु : कम्पनीमा विदेशी लगानी र विदेशी व्यवस्थापन नरहेको ।

ग.१३. सूचीकृत संगठित संस्थाले सार्वजनिक निष्काशन गर्ने भएमा देहायको विवरण उल्लेख गर्नु पर्ने :

(क) **कम्पनीको विगत ३ आर्थिक वर्षको प्रत्येक त्रैमासिक अवधिको उच्चतम, न्यूनतम, अन्तिम बजार मूल्यका साथै कारोवार भएको शेयर संख्या:** निष्काशनकर्ता कम्पनी सूचीकृत कम्पनी नभएको ।

(ख) **बोर्डमा विवरणपत्र दर्ताको लागि प्रस्तुत गर्नु भन्दा ६ महिना अगाडिको अवधिको मासिक रुपमा उच्च, न्यून र अन्तिम मूल्यका साथै प्रत्येक महिनामा कारोवार भएको कुल दिन र कुल कारोबार भएको धितोपत्रको संख्या** : सो नभएको ।

ग.१४.पछिल्लो सार्वजनिक निष्काशनको अनुमान तथा उपलब्धी सम्बन्धी विवरण :

कम्पनीले यस भन्दा अगाडि धितोपत्र निष्काशन गर्दा तयार गरेको विवरणपत्र वा अन्य विवरणहरुमा उल्लेखित गरिएका लक्ष्य तथा कार्यक्रमहरु तथा खुद मुनाफा हासिल गर्न सके/नसकेको, नसकेको अवस्थामा लक्ष्य तथा कार्यक्रमका साथै विवरणपत्र वा अन्य विवरणहरुमा प्रक्षेपित खुद मुनाफा भन्दा बीस प्रतिशत वा सो भन्दा बढीले न्यून हुन गएको भए यसरी फरक पर्नाको कारण : हालसम्म कुनै सार्वजनिक निष्काशन नगरिएको ।

ग.१५. परामर्शदाता/विशेषज्ञ सम्बन्धी विवरण :

(क) **लेखापरिक्षक, प्रमुख बैंक, निष्काशन कार्यसँग संलग्न बैंक, प्रक्षेपित वित्तीय विवरण ठीक छ भनी प्रमाणित गर्ने विज्ञ आदिको नाम तथा ठेगाना :**

अ) कम्पनीको आ.व.२०७८/०७९ को आम्दानी खर्च हिसाब तथा वासलातको लेखापरीक्षण गर्न शुभाष एण्ड कम्पनी चार्टर्ड एकाउण्टेन्ट्स, काठमाण्डौलाई नियुक्त गरिएको छ ।

आ) यस निष्काशनको लागि प्रमुख बैंकको व्यवस्था गरिएको छैन ।

इ) यस निष्काशनको लागि देहायका बैंकलाई निष्काशन बैंक (Banker to the Issue) को रुपमा नियुक्त गरिएको छ ।

क्र.सं.	निष्काशन बैंकको नाम	खाताको नाम	खाता नम्बर
१	श्री ग्लोबल आइएमई बैंक लि.	GICL-BTI Sarbottam Cement IPO	00101010007840
२	श्री नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.	NIMB ACE CAPITAL SARBOTTAM CEMENT IPO	03601040265492
३	श्री शाईन रेसुङ्गा डेभलपमेण्ट बैंक लि.	GICL-BTI SARBOTTAM CEMENT IPO	08700100639304000001
४	श्री गरिमा विकास बैंक लि.	GICL-BTI SARBOTTAM CEMENT IPO	02500100812969000003
५	श्री मुक्तिनाथ विकास बैंक लि.	GICL-BTI SARBOTTAM CEMENT IPO	03410200187183000012
६	श्री कृषि विकास बैंक लि.	GICL-BTI SARBOTTAM CEMENT IPO	0425305366053017
७	श्री लक्ष्मी सन्राईज बैंक लि.	GICL-BTI SARBOTTAM CEMENT IPO	0201284938011003

साथै, आवश्यकता अनुसार निष्काशन बन्द हुनु अगावै बोर्डलाई जानकारी दिई अन्य बैंकहरुलाई समेत यस शेयर निष्काशनको लागि निष्काशन बैंकको रुपमा नियुक्त गर्न सकिनेछ ।

ई) यस विवरणपत्रमा उल्लेखित वित्तीय विवरण तथा प्रक्षेपणको अनुमान तथा आधारहरु हालको बजारको स्थिति, निष्काशनकर्ता कम्पनीको हालको दक्षता र निष्काशनकर्ता कम्पनीले प्राप्त गरेको हालसम्मको कार्य प्रगतिको आधारमा पुनरावलोकन गरी विवरण ठीक छ भनी सुभाष एण्ड कम्पनी चार्टर्ड एकाउण्टेण्ट्स, पुरानो बानेश्वर, काठमाण्डौंले प्रमाणित गर्नुभएको हो ।

उ) सार्वजनिक निष्काशनका लागि ग्लोबल आइएमई क्यापिटल लिमिटेडलाई Corporate Advisory को लागि नियुक्त गरेकोमा सो कार्य सम्पन्न भईसकेको छ ।

(ख) **माथि खण्ड (क) मा उल्लेखित संस्था वा व्यक्तिसँग भएको सहमतिका मुख्य मुख्य बुँदा तथा शर्तहरु** : सो नभएको ।

ग.१६. आयोजना सम्पन्न गर्नको लागि सार्वजनिक निष्काशन बाहेक अन्य वित्तीय श्रोतहरु प्रयोग गरिएको छ/छैन, तत्सम्बन्धी विवरण : उद्योग पूर्ण रुपमा सञ्चालन आइसकेको र सो प्रयोजनको लागि तपसील बमोजिमका बैंकहरुबाट मिति २०८० आश्विन मसान्त सम्मको कर्जा उपभोग गरिएको छ ।

बैंकको नाम	अल्पकालिन/चालु पूँजी कर्जा (रु.)	आवधिक कर्जा (I) (रु.)	आवधिक कर्जा (II) (रु.)	आवधिक कर्जा (III) (रु.)	जम्मा रकम (रु.)
प्राइम कमर्सियल बैंक लि.	२,३३४,९३९,१२८.४९	-	९,५९६,०००.००	१७१,१७२,५००.००	२,५१५,७०७,६२८.४९
नेपाल बैंक लि.	१,३६२,५३६,५५१.५२	-	१७,५६५,०००.००	९०,८१३,५००.००	१,४७०,९१५,०५१.५२
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.	१८६,८२१,१४२.२०	चुक्ता भैसकेको			
प्रभु बैंक लि.	१७५,५०१,३५६.११	चुक्ता भैसकेको			
राष्ट्रिय वाणिज्य बैंक लि.	२००,०००,०००.००	-	-	-	२००,०००,०००.००
जम्मा	**३,८९७,४७५,६८०.०१**		**२७,१६१,०००.००**	**२६१,९८६,०००.००**	**४,१८६,६२२,६८०.०१**

ग.१७. मुद्दा तथा विवाद सम्बन्धी विवरण :

(क) नेपाल विद्युत प्राधिकरणले यस कम्पनीलाई उद्योग सञ्चालनको लागि ने.वि.प्रा. परासी वितरण केन्द्रबाट विद्युत उपभोग गर्दा डेडिकेटेड फिडर सरहको सुविधा लिएको भनि कम्पनीलाई बिलिङ्ग गरेकोमा कम्पनीले उक्त सुविधा नलिएको तथ्य प्रमाणको आधारमा सम्मानीत उच्च अदालत तुलसीपुर (बुटवल) मा थप विद्युत महशुल खारेजीको लागि रिट दायर गरेको र उच्च अदालतले प्राधिकरणको वितरण नियमावली, २०७१ अनुसार गठित पुनरावेदन समिति समक्ष पुनरावेदन गर्नु भनि मिति २०६७/०६/२१ मा रिट खारेज गरिदिएपछि कम्पनीले उच्च अदालत तुलसीपुरको फैसला बदर गरी थप विद्युत महशुल साँवा रकम रु.४८८,६९५,३३१।०४ (आ.व.२०७९/०८० सम्मको ब्याज र पेनाल रकम समेत गरी कुल वित्तीय दायित्व रु.६७६,५००,७७५।०० रहेको) बराबरको रकम खारेजीको लागि सम्मानीत सर्वोच्च अदालत समक्ष मिति २०७७/०८/२४ मा लिखित निवेदन चढाएको छ ।

मिति २०७८/०९/२७ मा उत्प्रेषण परमादेश माग गरी जम्मा २ वटा २०७७-WO-०४८७ र २०७७-RI-१२७३ मुद्दा यस कम्पनी र नेपाल विद्युत प्राधिकरण बीच रहेको साथै सम्मानीत सर्बोच्च अदालतको मिति २०८०/०३/०८ गतेको आदेशानुसार लगाउमा राख्ने निर्णय भई विचाराधिन अवस्थामा रहेको छ र सो को पेशी मिति २०८०/०९/०२ गते रहेको छ ।

(ख) संगठित संस्थाको तरलता, मौज्दात, कार्य सञ्चालनमा तात्विक असर पर्ने खालको कुनै मुद्दा मामिला वा विवाद भए सो सम्बन्धी विवरण तथा उपरोक्त मुद्दा वा विवादको कारणबाट पर्न सक्ने प्रभाव सम्बन्धमा व्यवस्थापनको धारणा : यस कम्पनीले काठमाण्डौ जिल्ला अदालत, कास्की जिल्ला अदालत लगायतमा कम्पनीका विभिन्न ग्राहकहरुलाई प्रतिवादी बनाई कूल बिगो रकम रु.९८,१२८,३२६।२८ दिलाई भराइ पाऊँ भनी चेक अनादर सम्बन्धी मुद्दा दायर गरेकोमा रु.३८,२९१,०७१।०६ बराबरको रकमको हकमा फैसला भई कार्यान्वयनको प्रक्रियामा रहेको छ भने रु.५९,८३७,२५५।२२ बराबरको रकमको हकमा भने फैसला भैनसेकेको अवस्था छ ।

(ग) संगठित संस्थालाई असर पर्ने गरी संस्थाको संस्थापक/सञ्चालकले वा लाई दायर गरिएको मुद्दा सम्बन्धी विवरण : कुनै पनि मुद्दा नरहेको ।

(घ) विगत पाँच वर्षमा संगठित संस्थाको कुनै संस्थापक/सञ्चालक कालो सूचीमा परेको वा कुनै नैतिक वा आर्थिक कारणबाट कुनै नियमन निकाय वा अदालतले सजाय गराएको भए, त्यस्तो संस्थापक/सञ्चालकको नाम र सजाय गर्ने नियमन निकाय वा अदालतको नाम उल्लेख गर्नुपर्ने : सो नभएको ।

(ङ) संगठित संस्था बैंक वा वित्तीय संस्थामा ऋण नतिरी डिफल्ट भएको, नियम अनुसारको शुल्क नतिरेको, धितोपत्रवालाहरुको कुनै रकम भुक्तानी नगरिएको भए तत्सम्बन्धी विवरणहरु : सो नभएको ।

ग.१८. गुनासो सुन्ने र समाधान गर्ने प्रक्रिया :

निष्काशित धितोपत्र सम्बन्धि लगानीकर्ताहरुको गुनासो तथा सुझाव सुन्न तथा सो को समाधानका लागि निष्काशन कम्पनी तथा धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको कार्यालयमा एक विशेष कक्षको व्यवस्था गरिएको छ । लगानीकर्ताहरुले देहायको माध्यम मार्फत आफ्नो गुनासो तथा सुझावहरु प्रेषित गर्न सक्नेछन् ।

सि.नं.	विवरण	सम्पर्क नं.	इमेल ठेगाना
१.	निष्काशनकर्ता कम्पनीको तर्फबाट श्री नवराज अधिकारी	४१११७०९ ४१११९४२	info@sarbottamcement.com
२.	निष्काशन तथा बिक्री प्रबन्धकको तर्फबाट श्री छविलाल शर्मा पौडेल	५९७०१३८	info@gicl.com.np
३.	सह-निष्काशन तथा बिक्री प्रबन्धकको तर्फबाट श्री भुवन राज पन्त	४५२५२८०	info@nimbacecapital.com
४.	सह-निष्काशन तथा बिक्री प्रबन्धकको तर्फबाट श्री बासु थपलिया	४१६९१०० ५७०२००	info@prabhucapital.com

ग.१९. नगद नलिई कसैलाई धितोपत्र निष्काशन गरिएको छ भने त्यस्तो व्यक्ति वा समूहको नाम, खरिद गरिएको सम्पत्ति वा सेवा सम्बन्धी विवरण, निष्काशन गरिएको धितोपत्रको संख्या र दर सम्बन्धी विवरण : सो नभएको ।

ग.२०. ऋणपत्र निष्काशन सम्बन्धी विवरण : हालसम्म कम्पनीले ऋणपत्र जारी गरेको छैन ।

ग.२१. अग्राधिकार शेयर निष्काशन सम्बन्धी विवरण : सो नभएको ।

ग.२२. अन्य सामान्य जानकारी :

(क) विशेषज्ञको कुनै राय भएमा, सो को विवरण :

यस विवरणपत्रमा उल्लेखित वित्तीय विवरण तथा प्रक्षेपणको अनुमानहरु तथा आधारहरु गत आ.व. हरुको लेखापरिक्षण भैसकेका वित्तीय विवरणहरु, उद्योगको लागत तथा उत्पादित वस्तुको स्वेदशी तथा विदेशी बजार हिस्सा, उद्योगको उत्पादन क्षमता, बिक्री एजेन्टहरुसँग भएका सम्झौताहरु, बैंकबाट लिइएका कर्जाहरु, नयाँ बजारको खोजी, कम्पनीका सञ्चालक तथा व्यवस्थापनको दक्षता र कम्पनीले प्राप्त गरेको हालसम्मको कार्य प्रगतिको आधारमा पुनरावलोकन गरी विवरण ठीक छ भनी प्रमाणित गर्ने चार्टर्ड एकाउण्टेण्ट संस्था श्री सुभाष एण्ड कम्पनी, चार्टर्ड एकाउन्टेण्ट्स, चार्टर्ड एकाउण्टेण्ट्, काठमाण्डौले प्रमाणित गर्नु भएको छ ।

